# खुला दिसामुक्त नेपाल यात्रा वृत्तान्त



खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर राष्ट्र घोषणा समारोह,
२०७६ असोज १३ को अवसरका सामग्रीहरूको सँगालो सहितको पुस्तिका
वि.सं. २०७७

# खुला दिसामुक्त नेपाल
# यात्रा वृत्तान्त




खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर राष्ट्र घोषणा समारोह,
२०७६ असोज १३ को अवसरका सामग्रीहरूको सँगालो सहितको पुस्तिका

वि.सं. २०७७

**प्रकाशक** :

**राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, नेपाल**

ढल व्यवस्थापन तथा वातावरणीय सरसफाइ शाखा

खानेपानी तथा ढल व्यवस्थापन विभाग

खानेपानी मन्त्रालय

**सर्वाधिकार** : प्रकाशक

**उद्धरण** : राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, नेपाल (२०७७),
खुला दिसामुक्त नेपालः यात्रा वृत्तान्त

**प्रकाशित संख्या** : १,००० प्रति

**प्रकाशन मिति** : २०७७ असोज १३

# प्राक्कथन

नेपालमा सन् १९८० देखि औपचारिक रूपमा सरसफाइ प्रवर्धनको थालनी भए तापनि विगत दुई दशकदेखि सक्रियताका साथ अघि बढेको सरसफाइको यात्रा उल्लेखनीय रह्यो । यो अवधिमा देश खुला दिसामुक्त बन्न सफल भएको छ । अर्थात जथाभावी खुला स्थानमा दिसा गर्ने अस्वस्थकर र शरमपूर्ण अवस्थाबाट हामी चर्पीमा दिसा पिसाब गर्ने व्यवस्थित र सुरक्षित परिवेशमा पुगेका छौं ।

समाजमा युगौंदेखि व्याप्त कुप्रथा, समुदायमा भाङ्गिएको अनुदानमुखी प्रवृत्ति, चेतनाको अभाव, गैर नतिजामुखी कार्यपद्धति तथा चर्पीको उचित प्रयोग र सम्भार प्रतिको उपभोक्ताको चरम बेवास्ता लगायतका कैयौं कारणहरू खुला दिसामुक्त अवस्था हासिल गर्ने यात्रामा तगारा बनेका थिए । त्यसैले देशव्यापी सरसफाइ अभियान जति महत्वपूर्ण र महत्वाकांक्षी थियो, त्यो भन्दा बढी चुनौतीपूर्ण र कठीन पनि थियो । तर जस्तोसुकै विषम परिस्थितिमा पनि उत्साही पाइलाहरू रोकिएनन् । फाट्टफुट्ट र एकल प्रयासबाट हुँदै गरेका कामहरूलाई नेपाल सरकारले सरसफाइ गुरूयोजना २०६८ को कार्यान्वयनद्वारा एकीकृत गर्न सफल भयो ।

सरसफाइ कार्यक्रमले क्रमिक रूपमा देशव्यापी सरसफाइ सामाजिक अभियानकै रूप लिंदै गयो । सरसफाइका अचेतनारूपी अँध्याराहरू क्रमशः चिरिंदै गए । यो अभियान सशक्त बन्दै गयो र अन्ततः आज नेपाल खुला दिसामुक्त देश बन्न सफल भएको छ । खुला दिसामुक्त राष्ट्र घोषणा पश्चात पूर्ण सरसफाइको पहिलो शर्त पूरा भएको छ । यसरी आज हामी सम्पूर्ण नेपालीले गौरवपूर्ण यात्राको पहिलो खुड्किलो टेक्न सफल भएका छौं । यस उपलब्धिलाई दिगो राख्दै पूर्ण सरसफाइको अवस्था हासिल गर्ने अझ चुनौतीपूर्ण जिम्मेवारी भने हाम्रो काँधमा छ । यसका लागि तीनै तहका सरकार र समुदाय बीचको सहकार्य र साझेदारी अझ बढी आवश्यक रहेको छ ।

यो गौरवपूर्ण यात्रा कसरी अघि बढ्यो, अभियानका क्रममा देखा परेका व्यवधानहरू छिचोल्नका लागि के कस्ता प्रयास गरिए, सरकारले के कस्ता नीति र रणनीतिहरूको अवलम्बन गरेर यो अभियानलाई अघि बढायो, सरकारका विभिन्न निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, नागरिक समाज, संघ संस्था र आम नागरिकहरूले यो अभियानमा कसरी ईंटा थप्ने काम गरे र सञ्चार माध्यमको भूमिका कस्तो रह्यो भन्ने कुराको सिंहावलोकन र विश्लेषणले हामीलाई भविष्यमा राष्ट्रिय महत्वका यस्तै अन्य अभियान सफलतापूर्वक सञ्चालन गर्न अनुभव र उर्जा दिनेछ । सरसफाइ अभियानका क्रममा हासिल भएका अनुभवहरू, गरिएका सहकार्यहरू, अवलम्बन गरिएका विधिहरू र समुदायहरू खुला दिसामुक्त भएपछि त्यसबाट के कस्ता प्रत्यक्ष र परोक्ष प्रभावहरू देखा परेका छन भन्ने कुरालाई कुनै एउटा ग्रन्थमा समेटन सजिलो छैन । तथापि, यस स्मारक पुस्तिकामा यो गौरवपूर्ण यात्राका महत्वपूर्ण कोसे ढुङ्गाहरूलाई समेट्ने प्रयास गरिएको छ ।

सन २०१५ को विनाशकारी भूकम्प, बाढी, पहिरो जस्ता प्राकृतिक विपत्तिले गर्दा यो अभियानलाई धेरै पछि धकेलेको वास्तविकता हाम्रा सामुन्ने घाम जस्तै छर्लङ्ग छ । शतप्रतिशत उपलब्धि हासिल हुनै लागेको बेलामा खासगरी भूकम्पले १४ जिल्लामा र तराईका जिल्लामा बाढीले असर पुऱ्यायो । ती जिल्लामा फेरि लगभग शून्यको अवस्थाबाट काम शुरु गरेर पनि आज आई पुग्दा खुला दिसामुक्त अवस्थाको यो उपलब्धि आफैंमा अद्वितीय हो ।

सरसफाइ गुरूयोजना २०६८ मा देशलाई सन् २०१७ भित्र खुला दिसामुक्त बनाउने राष्ट्रिय लक्ष्य निर्धारित गरिएको भएतापनि उल्लिखित व्यवधानहरूले गर्दा खुला दिसामुक्त घोषणाको मिति पछि सर्न पुग्यो । यसले अभियानमा अल्पविराम मात्र लाग्यो, पूर्ण विराम भने लाग्न सकेन । फलस्वरूप सन् २०१९ भित्र नेपाल विश्व रङ्गमञ्चमा आफूलाई खुला दिसामुक्त बनेर पत्रक पहिचान दिन सफल बनेको छ । नेपाल खुला दिसामुक्त राष्ट्रका रूपमा घोषित हुनु हाम्रा लागि गौरवको विषय त हो नै, यसबाट हामी सबै मिलेर सहकार्य गर्दै अघि बढेको खण्डमा जस्तोसुकै चुनौतीपूर्ण काम पनि सफल बनाउन सक्ने रहेछौं भन्ने आत्मविश्वासको भाव पनि पैदा भएको छ ।

घर घरबाट शुरु भएको यस अभियानले नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को परिकल्पनालाई साकार बनाउने दिशामा महत्वपूर्ण योगदान दिएको छ । गौरवपूर्ण यात्राको पहिलो खुड्किलो पार गर्दा हामी साँच्चै रोमाञ्चित र गौरवान्वित बन्न पुगेका छौं । खुला दिसामुक्त हुँदै पूर्ण सरसफाइको यात्रामा नेपाल सरकारसँग सहकार्य गर्ने सम्पूर्ण सरोकारवालाहरू एवं समुदाय धन्यवादका पात्र हुनुहुन्छ ।

नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने यस महत्वपूर्ण अवसरमा प्रकाशित यो पुस्तिका विगतको अभिलेख, वर्तमानको दर्पण र भविष्यको पथ प्रदर्शक बन्ने कुरामा हामी विश्वस्त छौं । यस पुस्तिकालाई सरसफाइमा देशले हासिल गरेको महान् उपलब्धिलाई दर्शाउने एक जीवन्त अभिलेख बनाउने प्रयास गरिएको छ । त्यसैले यो पुस्तिका आम पाठकका साथै नेपालको सरसफाइ अभियान सम्बन्धी अनुसन्धाता, शोधकर्ता एवं विद्यार्थीहरूका लागि पनि उपयोगी सन्दर्भ सामग्री हुने कुरामा हामी विश्वस्त छौं ।

खुला दिसामुक्त नेपालको यात्रा वृत्तान्तको यो गौरव गाथा दुई खण्डमा विभक्त छ । पहिलो खण्डमा खुला दिसामुक्त अवस्थाको परिचयदेखि लिएर नेपालमा सरसफाइको विकासक्रम कसरी प्रारम्भ भएर अघि बढ्यो, के कस्ता नीतिगत तथा संस्थागत प्रावधानहरू तर्जुमा गरिए, सरसफाइ प्रवर्धनका के कस्ता प्रक्रिया र औजारहरूको अवलम्बन गरियो र राज्य, नागरिक समाज र विकास साभेदारहरू बीचको सहकार्य कसरी अघि बढ्यो भन्ने कुराहरूलाई समेटिएको छ ।

यसैगरी सरसफाइ प्रवर्धनमा सञ्चार माध्यमसँगको सहकार्य तथा ज्ञान व्यवस्थापन, सरसफाइ प्रवर्धनको प्रवृत्ति, सरसफाइ अभियानले समाजमा पारेका वहुआयामिक प्रभावहरू, सामना गर्नु परेका अवरोध र चुनौतीहरू तथा खुला दिसामुक्त अवस्थाको दिगोपनलाई पनि यस खण्डमा समेटिएको छ । देशव्यापी रूपमा सञ्चालित खुला दिसामुक्त अभियानका क्रममा हासिल भएका उपलब्धिहरूलाई शब्दचित्रकै माध्यमबाट दर्शाउन केही प्रतिनिधि घटना अध्ययनहरूलाई पनि यस खण्डमा समेटिएको छ ।

दोस्रो खण्डमा देश खुला दिसामुक्त घोषणा भएको ऐतिहासिक दिनको अभिलेखीकरण गरिएको छ । घोषणा तयारीका क्रममा सञ्चालित क्रियाकलापहरू, प्रवर्धनात्मक क्रियाकलापहरू, घोषणासभाका अन्य क्रियाकलापहरू तथा घोषणासभाका मुख्य अतिथि एवं सम्माननीय प्रधानमन्त्रीज्यू तथा अन्य विशिष्ट महानुभावहरूबाट व्यक्त विचारलाई समेटिएको छ । पुस्तिकाको अनुसूचीमा सरसफाइ अभियान र घोषणासभाका महत्वपूर्ण तस्वीर तथा खुला दिसामुक्त जिल्लाहरूको घोषणा मिति लगायतका विवरण उल्लेख गरिएको छ ।

यो पुस्तिका तयार गर्न धेरै महानुभावहरूको सिर्जनशीलता र योगदान रहेको छ । श्री भरत अधिकारीले यो पुस्तिका लेखन तथा विषयवस्तु एवं भाषा सम्पादनमा महत्वपूर्ण योगदान दिनु भएको छ । त्यसैगरी श्री कमल अधिकारीले पुस्तिकाका विषयवस्तुहरूको तयारी, विश्लेषण र सम्पादनमा विशिष्ट भूमिका निर्वाह गर्नु भएको छ । पुस्तिका तयारीका क्रममा श्री चन्द्र कुमार पाँ श्रेष्ठ, श्री देवेन्द्र कुमार भत्र, श्री भोजेन्द्र अर्याल, श्री मदन कुमार मल्ल, श्री नमराज खत्री र श्री विपिन पौडेलबाट प्राप्त सुझाव, पृष्ठपोषण र सहयोगले ठूलो महत्व राखेको छ । यस पुस्तिकाको सम्पादनमा श्री रमेश सुवेदीले उल्लेख्य योगदान पुऱ्याउनु भएको छ । यसैगरी श्री गेहनाथ गौतम, श्री रतन बुढाथोकी, श्री राजेश मानन्धर, श्री सुरेन्द्रबाबु ढकाल र श्री गोविन्द बहादुर श्रेष्ठ लगायतका अभिलेखीकरण कार्य समूहका अन्य सदस्यहरू एवं खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रका विज्ञहरूबाट ठोस रूपमा पृष्ठपोषण र सहयोग प्राप्त भएको छ ।

अन्त्यमा राष्ट्रिय सरसफाइ अभियान सञ्चालन गर्न उल्लेखनीय योगदान दिने सबै नेपाली एवं अन्तर्राष्ट्रिय समुदाय तथा सरोकारवालाहरू एवं यो पुस्तिका र यसमा समावेश भएका घटनाहरू तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएका विज्ञ एवं समुदाय तहका अभियन्ताहरू एवं यस पुस्तिकाका लागि आवश्यक फोटोहरू उपलब्ध गराउने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद र बधाई ज्ञापन गर्दछौं ।

**राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपाल**
२०७७

# धन्यवाद र आभार

नेपाल सरकारको नेतृत्वमा विकासका साझेदार, नागरिक समाज तथा प्रत्येक नागरिकको लामो र अथक प्रयासबाट हामीले देश खुला दिसामुक्त घोषणा भएको गौरवमय अवसरको साक्षी बन्ने अवसर पाएका छौं । पूर्ण सरसफाइतर्फको यात्रामा अघि बढदा हामीले टेकेको यो खुड्किलोले हामीलाई अघि बढ्ने हौसला प्रदान गरेको छ ।

खुला दिसामुक्त अभियानको यात्रामा चेतनाको अभाव, परम्परागत मान्यता, विपन्नता जस्ता अनेकौं व्यवधान रहेका थिए, ती सबैलाई चिर्दै अघि बढ्ने काम सजिलो थिएन । त्यसमाथि विनाशकारी भूकम्प र बाढी जस्ता प्राकृतिक विपत्तिहरुले सम्पन्न भइसकेका कामहरू पनि पुनः शून्यको अवस्थामा पुगेको हामीले भोगेकै अवस्था हो । तर यस्ता व्यवधानहरूका वावजुद हामीले देशलाई खुला दिसामुक्त गर्ने लक्ष्य हासिल गरेका छौं । यो अभियान सदैव राजनीतिक पूर्वाग्रहबाट मुक्त भएर अघि बढ्यो । यस क्रममा भएका राजनीतिक प्रतिबद्धता नै सरसफाइ अभियानको सफलताको सबैभन्दा बलियो आधार बन्न पुगेको छ ।

नेपालको संविधानद्वारा नागरिकको मौलिक हकका रूपमा प्रदत्त 'खानेपानी र सरसफाइको सुविधा' को प्रत्याभूतिका लागि यो ऐतिहासिक उपलब्धि महत्वपूर्ण कदम हो । दिगो विकास लक्ष्य हासिल गर्ने अर्को चुनौतीपूर्ण यात्रालाई पनि यस उपलब्धि र पूर्ण सरसफाइतर्फको हाम्रो अग्रगमनले सहज बनाउने कुरामा हामी ढुक्क छौं । यसका साथै सरकारले लिएको 'सम्वृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय लक्ष्य हासिल गर्न खुला दिसामुक्त राष्ट्र एक मजबुत आधार बनेको छ ।

यिनै उपलब्धिहरूका मूलभूत प्रसङ्गहरूलाई समेटेर तयार पारिएको यो पुस्तिका नेपालको सरसफाइ क्षेत्रको एक महत्वपूर्ण सम्पदा हुन पुगेको मैले महशुस गरेको छु । खुला दिसामुक्त अभियानको यस महान् यात्राका समस्त यात्रीहरू लगायत उक्त यात्राको वृतान्तका रूपमा तयार पारिएको यो पुस्तिका तयार पार्न योगदान दिनु हुने सबैलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै नेपाललाई खुला दिसामुक्त राष्ट्र बनाउने कार्यमा योगदान दिनु भएका संघ, प्रदेश, जिल्ला र स्थानीय सरकार तथा सबै तहका सरोकारवालाहरू, राजनीतिक दलहरू एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा समारोहमा प्रमुख अतिथिका रूपमा समुपस्थित भई सरसफाइको श्रीवृद्धिमा लागि पर्न हामीलाई थप हौसला र उत्प्रेरणा दिनु भएकोमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली ज्यूमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु ।

..................

बीना मगर

मन्त्री

खानेपानी मन्त्रालय

# धन्यवाद र आभार

अन्तर्राष्ट्रिय खानेपानी र सरसफाइ दशक (१९८१-१९९०) को प्रारम्भसँगै औपचारिक रूपमा थालनी भएको नेपालको सरसफाइ प्रवर्धनको अभियानले अनेकन आरोह अवरोह पार गर्दै आज महत्वपूर्ण कोसे ढुङ्गासम्मको यात्रा तय गरेको छ। सरसफाइको आधारभूत शर्तका रूपमा रहेको खुला दिसामुक्त नेपाल घोषणा गरेर हामी सम्पूर्ण नेपालीहरू गौरव र आत्मसम्मानको भावले ओतप्रोत भएका छौं।

सन १९८० मा केवल २ प्रतिशत जनसंख्याले चर्पी उपयोग गर्ने गरेको अवस्थाबाट वर्तमानमा आइपुग्दा सम्पूर्ण नेपालीहरूको घरमा चर्पी निर्माण र प्रयोग हुन थाल्नु ठूलो उपलब्धि हो। यो चार दशकको अवधिमा मुलुकमा महत्वपूर्ण राजनैतिक परिवर्तनहरू भए भने मुलुकले शताब्दीकै विनाशकारी प्राकृतिक विपत्तिहरू समेत भोग्नु पर्‍यो। तर यी सबै अवस्थाहरूका बीच पनि मुलुकको सरसफाइ अभियान अविच्छिन्न रूपले अघि बढिरह्यो, जसमा यस अभियानको नेतृत्वकर्ता नेपाल सरकार लगायत यस क्षेत्रमा संलग्न विकास साझेदार, अभियन्ता तथा सम्पूर्ण सरोकारवालाहरूको गहन प्रतिबद्धता रहेको थियो।

खासगरी सरसफाइ गुरूयोजना २०६८ को कार्यान्वयनसँगै 'एक घर, एक चर्पी' को नीति अवलम्बन गरी खुला दिसामुक्त नेपाल बनाउने लक्ष्य प्राप्तिका लागि राज्यको क्रियाशीलता र अगुवाईमा सामूहिक अभियान सञ्चालन भयो। यस अभियानकै प्रेरणामा नेपालको संविधानमा खानेपानी र सरसफाइका सुविधालाई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित हुन पुग्यो, जसले एकातिर विश्वमै जनस्वास्थ्य प्रतिको हाम्रो संविधानको दूरदर्शिता झल्काउँछ भने अर्कातिर नागरिकको मौलिक हकको जगेर्ना समेत गर्दछ। तथापि, सरसफाइ प्रवर्धनमा नागरिकको कर्तव्यको ठूलो भूमिका रहेको हुन्छ। नेपालको खुला दिसामुक्त अभियानका महत्वपूर्ण घटनाक्रम, नीतिगत प्रावधान तथा रणनैतिक सोच एवं खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा समारोह, २०७६ असोज १३ को अवसरका सामग्रीहरूको सँगालोलाई एउटै संग्रहमा समेटेर तयार भएको यो पुस्तिका साँच्चै नै सरसफाइको गौरवपूर्ण यात्राको शब्दचित्रका रूपमा प्रस्तुत भएको छ। यस सन्दर्भमा म खुला दिसामुक्त नेपालको यो गौरवपूर्ण यात्राका सहयात्रीहरू एवं यो पुस्तिकालाई ज्यादै लगनशीलताका साथ यस रूपमा ल्याउन भूमिका निर्वाह गर्ने सबै विज्ञहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

देशलाई खुला दिसामुक्त अवस्थामा पुर्‍याउने कार्यका साथै घोषणा समारोह आयोजना गर्न उल्लेखनीय योगदान पुर्‍याउनु भएका खानेपानी मन्त्रालयका पूर्व सहसचिव एवं राष्ट्रिय सरसफाइ समन्वय समितिका अध्यक्ष श्री चन्द्र बहादुर के.सी, खानेपानी मन्त्रालयका सहसचिव एवं खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा समारोह तयारी समूहका तत्कालीन संयोजक श्री सुनिल कुमार दास एवं उक्त समूहका सदस्यहरू, घोषणा समारोह सचिवालयका पदाधिकारीहरू लगायत नेपाललाई खुला दिसामुक्त राष्ट्र बनाउने कार्यमा योगदान दिनु भएका राष्ट्रिय सरसफाइ निर्देशन समिति, राष्ट्रिय सरसफाइ समन्वय समिति एवं प्रदेश, जिल्ला र पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका पदाधिकारीहरू, नेपाल सरकारका निकायहरू, खानेपानी तथा ढल व्यवस्थापन विभागका पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारीहरू, विकास साझेदारहरू, सरोकारवालाहरू,

सञ्चारकर्मी, स्वास्थ्यकर्मी, शिक्षक एवं विद्यार्थी, खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका पधाधिकारी एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरूमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु । खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणाका लागि हामीलाई मार्गदर्शन दिनु भएकोमा माननीय खानेपानी मन्त्री बीना मगर ज्यूमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु । साथै अबका दिनमा पूर्ण सरसफाइको यात्रातिर सक्रियतापूर्वक अग्रसर हुन समेत सबैमा हार्दिक अनुरोध गर्दछु ।

..............................

माधव बेल्बासे

सचिव, खानेपानी मन्त्रालय

(अध्यक्ष, राष्ट्रिय सरसफाइ निर्देशन समिति, नेपाल)

# धन्यवाद र आभार

नेपाललाई खुला दिसामुक्त राष्ट्र बनाउने अभियानमा विगतमा सरसफाइ प्रवर्धनका लागि गरिएका नीतिगत प्रावधानहरू, पहलहरू एवं प्रवर्धनात्मक कार्यहरूको व्यवस्थित दस्तावेजको रूपमा राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपालको नेतृत्वमा यो पुस्तिका तयार भएकोमा मलाई अत्यन्त हर्ष लागेको छ। सरसफाइको यो ऐतिहासिक दस्तावेज तयारीमा योगदान दिनुहुने सम्पूर्ण महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ। यस पुस्तिकामा समावेश भएका सिकाईहरूको समुचित प्रयोग मार्फत आगामी दिनमा देशमा पूर्ण सरसफाइ मार्फत दिगो विकासको लक्ष प्राप्तिमा समेत ठोस योगदान पुग्नेमा म विश्वस्त छु।

सरसफाइ गुरुयोजना २०६८ मा हस्ताक्षर गरी सरसफाइ प्रवर्धनको राष्ट्रिय अभियानमा सामूहिक प्रतिबद्धता व्यक्त गर्ने सम्पूर्ण सरकारी निकायका प्रतिनिधिहरू तथा नेपालको सरसफाइ प्रवर्धनमा जुटेका संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, सरोकारवालाहरू र आम समुदायलाई म यस महत्वपूर्ण अवसरमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। सम्पूर्ण सरोकारवालाहरूको साझेदारी मार्फत नेपालको सरसफाइ क्षेत्रमा उल्लेख्य परिवर्तन हासिल हुन सकेको छ। सरसफाइ प्रवर्धनका लागि हामीले हुर्काएको र संस्थागत गरेको सरोकारवालाहरू बीचको साझेदारीको संस्कृतिले पूर्ण सरसफाइको यात्रालाई पनि जीवन्त बनाउने कुरामा समेत म विश्वस्त छु।

यस पुस्तिका तयारीका अतिरिक्त देशलाई खुला दिसामुक्त घोषणा गर्ने कार्यका लागि योजना तर्जुमा, समन्वय र सहजीकरणमा विशिष्ट योगदान दिनुभएका राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपालका तत्कालीन सदस्य सचिव श्री देवेन्द्र कुमार भट्टलाई विशेष धन्यवाद व्यक्त गर्दछु। साथै नेपाललाई खुला दिसामुक्त राष्ट्र बनाउने कार्यमा महत्वपूर्ण योगदान दिनु भएका सम्पूर्ण नेपाली दाजुभाई, दिदी बहिनी तथा सरोकारवालाहरूमा यस महान् सफलताका लागि हार्दिक बधाई र आभार व्यक्त गर्दछु। साथै यस पुस्तिका तयारीमा सहयोग गर्ने ग्लोबल स्यानिटेसन फण्ड प्रोग्राम, यू.एन. ह्याबिट्याट नेपाललाई धन्यवाद ज्ञापन गर्दछु।

..................

रमाकान्त दुवाडी
सहसचिव, खानेपानी मन्त्रालय
(अध्यक्ष, राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपाल)

# धन्यवाद र आभार

सम्पूर्ण नेपालीहरूको साझा प्रयास र अटुट प्रतिबद्धताका कारण देश खुला दिसामुक्त बन्न पुगेको छ । देशमा विगतमा सञ्चालित खुला दिसामुक्त अभियानका क्रममा अनेकौ सिर्जनात्मक काम र उपयोगी सिकाईहरू हासिल हुन पुगेका छन्, जो भावी दिनहरूमा सरसफाइका सेवा र सुविधाको स्तरोन्नति गरी पूर्ण सरसफाइको अवस्था हासिल गर्न मार्गदर्शन बन्ने छन् भन्ने कुरामा म विश्वस्त छु । यो पुस्तिका देशका पालिकाहरूमा तयार हुन गइरहेको खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी योजना र कार्यक्रमहरू तर्जुमाका लागि समेत महत्वपूर्ण सन्दर्भ सामग्री बन्ने देखिन्छ । पुस्तिका तयारीको पुनीत कार्यमा योगदान दिनुहुने सम्पूर्ण विज्ञहरूलाई हार्दिक धन्यवाद दिँदै नेपाललाई खुला दिसामुक्त राष्ट्र बनाउने महान अभियानमा हातेमालो गर्नु भएका सम्पूर्ण सरोकारवालाहरू, खानेपानी तथा ढल व्यवस्थापन विभागका पदाधिकारीहरू, खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा तयारी कार्य समूहका सदस्यहरू, कार्य सञ्चालन समूह, म्याट टीम, सचिवालय एवं समस्त समुदायमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु ।

.........................

सुनिल कुमार दास

सहसचिव, खानेपानी मन्त्रालय

(खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा समारोह तयारी कार्य समूहका तत्कालीन संयोजक)

# धन्यवाद र आभार

तीनै तहका सरकार, खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, विकास साझेदार संघ संस्था, नागरिक समाज, सञ्चारकर्मी एवं आम समुदायको सहकार्यले नेपाललाई खुला दिसामुक्त राष्ट्र बनाउन सफल भएका छौं । सरसफाइ गुरुयोजना २०६८ मा व्यवस्था भए बमोजिम केन्द्र देखि स्थानीय तह सम्मको संस्थागत विकास, सरोकारवालाहरुको क्षमता विकास र खुला दिसामुक्त अभियान हुँदै पूर्ण सरसफाइ तर्फ लक्षित नेपालको सरसफाइ अभियान कैयन् मौलिक विधि र विशिष्टताहरुले सुसज्जित छ । स्वास्थ्य, प्रतिष्ठा र विकासको मूल मर्मलाई आत्मसात गरेको सरसफाइको यस राष्ट्रिय अभियानले आम समुदायलाई सरसफाइको कमीबाट सिर्जना हुने रोगव्याधिवाट बचाउन र पूर्ण आत्म सम्मानका साथ जीउन सशक्तिकरण गरेको छ । यिनै पक्षलाई उजागर गरी नेपालको खुला दिसामुक्त अभियानको ऐतिहासिक विकासक्रम, प्रक्रिया र सिकाईहरुलाई अभिलेखीकरण गरिएको यस पुस्तिका सम्वन्धित सरोकारवालाहरुको लागि एक महत्वपूर्ण सन्दर्भ सामग्री बन्नेमा म विश्वस्त छु । अन्त्यमा, यस महान् सरसफाइ यात्राका सरोकारवालाहरुलाई हार्दिक धन्यवाद र बधाई ज्ञापन गर्दछु ।


..................

मीना श्रेष्ठ

महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग

# धन्यवाद र आभार

खानेपानी तथा ढल व्यवस्थापन विभागको ढल व्यवस्थापन तथा वातावरणीय सरसफाइ शाखामा अवस्थित राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपालको सचिवालय र यससँग सम्बन्धित राष्ट्रिय सरसफाइ कार्यदल देशको खुला दिसामुक्त अभियान सम्बन्धी योजना तर्जुमा, सहजीकरण र सरोकारवालाहरू बीचको समन्वयमा सदैव क्रियाशील रहेको हामी सबैमा विदितै छ। राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपालको नेतृत्व, यस सचिवालयको सहजीकरण र अभिलेखीकरण कार्य समूहको अगुवाईमा तयार भएको यो पुस्तिकाले सरसफाइका नीतिगत व्यवस्था, सिर्जनशीलता, उपलब्धि र सिकाईहरूको क्रमबद्ध अभिलेखीकरण गरेको छ, जो भोलिका दिनमा सरसफाइमा अनुसन्धान र विकासको एक महत्वपूर्ण आधार समेत बन्ने देखिन्छ। यो पुस्तिका तयार पार्न योगदान दिनु हुने सम्पूर्ण महानुभावहरू एवं सरसफाइको राष्ट्रिय अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपालको सरसफाइ कार्यदलका सम्पूर्ण सदस्यहरू तथा  नेपाललाई खुला दिसामुक्त राष्ट्र बनाई विश्वसामु नेपालीको विशिष्ट चिनारी स्थापित गर्न योगदान दिनु हुने सबै सरोकारवाला एवं समस्त नेपाली दाजुभाई र दिदी बहिनीमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु।



..............................

प्रभात श्रेष्ठ

प्रमुख, ढल व्यवस्थापन तथा वातावरणीय सरसफाइ शाखा, खानेपानी तथा ढल व्यवस्थापन विभाग

(सदस्य सचिव, राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपाल)

# विषयसूची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| **खण्ड १ : खुला दिसामुक्त नेपालको यात्रा** | |
| १.१. पृष्ठभूमि | १ |
| १.२. खुला दिसामुक्त अवस्थाको परिचय | २ |
| १.३. नेपालमा सरसफाइको ऐतिहासिक विकासक्रम र नीतिगत वातावरण | २ |
| १.४. गुरुयोजनाको लक्ष्य र रणनीति | ७ |
| १.५. संस्थागत व्यवस्था र सरोकारवाला निकायहरूबीचको साझेदारी | ८ |
| १.६. सरसफाइ प्रवर्धनको प्रक्रिया | ११ |
| १.७. सरसफाइ प्रवर्धनका औजारहरू | १२ |
| १.८. राज्य, राजनीतिक क्षेत्र र विकास साझेदारको प्रतिबद्धता | १४ |
| १.९. समता, समावेशिता र स्रोत साधन व्यवस्थापन | १५ |
| १.१०. सञ्चार, पैरवी र ज्ञान व्यवस्थापन | १६ |
| १.११. सरसफाइ सम्बन्धी प्रविधिहरू र मानक | १८ |
| १.१२. खुला दिसामुक्त घोषणा प्रक्रिया | २० |
| १.१३. खुला दिसामुक्त अभियानका प्रेरक तत्वहरू | २१ |
| १.१४. सरसफाइ प्रवर्धनको प्रवृत्ति | २५ |
| १.१५. सरसफाइ अभियानका बहुआयामिक प्रभावहरू | २६ |
| १.१६. अवरोध र चुनौती | २८ |
| १.१७ खुला दिसामुक्त अवस्थाको दिगोपन | २९ |
| १.१८ नेपालको सरसफाइ अभियानमा नीहित मौलिक विशिष्टताहरू | ३२ |
| १.१९ खुला दिसामुक्त घोषणा पश्चातको कदम र दिगो सरसफाइ | ३५ |

१.२० घटना अध्ययन ३८

घटना १ - असुर्पा हुँदै काठमाडौंसम्म ३९

घटना २ - कार्कीडाँडा : दिगो सरसफाइको उत्तम उदाहरण ४१

घटना ३ - विद्यालयमा बलेको ज्योतिले छरेको उज्यालो ४३

घटना ४ - चर्पी होइन खर्चिलो, अपाङ्गता भएका व्यक्तिलाई सजिलो ४५

घटना ५ - पाहुना लोभ्याउने बौघागुम्हाको रहस्य ४६

घटना ६ - शरमदेखि गौरवसम्मको २५ दिने यात्रा ४७

घटना ७ - 'हेल्लो चर्पी' ले हल्लायो अटेरी मनहरूलाई ४९

घटना ८ - खुत्रुकेको पैसाले चर्पी बन्यो ५०

घटना ९ - सिर्जनशीलता र सहकार्यको सार्थक परिणाम ५१

घटना १० - सरसफाइ नमूना जिल्ला चितवनदेखि खुला दिसामुक्त नेपालसम्म ५३

घटना ११ - मर्यादित महिनावारी स्वच्छता : खुला दिसामुक्त अभियान र पूर्ण सरसफाइको महत्वपूर्ण कडी ५८

घटना १२ - क्षेत्रगत प्रज्ज्वलन : सरसफाइको क्षेत्रमा गरिएको नेपालको मौलिक प्रयोग ६२

**खण्ड २ : घोषणा तयारी, घोषणा समारोह एवं सिकाई र सन्देश**

२.१ घोषणा तयारी ६७

२.२ घोषणा समारोह ६८

२.३ सिकाई र सन्देश ७४

**अनुसूचिहरू**

अनुसूची-१ : खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा तयारी कार्य समूहका सदस्यहरू ७६

अनुसूची २ : कार्य सञ्चालन समूहका सदस्यहरू र मुख्य जिम्मेवारी ७७

अनुसूची-३ : जिल्लाहरूको खुला दिसामुक्त घोषणा मिति ७९

अनुसूची-४ : सन्दर्भ सामग्रीहरू ८१



# खण्ड १

## खुला दिसामुक्त नेपालको यात्रा

### १.१. पृष्ठभूमि

चर्पीलाई सरसफाइको आधारभूत सूचकका रूपमा मानिन्छ । देशमा सञ्चालित सरसफाइ अभियान अन्तर्गत पक्की संरचना भएका सुरक्षित चर्पी प्रवर्धन गरिएका छन् । घरधुरीको सुरक्षित चर्पीमा रहेको पहुँचका आधारमा सरसफाइको अवस्था (कभरेज) निर्धारिण गरिएको छ । समयक्रमसँगै देशमा खुला दिसामुक्त अवस्था प्राप्तिलाई सरसफाइ प्रवर्धनको पूर्व शर्तका रूपमा लिइएको छ । सरसफाइ गुरूयोजना २०६८ (यसपछि गुरूयोजना भनिएको) अनुसार यदि तोकिएको क्षेत्रमा कुनै पनि समयमा खुला दिसा देखिएन र सबै घरधुरी, विद्यालय र कार्यालयमा सुरक्षित चर्पीमा पहुँच र चर्पीको नियमित प्रयोग छ भने उक्त स्थानलाई खुला दिसामुक्त क्षेत्रका रूपमा घोषणा गर्ने प्रावधान रहेको छ । यसका अतिरिक्त संवेदनशील समयमा घरधुरी, विद्यालय र कार्यालयमा साबुन पानीले हात धुने अभ्यासलाई खुला दिसामुक्त अवस्थाको अभिन्न अङ्गका रूपमा हेरिएको छ ।

सरसफाइलाई स्वास्थ्य, प्रतिष्ठा र विकासको आधार स्तम्भका रूपमा स्थापित गरिएको छ । खुला दिसामुक्त अवस्थाको प्रमुख उद्देश्य दिसा मुखमा पर्ने अवस्थाको अन्त्य गरी दिसाजन्य रोगव्याधिबाट जनस्वास्थ्यको रक्षा गर्नु हो । खुला दिसामुक्त अवस्था प्राप्तिका दुई महत्वपूर्ण पक्षहरू छन् । पहिलो पक्षाले चर्पीमा सुरक्षित रूपमा दिसाको विसर्जन गरी दिसामा भएका कीटाणु र मानिसको बीचमा सम्पर्क हुन नदिई रोगव्याधिको जोखिम नियन्त्रण गर्ने उद्देश्य लिएको छ भने दोस्रो पक्षाले खुला स्थानमा दिसा गर्ने जस्तो शरमपूर्ण अवस्थाको अन्त्य गर्नु रहेको छ । तसर्थ खुला दिसामुक्त अभियान विकास र प्रतिष्ठालाई जोड्ने कसिलो कडी बनेको छ ।

गुरूयोजनाले दिगो रूपमा खुला दिसामुक्त र वातावरणीय सरसफाइ कायम गर्ने उद्देश्य सहितको पूर्ण सरसफाइको परिकल्पना गरेको छ। देशका शतप्रतिशत घरधुरीमा चर्पी निर्माण र प्रयोग एवं खुला स्थानमा दिसा गर्ने अवस्थाको अन्त्य गरी मिति २०७६ असोज १३ गतेका दिन नेपाललाई खुला दिसामुक्त राष्ट्रका रूपमा घोषणा गरिएको छ।

यसका लागि संघ, प्रदेश र स्थानीय सरकार, विकास साझेदार निकाय, विभिन्न क्षेत्रगत सरोकारवालाहरू, विद्यार्थी तथा शिक्षक वर्ग, सञ्चारकर्मी, नागरिक समाज, निजी उद्यमी र आम समुदायको सक्रियता, सृजनशीलता र शक्ति परिचालन भएको छ। सम्पूर्ण नागरिकहरूको अपार सहभागिता र पूर्ण अपनत्वका साथ सञ्चालित खुला दिसामुक्त अभियानको माध्यमबाट नेपालको सामाजिक-सांस्कृतिक समन्वय, विकास र रूपान्तरणमा उल्लेखनीय योगदान पुगेको छ भने खुला दिसामुक्त राष्ट्रका रूपमा घोषणाको ऐतिहासिक दिनदेखि नेपाल पूर्ण सरसफाइको नयाँ युगमा प्रवेश गरेको छ।

## १.२. खुला दिसामुक्त अवस्थाको परिचय

शाब्दिक रूपमा खुला दिसामुक्त अवस्था भनेको कतै पनि खुला ठाउँमा दिसा नगरिएको अवस्था हो । तर यो शब्दावलीमा अन्तर्निहित मर्म भने यतिमा मात्र सीमित छैन। मानिसका कुनै पनि ज्ञानेन्द्रियले महशुस गर्न नसक्ने गरी सुरक्षित रूपमा दिसा पिसाब व्यवस्थापन गरिएको अवस्था नै खुला दिसामुक्त अवस्था हो।

नेपालमा खुला दिसामुक्त अवस्था हासिल गर्ने कार्यको थालनी गुरूयोजना तर्जुमा हुनु भन्दा अघिदेखि भए तापनि गुरूयोजनाले गरेको परिभाषाले खुला दिसामुक्त अवस्थाको व्याख्या गर्दा यदाकदा देखिने विरोधाभाषहरूलाई हटाएको छ। गुरूयोजनाले खुला दिसामुक्त अवस्थालाई पूर्ण सरसफाइको पहिलो चरण मानेको छ। खुला दिसामुक्त भन्नाले खुला रूपमा दिसा नगर्ने अवस्थालाई बुझिन्छ । गुरूयोजना अनुसार कुनै तोकिएको स्थानलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्न देहायका सूचक (आधार) हरू कायम भएको हुनु पर्छ :

☞ तोकिएको क्षेत्रमा कुनै पनि समयमा खुला दिसा नदेखिनु,

☞ सुधारिएको सरसफाइ (चर्पी) सुविधामा सबै घरधुरीको पहुँच हुनुका साथै ती सुविधाहरूको पूर्ण सदुपयोग, सञ्चालन र मर्मत सम्भार हुनु, र

☞ तोकिएको क्षेत्र भित्रका सबै सार्वजनिक संघ संस्थाहरू जस्तै विद्यालय, कार्यालयहरूमा चर्पी उपलब्ध हुनु।

खुला दिसामुक्त अभियानका क्रममा प्रारम्भमा कतिपय स्थानहरूमा खाल्डे चर्पीलाई समेत मान्यता दिइएको पाइन्छ। तर खाल्डे चर्पीमा गरिएको दिसा मानिसका ज्ञानेन्द्रियहरू (आँखा, नाक र मुख) को संसर्गबाट टाढा नहुने अर्थात त्यस्तो दिसा देखिने, त्यसको गन्ध महशुस हुने र त्यहाँ भएको दिसा झिंगा वा अन्य जीव वा माध्यमबाट मानिसको मुखमा पर्न सक्ने र वातावरणीय स्वच्छतामा समेत त्यसको नकारात्मक असर पर्ने भएकाले गुरूयोजनाले यस्तो चर्पी प्रयोगलाई निरुत्साहित गरेको देखिन्छ। गुरूयोजनाले निर्दिष्ट गरेअनुसार सरसफाइ प्रवर्धनमा संलग्न संघ संस्थाहरूले प्रत्येक घरहरूमा साइफन जडित प्यान भएको पक्की चर्पी बनाएर प्रयोग गर्नका लागि समुदायलाई प्रेरित गरेका कारण खुला दिसामुक्त अभियान अन्तर्गत बनेका यस्ता चर्पीहरू औसतमा गुणस्तरीय र टिकाउ बनेको पाइयो।

## १.३. नेपालमा सरसफाइको ऐतिहासिक विकासक्रम र नीतिगत वातावरण

सरसफाइ मानव सभ्यताको विकासक्रम सँगै देखापरेको अपरिहार्य प्रक्रिया हो । तथापि अन्तर्राष्ट्रिय खानेपानी र सरसफाइ दशक (१९८१-१९९०) को थालनी भएपछि मात्र हाम्रो देशमा औपचारिक रूपमा सरसफाइ प्रवर्धनको

थालनी भएको हो । राष्ट्रिय सरसफाइ नीति १९९४ ले सरसफाइलाई चर्पी निर्माणको कार्य मात्र नभई स्वच्छता प्रवर्धन र जनस्वास्थ्यको सुधारका लागि गरिने विभिन्न क्रियाकलापहरूको समष्टि हो भनी सरसफाइको दायरा विस्तार गऱ्यो ।


देशमा सन् २००० देखि विद्यालय सरसफाइ कार्यक्रम कार्यान्वयन गर्न थालिएको हो भने यसै वर्षदेखि राष्ट्रिय सरसफाइ सप्ताह मनाउने प्रचलनको समेत थालनी भएको हो । यसैगरी सन् २००३ देखि देशका केही समुदायहरूमा परीक्षणका रूपमा समुदायको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रम शुरु भयो भने सन् २००५ देखि विद्यालयको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन भयो । यी पहलहरूले गर्दा देशव्यापी रूपमा सरसफाइ सम्बन्धी सचेतना फैलाउन, विद्यालयमा प्रयोगकर्तामैत्री खानेपानी, शौचालय र साबुन पानीले हात धुने सुविधाहरूको प्रवर्धन गर्न र समुदायलाई खुला दिसामुक्त बनाउन उल्लेखनीय योगदान पुगेको देखिन्छ । यसका साथै चितवन, तनहुँ र कास्की जिल्लालाई सरसफाइ नमूना जिल्लाका रूपमा प्रवर्धन गर्ने कार्यको थालनीसँगै देशमा खुला दिसामुक्त घोषणा गर्ने कार्यले व्यापकता पायो । सरसफाइ सम्बन्धी नवीन र सृजनशील क्रियाकलापहरूको परीक्षण, प्रयोग, प्रवर्धन र विस्तारका दृष्टिले चितवन जिल्लालाई सरसफाइको प्रयोगशाला मान्न सकिन्छ, जहाँ सरसफाइका कैयौं नवीन र सृजनात्मक पहलहरूको सूत्रपात भयो र तिनले समयक्रमसँगै फस्टाउने मौका पाए ।

सन २००३ देखि सुरू भएको दक्षिण एशियाली मन्त्रिस्तरीय सरसफाइ सम्मेलन (साकोसान) का शृङ्खलाहरूले यस क्षेत्रको सरसफाइ प्रवर्धनका लागि केही ठोस नीतिगत आधारहरू तयार गरे । परिणामस्वरूप साकोसान सदस्य राष्ट्रहरूमा आफ्ना सम्पूर्ण नागरिकलाई आधारभूत सरसफाइ र सुरक्षित खानेपानीको सुविधामा पहुँच पुऱ्याउने लक्ष्य किटान, सरसफाइ प्रवर्धनका प्रभावकारी पद्धतिको अवलम्बन, नागरिक समाजको क्रियाशीलतामा विस्तार गरी नागरिकहरूको अपेक्षा र आवाजलाई नीतिमा समेटियो । यही क्रममा चेतनशील बन्दै गरेका नेपाललगायत अन्य देशका नागरिकहरूले खानेपानी र सरसफाइ व्यक्तिको अधिकारका रूपमा स्थापित हुनपर्छ भन्ने आवाज उठाए । जसलाई साकोसानका लागि तयार पारिने राष्ट्रिय कार्यपत्रमा समेटियो ।

त्यसैगरी सन् २००८ मा भारतको नयाँ दिल्लीमा आयोजना गरिएको दक्षिण एशियाली तेस्रो मन्त्रिस्तरीय सरसफाइ सम्मेलनको पूर्वसन्ध्यामा आयोजित नागरिक समाजहरूको भेला (जसलाई पूर्व साकोसान भनिएको थियो) ले खानेपानी र सरसफाइका सुविधालाई नागरिकको अधिकारका रूपमा स्थापित गर्नुपर्छ भन्ने सिफारिस नेपाल लगायत दक्षिण एशियाली राष्ट्रहरूका लागि नै सरसफाइ र खानेपानीलाई अधिकारका रूपमा स्थापित गराउने अभियानमा एक कोसेढुङ्गा बन्न पुग्यो ।

सन २००८ मा विश्वव्यापी रूपमा मनाइएको अन्तर्राष्ट्रिय सरसफाइ वर्षसँगै देशमा सरसफाइ प्रवर्धनले नयाँ उर्जा, गति र उचाई हासिल गर्न पुग्यो । नेपाल सरकारद्वारा अन्तर्राष्ट्रिय सरसफाइ वर्ष सम्बन्धी नेपालको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको थियो । उक्त योजना अनुरूप राज्यद्वारा सरसफाइलाई विकास निर्माणको राष्ट्रिय एजेण्डाका रूपमा मान्यता प्रदान गरियो । त्यसै वर्ष गुरूयोजनाको तर्जुमा र एकल सरसफाइ कार्यक्रम कार्यान्वयनका लागि छुट्टै बजेट व्यवस्थापन गर्ने कार्यको थालनी भयो । गुरूयोजनाको कार्यान्वयनसँगै 'एक घर, एक चर्पी' को नीति अवलम्बन गरी खुला दिसामुक्त नेपाल बनाउने लक्ष्य प्राप्तिका लागि राज्यको क्रियाशीलता र अगुवाईमा सरसफाइको सामूहिक अभियान सञ्चालन भयो । स्मरणीय छ, विगतदेखि चलेको प्राविधिक सोचबाट अघि बढ्दै समाजशास्त्रीय र मानवशास्त्रीय दृष्टिकोण समेतको अवलम्बन भई नेपालको खुला दिसामुक्त अभियानमा नयाँ आयाम र थप शक्ति

(सिनर्जी) पैदा भएको छ । खुला दिसामुक्त अवस्था कायम गरी पूर्ण सरसफाइको अवस्था हासिल गर्ने हेतुले सन् २०१२ मा पूर्ण सरसफाइ नमूना गाउँ विकास प्रवर्धन कार्यक्रम र पछि पूर्ण सरसफाइ मार्गदर्शन २०७३ को तर्जुमा र कार्यान्वयन भएको छ । नेपाल खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्र विकास योजना (२०१६-२०३०) को मस्यौदाले क्षेत्रगत विकास मार्फत समृद्धि हासिल गर्ने लक्ष्य बोकेको छ । राष्ट्रिय गुणस्तर मापदण्ड अनुरूपको खानेपानी प्रवर्धन गर्ने हेतुले देशमा खानेपानी सुरक्षा योजनाको विस्तार गरिएको छ । नेपालका शहरी क्षेत्रमा दिसाजन्य लेदो व्यवस्थापनका लागि संस्थागत र नियामक खाका २०१८ तर्जुमा भएको छ । यसका साथै केही फोहोर पानी प्रशोधन प्रणालीहरूलाई लक्षित गरी सरसफाइ सुरक्षा योजनाको नमूना परीक्षण गर्ने कार्यको पनि थालनी गरिएको छ । सन् २०१८ मा मर्यादित महिनावारी राष्ट्रिय नीतिको मस्यौदा तयारी भई महिनावारी स्वास्थ्य तथा स्वच्छता सञ्जाल एवं सरोकारवालाहरू मार्फत सो सम्बन्धी पैरवी र सचेतनाका क्रियाकलापहरू सञ्चालित छन् । करीव चार दशकको अनुकूल नीतिगत र प्रवर्धनात्मक प्रयासहरू (तालिका नं. १) मार्फत समतामूलक र समावेशी तवरले खुला दिसामुक्त अवस्था हासिल गर्ने कार्य देशव्यापी रूपमा विस्तार भई सन् २०१९ मा नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा हुन पुग्यो ।





### तालिका नं १ : सरसफाइ सम्बन्धी नीतिगत र प्रवर्धनात्मक प्रयासहरू

| वर्ष (सन) | महत्वपूर्ण थालनी | मुख्य प्रयास र उपलब्धिहरू |
|---|---|---|
| **क. अन्तर्राष्ट्रिय खानेपानी तथा सरसफाइ दशकको अवधि** (१९८१-१९९०) | | |
| १९८१ | अन्तर्राष्ट्रिय खानेपानी तथा सरसफाइ दशक | विकेन्द्रीकृत प्रक्रिया अनुरूप खानेपानी र सरसफाइका क्रियाकलापहरूलाई एकीकृत रूपमा सञ्चालन गरी सरसफाइ र स्वच्छता एवं वातावरणीय सरसफाइ प्रवर्धन गर्नका लागि अनुकूल वातावरण सिर्जना हुन पुगेको । |
| **ख. सहस्राब्दी विकास लक्षको अवधि** (१९९१-२०१५) | | |
| १९९४ | राष्ट्रिय सरसफाइ नीति | सरसफाइ र स्वच्छतालाई जनस्वास्थ्य प्रवर्धनको महत्वपूर्ण आधारका रूपमा स्थापित गरिएको । |
| १९९९ | विद्यालय सरसफाइ कार्यक्रम | विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी बाल मैत्री, अपांगता भएका व्यक्ति मैत्री र लैङ्गिक मैत्री सुविधा प्रवर्धनमा उल्लेखनीय योगदान पुगेको । |
| २००० | राष्ट्रिय सरसफाइ सप्ताह अभियान | सरसफाइ सम्बन्धी देशब्यापी पैरवी र सञ्चारका लागि मजबुत आधार तयार भएको । |

| | | |
|---|---|---|
| २००३ | समुदायको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रम | प्रज्ज्वलन (ट्रिगरिङ) का औजारको प्रयोग मार्फत समुदायमा अनुदान रहित तवरले चर्पी निर्माण र खुला दिसामुक्त अवस्था हासिल गर्ने कार्यमा योगदान पुगेको । |
| २००३ | सरसफाइ सम्बन्धी दक्षिण एशियाली सम्मेलन | प्रत्येक दुई वर्षको अन्तरालमा सञ्चालित यस सम्मेलन मार्फत सरसफाइ प्रवर्धनमा राज्यको प्रतिबद्धतामा वृद्धि हुँदै खुला दिसामुक्त अभियानले व्यापकता पाएको । |
| २००४ | ग्रामीण खानेपानी तथा सरसफाइ नीति, रणनीति एवं रणनीतिक कार्ययोजना | खानेपानी र सरसफाइ क्षेत्रको बजेटको २० प्रतिशत रकम सरसफाइमा क्षेत्रमा परिचालन गरी सरसफाइ र स्वच्छता प्रवर्धनमा लगानीको स्पष्ट आधार तय भएको । |
| २००५ | विद्यालयको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रम | विद्यालय र समुदायको निकट साझेदारी मार्फत विद्यालयको सेवा क्षेत्र हुँदै पालिका तहमा खुला दिसा दिसामुक्त अवस्था हासिल गर्न उल्लेखनीय योगदान पुगेको । |
| २००६ | सरसफाइ नमूना जिल्ला | सरोकारवालाहरूको संयुक्त प्रयास मार्फत पूरै जिल्लालाई समेटी खुला दिसामुक्त अवस्था हासिल गर्नका लागि उल्लेखनीय सिकाइहरू हासिल भएको । |
| २००८ | अन्तर्राष्ट्रिय सरसफाइ वर्ष सम्बन्धी नेपालको योजना | सरसफाइ प्रवर्धनमा राज्यको थप प्रतिबद्धता प्रदान, एकल सरसफाइ कार्यक्रमका लागि बजेट व्यवस्थापन र गुरूयोजना तर्जुमाको थालनी भएको । |
| २००८ | शहरी खानेपानी तथा सरसफाइ नीति | प्रतिफलमा आधारित सहयोग मार्फत घरायसी चर्पी प्रवर्धन तथा शहरी क्षेत्रमा दिसाजन्य लेदो व्यवस्थापनका लागि स्पष्ट आधार तयार भएको । |
| २००९ | एकल सरसफाइ कार्यक्रम | तत्कालीन गाउँ विकास समिति (गाविस)/नगरपालिकालाई आधारभूत इकाईका रूपमा लक्षित गरी सञ्चालित एकल सरसफाइ कार्यक्रम मार्फत द्रूततर रूपमा खुला दिसामुक्त घोषणा गर्ने कार्यले व्यापकता र तीव्रता हासिल भएको । |
| २०११ | सरसफाइ गुरूयोजना तर्जुमा | बहु क्षेत्रगत सरोकारवालाहरूको संयुक्त प्रयास, एकीकृत कार्ययोजना कार्यान्वयन, स्थानीय सरकारको नेतृत्व र आम उपभोक्ताको स्रोत साधनको परिचालन मार्फत खुला दिसामुक्त गर्ने कार्यलाई राष्ट्रिय अभियानका रूपमा विस्तार गर्नका लागि ठोस र अनुकूल वातावरण सिर्जना भएको । |
| २०११ | संयुक्त क्षेत्रगत पुनरावलोकन | खानेपानी र सरसफाइ एवं यससँग सम्बन्धित विकासका अन्य सरोकारवालाहरू बीच चुनौती र अवसरहरूको गहन समीक्षा एवं सिकाईको आदान प्रदान गरी खानेपानी र सरसफाइ क्षेत्रको नीति परिमार्जन र रणनीतिक क्रियाकलाप तर्जुमा गर्नका लागि उल्लेखनीय रूपमा योगदान पुगेको । |
| २०१२ | पूर्ण सरसफाइ नमूना गाउँ विकास कार्यक्रम | खुला दिसामुक्त घोषित स्थानहरूमा सरसफाइ सम्बन्धी स्वस्थकर बानी व्यवहार र सुविधाहरूको स्तरोन्नति गर्दै सरसफाइको दिगोपन हासिल गर्नका लागि ठोस योगदान पुगेको । |

| | | |
|---|---|---|
| २०१२ | सरसफाइ सहस्राब्दी विकास लक्ष्य द्रुत खाका | सरसफाइ प्रवर्धनमा देखा परेका अवरोधको यथार्थ परक लेखाजोखा र सो को निराकरणका ठोस उपायहरू पहिचान भई खुला दिसामुक्त अभियानमा गति प्रदान भएको । |
| २०१३ | प्रथम राष्ट्रिय सरसफाइ सम्मेलन | केन्द्र, क्षेत्र र जिल्ला तहका सरोकारवालाहरूद्वारा सरसफाइ सम्बन्धी घोषणापत्र जारी गरी क्रमशः तत्कालीन गाविस/नगरपालिका र जिल्लालाई खुला दिसामुक्त घोषणा गर्ने कार्यलाई तीव्रता दिन ठूलो योगदान पुगेको । |
| २०१४ | जिल्ला सरसफाइ सम्मेलन | जिल्ला तहका राजनीतिक दल एवं विभिन्न क्षेत्रगत सरोकारवालाहरूद्वारा स्थानीय स्तरका अवरोध र अवसरहरूका बारेमा वस्तुपरक रूपमा छलफल मार्फत सरसफाइ सम्बन्धी जिल्लाको घोषणा पत्र जारी गरी तोकिएको समय सीमा भित्र खुला दिसामुक्त अवस्था हासिल गर्ने तर्फ उल्लेखनीय योगदान पुगेको । |
| २०१४ | प्रथम तराई सरसफाइ सम्मेलन | सरसफाइ प्रवर्धनमा पछि परेका तराईका आठ वटा जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) मा सरसफाइ कार्यक्रमलाई गति दिने उद्देश्यले आयोजित यस सम्मेलनपछि ती जिल्लाहरूको सरसफाइ प्रवर्धन कार्य उल्लेखनीय रूपले अघि बढेको । |
| २०१५ | पूर्ण सरसफाइ मार्गदर्शन तर्जुमा | खुला दिसामुक्त अवस्थाको निरन्तरता कायम गरी दिगो विकास लक्ष्य अनुरूप सबैका लागि र सधैंका लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्ने तर्फ अनुकुल आधार तयार भएको । |
| **ग. दिगो विकास लक्षको अवधि** (२०१६-२०३०) | | |
| २०१८ | नेपालका शहरी क्षेत्रका लागि दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी संस्थागत र नियामक खाका तर्जुमा | दिसाजन्य लेदो व्यवस्थापनका लागि स्थानीय सरकारको व्यवस्थापकीय र नियामक भूमिकाको पहिचान गरी सुरक्षित सरसफाइ व्यवस्थापन मार्फत दिगो विकास लक्ष्य प्राप्तीका लागि महत्वपूर्ण आधार तयार भएको । |
| २०१९ | नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा र पूर्ण सरसफाइ तर्फको यात्रारम्भ | अनुकूल नीतिगत वातावरण, बहु क्षेत्रगत सरोकारवालाहरूको सहकार्य, विकास साझेदार संघ संस्थाको साझेदारी, स्थानीय, प्रदेश र संघीय सरकारको नेतृत्व र आम समुदायको अपनत्वका कारण सम्पूर्ण पालिका र जिल्ला घोषणा गरी नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरी पूर्ण सरसफाइ हुँदै दिगो विकास लक्ष्य हासिल गर्नका लागि प्रतिबद्धता व्यक्त गरिएको । |
| २०२० | खुला दिसामुक्त नेपाल यात्रा वृत्तान्त पुस्तिका प्रकाशन | खुला दिसामुक्त अभियानका प्रक्रिया, कारक तत्व र सिकाईको अभिलेखीकरण गरिएको । |

## १.४. गुरूयोजनाको लक्ष्य र रणनीति




गुरूयोजनाको कार्यान्वयन पूर्व निश्चित लक्ष्य, मानक, रणनीति र कार्यविधिको अभावमा सरसफाइका क्रियाकलापहरू सञ्चालनमा बेमेलपूर्ण अवस्था कायम रहेको थियो भने सरोकारवालाहरूका प्रयासहरू छरिएर रहेका थिए । सरसफाइको क्षेत्रमा विद्यमान तमाम परिवेश, चुनौती र अवरोधहरूको सम्बोधन गर्दै सरसफाइलाई एक राष्ट्रिय अभियानकै रूपमा विस्तार गरी स्थानीय तहको अगुवाईमा विकेन्द्रीकृत रूपमा समावेशी, समतामूलक र दिगो तवरले सरसफाइ प्रवर्धन गर्ने व्यापक उद्देश्यका साथ तत्कालीन खानेपानी तथा ढल निकास विभागको नेतृत्वमा गठित राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समितिको अगुवाईमा गुरूयोजना तर्जुमा गरिएको हो । गुरूयोजनामा सबै नेपालीको घरमा चर्पीको निर्माण र प्रयोग गर्ने कार्यलाई प्रवर्धन गरी सन् २०१७ सम्म देशलाई खुला दिसामुक्त बनाई पूर्ण सरसफाइतर्फ अग्रसर हुने लक्ष्य र सोच निहित छन् । नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६८ साउन १९ को निर्णय अनुसार गुरूयोजना स्वीकृत भएको हो, जसलाई तत्कालीन सम्माननीय राष्ट्रपतिद्वारा मिति २०६८ असोज १२ गते आयोजित विशेष समारोहमा लोकार्पण गरिएको थियो ।

विकासका अन्य क्रियाकलापको दाँजोमा पछि परेको सरसफाइलाई विकासको मूल प्रवाहमा ल्याई जनस्वास्थ्यमा सुधार गर्ने व्यापक उद्देश्यका साथ राज्यद्वारा कार्यान्वयनमा ल्याइएको यो ऐतिहासिक दस्तावेज हो । यस गुरूयोजनालाई क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा समेत महत्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा मान्यता दिइएको छ । सन् २०११ मा तत्कालीन खानेपानी तथा ढल निकास विभागको राष्ट्रिय सूचना व्यवस्थापन आयोजनाद्वारा प्रकाशित सरसफाइको ४३ प्रतिशत कभरेजलाई आधार मानी गुरूयोजनाद्वारा सरकार, विकास साभेदार एवं सम्बद्ध सरोकारवालाको प्रयासमा सन् २०१२/१३ सम्म ६० प्रतिशत, सन् २०१४/१५ सम्म ८० प्रतिशत र सन् २०१६/१७ सम्म शत प्रतिशत सरसफाइको कभरेज पुऱ्याउने गरी लक्ष्य (माइल स्टोन) तय गरिएका थिए । गुरूयोजनाको प्रमुख रणनीतिका रूपमा नौ बुँदे मार्गदर्शक सिद्धान्तहरू कार्यान्वयन गरिएका छन् । जुन यसप्रकार छन् :

☞ खुला दिसामुक्त अवस्था एक न्यूनतम आवश्यकता,

☞ खानेपानी तथा सरसफाइ आयोजनाहरूमा शत प्रतिशत सरसफाइ सुविधा,

☞ घरायसी चर्पीको निमित्त प्रविधिको छनोट,

☞ स्थानीय सरकारको नेतृत्व,

☞ गाविस/नगरपालिका कार्यक्रम कार्यान्वयनको न्यूनतम इकाई,

☞ स्थानीय रूपमा व्यवस्थापन गरिने आर्थिक सहयोग संयन्त्र,

☞ संस्थाहरूमा सरसफाइ सुविधा,

☞ नयाँ बन्ने भवनमा शौचालयको अनिवार्य व्यवस्था र नियमित मर्मत सम्भार, र

☞ साबुन पानीले हात धुने र अन्य बानी व्यवहार विकास ।

यी सिद्धान्तहरू मार्फत स्थानीय सरकारको नेतृत्वमा कार्यक्रम सञ्चालन गरी दिगो रूपमा स्वस्थकर बानीव्यहोरा विकास गर्ने पक्षहरूमा मुख्य जोड दिइएको छ । गुरूयोजनाद्वारा संस्थागत गरिएका विभिन्न तहका समन्वय संयन्त्रको नेतृत्वमा सरकार, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार र सरोकारवालाहरूद्वारा उक्त मार्गदर्शक सिद्धान्तको परिपालना गरिएको छ । यसबाट सरसफाइका क्रियाकलाप र लगानीको ढाँचामा सामन्जस्य कायम भई सन् २०१५ भित्रै सरसफाइको सहस्राब्दी विकास लक्ष्य र सन् २०१७ सम्म करीव ९५ प्रतिशत सरसफाइ (चर्पी) को कभरेज हासिल भएको थियो ।

## १.५. संस्थागत व्यवस्था र सरोकारवाला निकायहरूबीचको साझेदारी

सरसफाइ प्रवर्धनका लागि विगतमा समावेशी र मजबुत संस्थागत संरचनाको अभाव रहेको थियो । खानेपानी र सरसफाइ सम्बन्धी ग्रामीण तथा शहरी नीति तथा योजनाहरूले खानेपानी उपभोक्ता तथा सरसफाइ समिति (यसपछि उपभोक्ता समिति भनिएको) लाई सरसफाइ प्रवर्धनका लागि जिम्मेवार बनाएको थियो । तर सरसफाइलाई नै मुख्य एजेण्डाका रूपमा प्रवर्धन गर्न ती समितिहरूको भूमिका र योगदान न्यून रहेको हुँदा गुरूयोजनाले केन्द्र, क्षेत्र, जिल्ला र पालिका तहमा समावेशी समन्वय संयन्त्रहरू संस्थागत गरेको छ । देशमा संघीय संरचना लागू भएपछि क्षेत्रीय र गाविस तहको साटो क्रमशः प्रदेश र गाउँपालिका स्तरीय समन्वय समितिको व्यवस्था लागू गरिएको छ । यस पुस्तिकामा नगरपालिका र गाउँपालिका दुवैलाई 'पालिका' भनी उल्लेख गरिएको छ ।

गुरूयोजनाले सरकारको नेतृत्व रहने गरी केन्द्रमा राष्ट्रिय सरसफाइ निर्देशन समिति र राष्ट्रिय सरसफाइ समन्वय समिति एवं प्रदेश, जिल्ला तथा पालिका तहमा खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समितिहरू संस्थागत गरेको छ । यस पुस्तिकामा प्रदेश, जिल्ला, गाउँपालिका तथा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूलाई 'समन्वय समिति' भनी उल्लेख गरिएको छ । राष्ट्रिय तहको निर्देशन समितिमा राष्ट्रिय योजना आयोग लगायत नेपाल सरकारका सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरूको प्रतिनिधित्व रहेको छ । त्यसैगरी विभिन्न तहका समन्वय समितिहरूमा संयुक्त राष्ट्र संघीय निकाय, विकास साझेदार संघ संस्था, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, सञ्चार क्षेत्र एवं राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था सहितको प्रतिनिधित्व रहने व्यवस्था रहेको छ । साथै स्थानीय आवश्यकता अनुरूप वडा, टोल र विद्यालयको सेवा क्षेत्र तहमा समेत समन्वय समितिहरू क्रियाशील रहेका छन् । महत्वपूर्ण कुरा, यी समन्वय समिति र सम्बन्धित कार्यदलको नियमित बैठकले संस्थागत सुदृढीकरणमा योगदान पुर्‍याएको छ ।

यी विभिन्न तहका समन्वय संयन्त्रहरूको अगुवाई र सहजीकरणमा सरसफाइ सम्बन्धी नीतिगत निर्णय, रणनीतिक योजना तर्जुमा, प्रवर्धनात्मक क्रियाकलापहरू सञ्चालन, आचार संहिता तर्जुमा, स्रोत साधन व्यवस्थापन, सहलगानी, क्षमता विकास, प्रगति समीक्षा, सरसफाइ सम्मेलन, संयुक्त अनुगमन र प्रमाणीकरण, खुला दिसामुक्त घोषणा समारोहमा गरिने आमन्त्रण र क्षेत्रगत ज्ञान व्यवस्थापन लगायतका अन्य प्रवर्धनात्मक कार्यको माध्यमबाट सरोकारवालाहरूबीच सञ्चार, समन्वय, सहभागिता र साझेदारी कायम भई सरसफाइको राष्ट्रिय अभियान प्रति सम्बन्धित सबैको अपनत्व हासिल भएको छ ।

खुला दिसामुक्त अभियानमा खानेपानी तथा सरसफाइ क्षेत्रका अतिरिक्त अन्य विभिन्न क्षेत्रगत सरोकारवालाहरूद्वारा व्यापक रूपमा सहयोग प्रदान भएको छ । केन्द्र, प्रदेश, जिल्ला र पालिका तहका समन्वय समितिहरू मार्फत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, सार्वजनिक प्रशासन, वन, वातावरण, आमसञ्चार लगायतका क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूबीच बलियो साझेदारी कायम भएको छ । फलस्वरूप प्रत्येक क्षेत्रगत निकायहरूद्वारा आ-आफ्ना नियमित कार्यक्रम मार्फत सचेतनामूलक क्रियाकलाप सञ्चालन, चर्पी निर्माण, स्वस्थकर बानी व्यवहार विकास, खुला दिसामुक्त अवस्था हासिल लगायतका क्रियाकलापहरूमा योगदान पुगेको छ । 'सबैका लागि सरसफाइ र सबै सरसफाइका लागि' भन्ने रणनीतिक शैलीको अवलम्बनले गर्दा देशलाई तीव्रतर रूपमा खुला दिसामुक्त क्षेत्र बनाउने कार्यले सफलता हासिल गर्न सकेको हो । विभिन्न क्षेत्रगत सरोकारवालाहरूको सहकार्य मार्फत सरसफाइ प्रवर्धनका लागि मिलेको सहयोग एवं उपलब्धिलाई तलको तालिका नं.२ मा उल्लेख गरिएको छ :

**तालिका नं. २ : सरसफाइ प्रवर्धनमा विभिन्न क्षेत्रगत सरोकारवालाहरूको योगदान**

| क्र.सं | क्षेत्रगत सरोकारवालाहरू | सरसफाइ प्रवर्धनमा योगदान |
|---|---|---|
| १. | राजनीतिक दल | ✯ घोषणा पत्रमार्फत सरसफाइ प्रवर्धन गर्ने प्रतिबद्धता,<br>✯ सरसफाइका लागि नीति तर्जुमा र बजेट व्यवस्थापनमा सहयोग,<br>✯ राजनीतिक दलका कार्यकर्ताहरूको व्यापक परिचालन,<br>✯ सामुदायमा सम्पर्क र सचेतना, र<br>✯ खुला दिसामुक्त घोषणा समारोहमा अग्रसरता । |
| २. | खानेपानी र सरसफाइ | ✯ सरसफाइ सम्बन्धी बजेट व्यवस्थापन,<br>✯ क्षमता विकासका क्रियाकलापहरू सञ्चालन,<br>✯ योजना तर्जुमा र कार्यक्रम कार्यान्वयनमा सहजीकरण,<br>✯ प्रविधिको विकास र विस्तार,<br>✯ प्राविधिकहरूको परिचालन मार्फत सचेतनामूलक क्रियाकलाप सञ्चालन, र<br>✯ उपभोक्ता समिति मार्फत आम उपभोक्ताहरूको घरमा चर्पी निर्माणमा उत्प्रेरणा । |
| ३. | शिक्षा | ✯ विद्यार्थीहरूको स्वच्छता सम्बन्धी बानी व्यहोरा विकास,<br>✯ समुदायमा सचेतना निर्माणका लागि शिक्षक र विद्यार्थीको व्यापक परिचालन,<br>✯ विद्यालयलाई सरसफाइमा नमूना स्थलको रूपमा विकास,<br>✯ विद्यार्थी मार्फत घरपरिवार र समुदायमा सकारात्मक दबाब र उत्प्रेरणा, र<br>✯ विद्यालयको अग्रसरतामा विद्यालयको सेवा क्षेत्रमा खुला दिसामुक्त अवस्था प्राप्ति । |

| | | |
|---|---|---|
| ४. | स्वास्थ्य | ☆ सरसफाइ र स्वच्छता सम्बन्धी अध्ययन अनुसन्धानका नतिजा प्रकाशन,<br>☆ सचेतनामूलक क्रियाकलाप सञ्चालन, र<br>☆ स्वास्थ्यकर्मीद्वारा खुला दिसामुक्त अवस्थाको महत्वबारे जानकारी प्रदान । |
| ५. | महिला र बालबालिका | ☆ सरसफाइमा समता र समावेशिता प्रवर्धनका लागि सचेतना निर्माण,<br>☆ महिला समूहको परिचालन मार्फत समुदायमा चर्पी निर्माणमा टेवा, र<br>☆ बाल मैत्री र लैंगिक मैत्री सरसफाइका सुविधा निर्माणका लागि पैरवी । |
| ६. | वन | ☆ वन उपभोक्ता समूह मार्फत वनका आम उपभोक्ताहरूको घरमा चर्पी निर्माणमा उत्प्रेरणा एवं दबाब, र<br>☆ अशक्त परिवारको घरमा चर्पी निर्माणका लागि काठपातको सहयोग प्रदान । |
| ७. | सार्वजनिक प्रशासन | ☆ सरोकारवाला निकायहरूबीच समन्यव,<br>☆ सुरक्षाकर्मीको परिचालन मार्फत समुदायमा उत्प्रेरणा एवं जागरण, र<br>☆ सरसफाइ सम्बन्धी स्वस्थकर अवस्था कायम गर्न कानुन र आचारसंहिताको प्रभावकारी कार्यान्वयन । |
| ८. | आम सञ्चार | ☆ सचेतनामूलक क्रियाकलाप सञ्चालन,<br>☆ सरसफाइ सम्बन्धी सफलता र सुधार गर्नुपर्ने पक्षबारे प्रचार प्रसार,<br>☆ सञ्चार माध्यमबाट व्यापक रूपमा सकारात्मक दबाब सिर्जना, र<br>☆ खुला दिसामुक्त अवस्थाको अनुगमन र प्रमाणीकरणमा सहजीकरण । |
| ९. | नागरिक समाज | ☆ सरसफाइ प्रवर्धनका लागि सशक्त बहस र पैरवी, र<br>☆ खुला दिसामुक्त अवस्था बारे निगरानी र नीति निर्मातालाई पृष्ठपोषण । |
| १०. | निजी संस्था/उद्यमी | ☆ घरधुरीलाई ऋण प्रवाह,<br>☆ सरसफाइका सामग्रीहरू निर्माण,<br>☆ समुदायको माग अनुरूप सरसफाइका सामग्रीहरूको आपूर्ति, र<br>☆ चर्पी लगायतका सरसफाइका संरचनाको निर्माण । |
| ११. | सांस्कृतिक र धार्मिक संस्था | ☆ सांस्कृतिक र धार्मिक गुरू पुरोहितहरू मार्फत सरसफाइ सम्बन्धी जागरण र उत्प्रेरणामूलक संदेश प्रवाह, र<br>☆ सांस्कृतिक र धार्मिक पर्व एवं उत्सवहरूमा सरसफाइका सामग्री र संदेशबारे व्यापक रूपमा प्रचार प्रसार । |

## १.६. सरसफाइ प्रवर्धनको प्रक्रिया

सरसफाइ प्रवर्धनका लागि गुरूयोजनामा उल्लिखित चार तहका चरणबद्ध क्रियाकलापहरूलाई अवलम्बन गरिएको छ । जसअन्तर्गत प्रदेश, जिल्ला र पालिका तहमा समन्वय समितिको संस्थागत विकास गर्ने, समन्वय समितिका पदाधिकारी, विभिन्न क्षेत्रगत सरोकारवालाहरू, शिक्षक, विद्यार्थी, समुदाय तहका सहजकर्ता, प्रज्ज्वलक (ट्रिगरर), उपभोक्ता समिति र महिला समूह आदिको क्षमता विकास गर्ने, ट्रिगरिङ र सचेतनामूलक क्रियाकलाप मार्फत खुला दिसामुक्त घोषणाको कार्यलाई विस्तार गर्ने र सरसफाइका सेवा र सुविधाको स्तर वृद्धि गर्दै पूर्ण सरसफाइको अवस्था हासिल गर्ने रहेको छ । समग्रमा, सरसफाइ प्रवर्धनका लागि तपसिलमा उल्लिखित प्रक्रिया र क्रियाकलापहरू अवलम्बन गरिएका छन् :

- ☞ विभिन्न तहका समन्वय समिति र कार्यदलको गठन र अभिमुखीकरण,
- ☞ शिक्षक, विद्यार्थी, बालक्लब र स्वास्थ्यकर्मीहरूको तालिम र परिचालन,
- ☞ ट्रिगरर र सहजकर्ताको प्रज्ज्वलन तालिम र परिचालन,
- ☞ खानेपानी, सरसफाइ, स्वच्छता र स्वास्थ्य सम्बन्धी तथ्याङ्क संकलन,
- ☞ खुला दिसामुक्त सम्बन्धी मौजुदा अवस्था, लक्ष्य, रणनीति, स्थानीय तहका आचार संहिता, सरोकारवालाहरू र स्रोत साधनको लेखाजोखासहितको रणनीतिक योजनाको तर्जुमा र कार्यान्वियन,
- ☞ व्यापक जनसहभागिताका माध्यमद्वारा प्रज्ज्वलन गरी बृहत रूपमा सरसफाइको माग सृजना गरी माग अनुसारको सरसफाइ सामग्री उपलब्ध गराउन व्यवसायीसँगको सहकार्य,
- ☞ सुशासन प्रवर्धन र व्यवहार परिवर्तनका लागि समावेशी र सामुहिक निर्णय प्रक्रिया सुदृढीकरण गर्न बहुसरोकारवाला सम्मिलित समन्वय समितिहरूसँग सहकार्य तथा सहजीकरण,
- ☞ सरसफाइ सम्मेलनमार्फत घोषणापत्र जारी गरी सरसफाइ प्रवर्धनप्रति राजनीतिक दल, सबै तहका सरकारका प्रतिनिधिहरू, क्षेत्रगत सरोकारवालाहरू, सञ्चारकर्मी र नागरिक समाजका प्रतिनिधिहरूको प्रतिबद्धता हासिल,
- ☞ कार्यदलका पदाधिकारी, सञ्चारकर्मी, प्रज्ज्वलक, महिला समूह र स्थानीय सहजकर्ताहिरुद्वारा मुखमा दिसा पर्ने माध्यमहरू एवं सोको रोकथामका उपायहरू, साबुनपानीले हात धुने र खानेपानी शुद्धिकरण लगायतका विषयहरू समेटी समुदायमा प्रज्ज्वलन र सचेतनाका क्रियाकलापहरू सञ्चालन, उत्प्रेरणा र अनुगमन,
- ☞ सरसफाइ सम्बन्धी सचेतनाको विस्तार, व्यवहार परिवर्तन र सफल कथाको प्रचार प्रसार,
- ☞ राष्ट्रिय सरसफाइ सप्ताह, विश्व वातावरण दिवस, विश्व चर्पी दिवस र विश्व हात धुने दिवस, विश्व स्वास्थ्य दिवस, महिनावारी स्वच्छता दिवस लगायत स्थानीय तहका सामाजिक-सांस्कृतिक अवसरहरूमा सरसफाइ सम्बन्धी पैरवी र सचेतनामूलक क्रियाकलापहरू सञ्चालन,
- ☞ विद्यालय, स्वास्थ्य संस्था, संघ-संस्था र सार्वजनिक स्थलहरूमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सुविधा प्रवर्धन,
- ☞ निजी उद्यमीहरूसँगको सहकार्यमा समुदायमा सरसफाइ सामग्रीको आपूर्ति र निर्माण कार्य प्रवर्धन,
- ☞ सुरक्षित चर्पी निर्माण, प्रयोग र साबुन पानीले हात धुने र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास सञ्चार प्रवर्धन,

- ☞ समन्वय समितिद्वारा खुला दिसामुक्त अवस्थाको अनुगमन, प्रमाणीकरण र घोषणा,
- ☞ सरसफाइ प्रवर्धनमा उल्लेखनीय योगदान दिने व्यक्ति र संघ संस्थालाई सम्मान र कदर,
- ☞ सरसफाइको अवस्थाको नियमित समीक्षा र सुविधाहरूको मर्मत सम्भार एवं स्तर वृद्धि, र
- ☞ सरसफाइ सम्बन्धी सिकाई र तथ्याङ्कको अभिलेखीकरण र प्रचार प्रसार ।

## १.७. सरसफाइ प्रवर्धनका औजारहरू

समुदाय र विद्यालयमा सरसफाइ प्रवर्धन गर्ने क्रममा विगतका दिनहरूमा तालिम, गोष्ठी, जन चेतनामूलक सामग्रीको प्रचार प्रसार, सडक नाटक, समूह छलफल, अन्तर विद्यालय सरसफाइ प्रतियोगिता, साबुन पानी हात धुने अभ्यासको प्रदर्शन आदिको प्रयोग हुने गरेको थियो । समुदायलाई खुला दिसामुक्त बनाउने कार्यको थालनी भएपछि समुदाय तहको प्रज्ज्वलन वा सामुदायिक प्रज्ज्वलन (कम्युनिटी ट्रिगरिङ) र क्षेत्रगत तहको प्रज्ज्वलन वा क्षेत्रगत प्रज्ज्वलन (सेक्टोरल ट्रिगरिङ) विधिका औजारहरू प्रयोगमा ल्याइएका छन् । नेपालमा सेक्टोरल ट्रिगरिङलाई आम रूपमा सेक्टर ट्रिगरिङका रूपमा बुझ्ने गरिन्छ ।

### क. सामुदायिक प्रज्ज्वलन

सामुदायिक प्रज्ज्वलन पद्धति अन्तर्गत मूलतः लज्जा र घृणाका अतिरिक्त खुला दिसा गर्ने अभ्यासले जनस्वास्थ्यमा निम्त्याउने जोखिमबारे समुदायलाई गहन रूपमा अनुभूति गराइन्छ । जस अन्तर्गत सरसफाइ नक्सांङ्कन गर्ने, खुला दिसा हुने स्थानमा झण्डा गाड्ने, दिसाको लेखाजोखा (अहिलेसम्म यो समुदायको खुला ठाउँमा कति दिसा जम्मा भयो होला भन्ने अनुमानित प्रक्षेपण) गर्ने, दिसा बहाव (खुला ठाउँमा गरिएको दिसा कसरी मानिसको मुखसम्म पुग्छ भन्ने कुरा) को चित्र तयार गर्ने गरिएको छ । यसका साथै खानेपानी गुणस्तरको स्थलगत परीक्षण गर्ने, खुला स्थानमा दिसा गर्ने व्यक्तिहरूको सार्वजनिक ठाउँमा व्यङ्ग्यात्मक चित्र (कार्टुन) हरू प्रदर्शन गर्ने, खुला स्थानमा दिसा गर्ने व्यक्तिको अस्वस्थकर अभ्यासलाई निरुत्साहित गर्न सिट्ठी बजाउँदै तर्साउने आदि औजारहरूको प्रयोग गरिन्छ । समुदायका सम्पूर्ण घरले खुला दिसा गर्ने बानी छाडेर मापदण्ड अनुसारका चर्पी प्रयोग गरेको खण्डमा मात्र उक्त समुदाय खुला रूपमा गरिने दिसा पिसाबका कारणले हुने जोखिमबाट बच्न सक्ने हुनाले चर्पी निर्माण र प्रयोगलाई सुरक्षा चक्रको संज्ञा दिई समुदायलाई "एउटा छुटे, चक्र टुटे" भन्ने नारा मार्फत सरसफाइका क्रियाकलापमा आबद्ध हुन अभिप्रेरित गरिन्छ ।



समुदायमा सरसफाइको सामुदायिक नक्साङ्कन गरिँदै

### ख. क्षेत्रगत प्रज्ज्वलन

क्षेत्रगत प्रज्ज्वलन पद्धति अन्तर्गत सरसफाइ प्रवर्धनका लागि विभिन्न क्षेत्रगत सरोकारवालाहरूले निर्वाह गर्ने भूमिका र जिम्मेवारी स्पष्ट रूपमा उल्लेख गर्ने, सान्दर्भिक प्रमाण र उदाहरणहरू पेश गर्दै क्षेत्रगत सरोकारवालाहरूले

सरसफाइ प्रवर्धनमा दिएको योगदानको मूल्याङ्कन गर्दै उनीहरूको कदर गर्ने, ख्याति कमाएका व्यक्ति र संघ-संस्थाको प्रसङ्ग उल्लेख गर्दै सरसफाइमा योगदान दिने व्यक्ति र संस्थाको योगदानको व्याख्या गर्ने र सरसफाइ प्रवर्धकहरूसँग तुलना गर्दै अन्य सरोकारवालाहरूको योगदान र सामर्थ्यबारे प्रकाश पार्ने गरिन्छ । यसैगरी सरसफाइ मार्फत अन्य विकास निर्माणका क्षेत्रमा मिल्ने तमाम सम्भावनाहरू बारे उल्लेख गर्ने, कुनै व्यक्तिले नयाँ पद वा जिम्मेवारी पाएपछि उसले निर्वाह गर्ने नयाँ भूमिकाका बारेमा उल्लेख गर्ने, सरसफाइ र अन्य क्षेत्रगत विकास निर्माणका प्रक्रिया बीचको मजबुत सह-सम्बन्ध छ भन्ने तथ्य उजागर गर्नका लागि प्रमाणमा आधारित तथ्याङ्क र सूचनाको व्यापक रूपमा प्रचार प्रसार गर्ने तथा कमजोर सरसफाइ र स्वच्छताले निम्त्याउने चरम कठिनाई र मृत्युलाई चित्रित गर्नका लागि उपयुक्त तस्वीर, तथ्याङ्क र घटनाको जीवन्त रूपमा प्रस्तुति गर्ने काम पनि क्षेत्रगत प्रज्ज्वलन अन्तर्गत गरिन्छ । यस्तै, सरसफाइको अवस्था उल्लेख गर्दै निश्चित समुदाय, गाउँ, समूह र वर्गको सामूहिक भावना जागृत गर्ने तथा समुदायमा सहजीकरण गर्ने क्रममा क्षेत्रगत संघ-संस्थाको संस्थागत र व्यावसायिक विश्वसनीयतालाई प्रमाण सहित उजागर गर्ने गरिन्छ, जसबाट समुदायले ती संघ संस्थाको सरसफाइ प्रतिको भनाई र आग्रहलाई मूल्यवान ठान्छन्, आत्मसात गर्छन् र अन्त्यमा चर्पी निर्माण र प्रयोग एवं स्वस्थकर बानी व्यवहार अपनाउनका लागि प्रज्ज्वलित हुन पुग्दछन् भन्ने सैद्धान्तिक आधारहरू अवलम्बन गरी प्रज्ज्वलन गरिन्छ ।



सरसफाइ प्रवर्धनका लागि गरिएका क्षेत्रगत प्रज्ज्वलनका झलकहरू

नेपालमा मौलिक रूपमा प्रयोगमा ल्याइएको क्षेत्रगत प्रज्ज्वलनका औजारहरूलाई मूलतः सरसफाइ सम्मेलनहरूमा प्रयोग गरिन्छ । सरसफाइको वस्तुस्थिति विश्लेषणका लागि सम्मेलनका सहभागीहरू माझ समूह कार्य गरी प्रस्तुतीकरण गर्ने, क्षेत्रगत सरोकारवालाहरूको जिम्मेवारी तोक्ने, स्रोत साधन परिचालनका लागि सरोकारवालाहरूको सामूहिक प्रतिबद्धता हासिल गर्ने, आचारसंहिता तयार गर्ने, खुला दिसामुक्त अवस्था घोषणाको मिति सहितको सरसफाइ घोषणापत्र जारी गर्ने, आम सञ्चारका माध्यमबाट घोषणापत्रको प्रत्यक्ष प्रसारण गर्ने र सरसफाइमा योगदान दिने व्यक्ति एवं संघ संस्थालाई सामूहिक रूपमा सम्मान र कदर गर्ने जस्ता नवीनतम प्रयासहरू प्रयोग गरिएका छन् ।

क्षेत्रगत प्रज्ज्वलन मार्फत विभिन्न क्षेत्रगत सरोकारवालाहरू (जस्तै खानेपानी, सरसफाइ, वातावरण, स्वास्थ्य, शिक्षा, महिला र बालबालिका, सार्वजनिक सुरक्षा, स्थानीय विकास, निजी क्षेत्र आदि) लगायतका अन्य सम्बन्धित क्षेत्रगत सरोकारवालाहरूमा नीहित शक्ति, सामर्थ्य र जिम्मेवारीलाई उजागर गरी पूर्ण अपनत्वका साथ सरसफाइ प्रवर्धनमा लागि पर्न जागरूक र तम्तयार पारिन्छ । क्षेत्रगत प्रज्ज्वलनले समुदायको अगुवाईमा पूर्ण सरसफाइ पद्धतिका अतिरिक्त अन्य मौलिक क्षेत्रगत सिकाईलाई समेत आत्मसात गरेको छ । नेपालको सरसफाइ अभियानमा सामुदायिक प्रज्ज्वलन र क्षेत्रगत प्रज्ज्वलन विधिका औजारहरूका साथै अन्य स्थानीय मौलिक औजारहरूको व्यापक प्रयोग भएको छ ।


## १.८. राज्य, राजनीतिक क्षेत्र र विकास साझेदारको प्रतिबद्धता

देशमा करीव तीन दशक अघिदेखि औपचारिक रूपमा सरसफाइ प्रवर्धनको थालनी भएको हो । सरसफाइ क्षेत्रले विकास निर्माणका अन्य क्षेत्रहरूको दाँजोमा मान्यता र प्राथमिकता पाउन भने धेरै आरोह अवरोह पार गर्नुपरेको छ । ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति, रणनीति र रणनीतिक कार्ययोजना सन् २००४ मा पहिलो पटक खानेपानी र सरसफाइ क्षेत्रको बजेटको २० प्रतिशतसम्म रकम सरसफाइ प्रवर्धनका लागि लगानी गर्ने सकिने नीतिगत प्रावधान हुँदाहुँदै पनि सोको प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको थिएन । त्यसैले छिटपुट रूपमा मात्र सरसफाइका क्रियाकलापहरू सञ्चालन हुन पुगेका थिए । त्यस अवस्था बीच विकास साझेदार र अन्य गैर सरकारी क्षेत्रका सरोकारवालाले सीमित स्रोत साधन परिचालन गर्दै सञ्चालित कार्यक्रमले सरसफाइको कभरेज विस्तारमा उल्लेखनीय योगदान पुऱ्याउन सकेका थिएनन् ।

राज्यद्वारा अन्तर्राष्ट्रिय सरसफाइ वर्ष सन् २००८ सम्बन्धी नेपालको योजनामा सरसफाइ प्रवर्धनका लागि छुट्टै बजेटको व्यवस्था गर्न गरेको प्रतिबद्धता अनुरूप आ.व. २०६६/६७ को बजेट वक्तव्य मार्फत पहिलोपटक देशमा 'एक घर, एक चर्पी' को नीति लागू गरी देशव्यापी रूपमा खानेपानी आयोजनाका अतिरिक्त 'एकल सरसफाइ कार्यक्रम' सञ्चालनका लागि वार्षिक बजेट व्यवस्थापन गर्ने कार्यको थालनी भयो ।

सन २०१० देखि देशमा ग्लोबल स्यानिटेसन फण्ड परिचालनका साथै पछिल्ला दिनमा सबैका लागि दिगो सरसफाइ तथा स्वच्छता कार्यक्रम एवं समुदाय र विद्यालय लक्षित खानेपानी र सरसफाइ सम्बन्धी अन्य पैरवी र सचेतनामूलक क्रियाकलापहरू सञ्चालन भई गुरूयोजनाको कार्यान्वयनमा उल्लेखनीय योगदान पुगेको देखिन्छ । तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा वातावरणमैत्री स्थानीय सुशासन प्रारूप २०१३ को कार्यान्वयन एवं न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कन अन्तर्गत खुला दिसामुक्त गर्ने कार्यलाई एक सूचकका रूपमा अवलम्बन गरिनुले सरसफाइका मुद्दाहरू प्रति जिल्लालाई थप सचेत र जिम्मेवार बनाएको थियो । सो मन्त्रालय अन्तर्गतका स्थानीय विकास अधिकारीहरूको कार्य सम्पादन मूल्याङ्कनको मापन गर्ने एक आधार खुला दिसामुक्त अभियानको प्रभावकारितालाई तोकेपछि यो अभियानले अझ बढी गुणात्मक उचाई हासिल गर्न पुग्यो । फलस्वरूप गुरूयोजना कार्यान्वय पश्चात सरसफाइको क्षेत्रमा उल्लेखनीय रूपमा बजेट वृद्धि हुँदै गएको देखिन्छ *(हेर्नुहोस् चित्र नं १, पृष्ठ १४)* । तथापि अशक्त र विपन्न घरधुरी बाहेकका अन्य घरधुरीमा चर्पी निर्माणका लागि लागेको खर्च उपभोक्ता स्वयंले व्यहोरेको हुँदा सरकार र विकास साझेदारद्वारा परिचालित बजेट क्षमता विकास, विद्यालय एवं सार्वजनिक स्थलमा शौचालय निर्माण, सरसफाइ कोष स्थापना, सचेतनामूलक

चित्र नं. १



क्रियाकलाप सञ्चालन, सम्मान र कदर एवं अनुगनम लगायतका क्रियाकलापहरूमा लक्षित भएको देखिन्छ । सरसफाइ प्रवर्धन प्रतिको राज्यको बढदो प्रतिबद्धता र गुरूयोजनाले सृजना गरेको अनुकूल वातावरणबीच विकास साझेदारहरूबाट स्रोत साधन परिचालन भइरहेको छ । फलस्वरूप जिल्ला र पालिका तहका रणनीतिक योजना मार्फत सरोकारवालाहरूको प्रयास र स्रोत साधन एकीकृत रूपमा परिचालन हुन पुगी खुला दिसामुक्त अवस्था हासिल गर्ने कार्यले तीव्रता पाएको छ । त्यसैगरी सरसफाइ प्रवर्धनमा राजनीतिक क्षेत्रको प्रतिबद्धता र संलग्नता बढ्दै गएको छ ।



तत्कालीन सम्माननीय प्रधानमन्त्री झलनाथ खनाल कास्की जिल्लालाई नेपालको पहिलो खुला दिसामुक्त जिल्ला घोषणा गर्नु हुँदै

नेपाल सरकार (मन्त्रिपरिषद) बाट गुरूयोजना स्वीकृत भई तत्कालीन राष्ट्रपतिज्यूबाट सार्वजनिकीकरण हुनु, भक्तपुर जिल्ला खुला दिसामुक्त घोषणा कार्यक्रम तत्कालीन राष्ट्रपतिज्यूको समुपस्थितिमा हुनु, तत्कालीन उपराष्ट्रपतिज्यूको समुपस्थितिमा गुल्मी, तनहुँ र रोल्पा जिल्ला खुला दिसामुक्त घोषणा हुनुले सकारात्मक सन्देश प्रवाह गरेको छ । यसैगरी कास्की जिल्लालाई नेपालको पहिलो खुला दिसामुक्त जिल्ला घोषणा गर्ने समारोहमा तत्कालीन प्रधानमन्त्रीज्यू समुपस्थित रहनु, चितवनलाई दोस्रो खुला दिसामुक्त जिल्ला घोषणा गर्दा प्रतिनिधिसभाका तत्कालीन सभामुखज्यूले आतिथ्य ग्रहण गर्नु, विभिन्न जिल्ला एवं पालिका घोषणा गर्दा उपप्रधानमन्त्री ज्यू, उपसभामुख ज्यू, मन्त्री ज्यू, सभासदज्यू एवं राजनीतिक दलका वरिष्ठ नेताहरूको सहभागिता रहनु, विभिन्न राजनीतिक दलहरूले आ-आफ्नो चुनावी घोषणा पत्रमा सरसफाइ प्रवर्धनप्रति प्रतिबद्ध रहनु र प्रदेश नं २ मा 'मुख्यमन्त्री सरसफाइ अभियान' सञ्चालन हुनुले सरसफाइमा राजनीतिक प्रतिबद्धता इङ्गित गर्दछ । नेपालको संविधान मार्फत सरसफाइ प्रवर्धनमा स्थानीय सरकारको जिम्मेवारी विस्तार गरिनुले राजनीतिक नेतृत्वलाई सरसफाइ प्रवर्धन प्रति थप उत्तरदायी बनाएको छ ।

### १.९. समता, समावेशिता र स्रोत साधन व्यवस्थापन

नेपालको सरसफाइ अभियान एक समावेशी सामाजिक अभियान हो । देशमा सञ्चालित खुला दिसामुक्त अभियानमा सबै प्रदेश, सबै राजनीतिक दल, सबै सरोकारवालाहरू, सबै जातजाति, सबै धर्मावलम्बी, सबै वर्ग एवं सबै लिङ्गको अर्थपूर्ण सहभागिता रहेको छ । समावेशी तवरले विभिन्न तहका समन्वय समितिहरू गठन र संस्थागत गरिएका छन् । सहभागितामूलक रूपमा तर्जुमा गरिएको रणनीतिक योजना र कार्ययोजना एवं डाले कोष स्थापनाका माध्यमबाट सरोकारवालाहरू बीचको सञ्चार, समन्वय, सहलगानी र साझेदारी संस्थागत गरिएको छ । यसैगरी, जागरण कार्यक्रमले खानेपानी तथा सरसफाइ क्षेत्रको समावेशिता र सुशासन पक्षलाई सबल बनाउन योगदान दिएको छ । यस कार्यक्रमले खानेपानी तथा सरसफाइ कार्यक्रम कार्यान्वयनमा तहगत जवाफदेहिता प्रवर्धन गर्ने कुरालाई ध्यान दिएको छ ।

गुरूयोजनाको मार्गदर्शक सिद्धान्त अनुसार कुनै वडा, समुदाय, विद्यालयको सेवा क्षेत्र, पालिका र जिल्लाले ओगटेको क्षेत्रमा रहेका सबै घरधुरीमा चर्पीको पहुँच र प्रयोग सुनिश्चित गरेपछि मात्र खुला दिसामुक्त घोषणा

गर्ने पद्धति संस्थागत गरिएको छ । शारीरिक अशक्तता र आर्थिक विपन्नताका कारणले सरसफाइको पहुँचबाट वञ्चित हुनुपर्ने अवस्थामा रहेका भूमिहीन, अति गरीब, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सामाजिक रूपले पिछडिएका र सीमान्तकृत अवस्थामा रहेका परिवारहरुलाई स्थानीय दानवीर, वडा तथा पालिकाद्वारा डाले कोष, पुरस्कार र वस्तुगत सहयोग मार्फत सहयोग उपलब्ध गराइएको छ । यसैगरी, प्रतिफलमा आधारित सहयोगलाई साना शहरी खानेपानी तथा सरसफाइ आयोजना क्षेत्रमा बसोबास गर्ने विपन्न परिवारहरूका लागि चर्पी बनाउने कार्यमा सहयोग गर्न लागि प्रयोग गरिन्छ ।

सरसफाइ सम्बन्धी सबै क्रियाकलापहरूमा लैङ्गिक संवेदनशीलतालाई आत्मसात गरिएको छ । स्थानीय तह लगायत सबै समन्वय समितिका सदस्यहरूमा महिला लगायत समाजका विभिन्न पक्ष र क्षेत्रबाट प्रतिनिधित्व रहेको छ । लैङ्गिक संवेदनशीलता र सामाजिक समावेशीकरणका पक्षलाई ध्यानमा राखी वकालत र सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू तयार गर्दै खुला दिसामुक्त अभियान सञ्चालन गरिएका छन् ।



विद्यालयको सामुहिक हात धुने ठाउँमा साबुन पानीले हात धुँदै विद्यार्थीहरू

समुदायलाई उनीहरूको आवश्यकता र क्षमता अनुरूप हुने खालका चर्पी सम्बन्धी जानकारी दिने परिपाटी विकसित गरिएको छ । विद्यालयमा बाल-मैत्री, लैंगिक मैत्री र अपाङ्गता मैत्री सरसफाइका सुविधाहरू प्रवर्धन गरिएका छन् । नेपाल सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा देश भरका सार्वजनिक विद्यालयहरूमा निशुल्क रूपमा महिनावारी स्वच्छता व्यस्थापनका लागि स्यानिटरी प्याड उपलब्ध गराउने कुरा उल्लेख भएको छ । त्यसैगरी पाठयक्रम विकास केन्द्रद्वारा कक्षा ४ देखि १२ सम्मको पाठयक्रम परिमार्जन गरी महिनावारी स्वच्छता सम्बन्धी विषय समावेश गर्ने कार्यको थालनी भएको छ ।

मेला, हाट बजार, सडक, बसपार्क तथा अन्य सार्वजनिक स्थलहरूमा सार्वजनिक शौचालय निर्माण गर्दा कुनै संस्थाको एकल लगानीको साटो उपभोक्ता लगायत निजी क्षेत्र तथा अन्य सहयोगी निकायसँग लागत साझेदारी र सहलगानी गर्ने कार्यलाई बढावा दिइएको छ । साथै यस्तो रकम समुदाय र विद्यालयस्तरमा सञ्चालन गरिने प्रज्ज्वलन, प्रचार प्रसार, सचेतना, क्षमता अभिवृद्धि, सामुदायिक सशक्तिकरण, अनुगमन, सिकाइ आदान प्रदान, अध्ययन भ्रमण तथा संस्थागत सुदृढीकरणका साथै समन्वय समितिको कार्यक्षेत्र भित्र दिगो सरसफाइ व्यस्थापन, सरसफाइ सेवाको स्तरोन्नति, सरसफाइ बानी व्यवहार परिवर्तन आदि क्रियाकलापहरूमा समेत परिचालन गरिएको छ ।

## १.१०. सञ्चार, पैरवी र ज्ञान व्यवस्थापन

देशमा सरसफाइ अभियान सञ्चालन हुनु पूर्व दिसा पिसाब र चर्पीलाई आम रूपमा वर्जित विषयका रूपमा लिइने गरिन्थ्यो । यसै परिप्रेक्ष्यमा सरसफाइ क्षेत्रमा सञ्चार र पैरवीको महत्व उजागर हुन पुगेको हो । यसका साथै सञ्चार माध्यममा सरसफाइ सम्बन्धी विषयवस्तुले बिस्तारै स्थान पाउन थालेको भए पनि राष्ट्रियस्तरका सञ्चार माध्यम

जस्तै - छापा, टेलिभिजन, रेडियो तथा अनलाईनमा कार्यरत सम्पादक तथा डेस्क सम्पादकहरूसँग यस विषयमा अन्तरक्रिया गर्ने कार्यको थालनीसँगै सञ्चार क्षेत्रसँगको सहकार्य विकसित भएको हो ।

क्षेत्रगत सरोकारवालाहरू र वातावरण पत्रकार समूहको सहकार्यमा देशभरिका सञ्चारकर्मीहरूलाई सरसफाइ सम्बन्धी अभिमुखीकरणको थालनी, नेपाल पत्रकार महासंघसँगको सहकार्यमा सरसफाइ सामग्री विकास सम्बन्धी प्रतियोगिताहरूको आयोजना, 'पत्रपत्रिका नियाल्दा नेपालमा सरसफाइको अवस्था' नामक शृङ्खला प्रकाशनको थालनी भएको छ। जाजरकोटमा महामारी फैलिएको बेलामा सञ्चार माध्यमको कडा निगरानी र युवाहरूको पश्चिम पाइला नामको अभियान शुरुआत, सरोकारवालाहरूद्वारा जिल्ला, क्षेत्र तथा राष्ट्रिय स्तरमा 'मिडिया वाश अवार्ड' प्रदान गर्ने कार्यको थालनी तथा राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र नगरकोटमा आयोजित पहिलो ऐतिहासिक खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदर्शन (वाश एक्स्पो) बाट सरसफाइ अभियान अझ बढी व्यापक, सशक्त, प्रभावकारी र सूचनामूलक बन्न पुगेको छ ।



वरिष्ठ पत्रकार भैरव रिसाल सञ्चारकर्मीहरूलाई सरसफाइ सम्बन्धी विषयवस्तुमा सहजीकरण गर्नु हुँदै


सरसफाइ अभियानको क्रममा विभिन्न तहमा सञ्चालित सरसफाइ सम्बन्धी बहस र पैरवीले नीति निर्माता, योजनाकार, राजनीतिक दलका नेता र आम जन समुदायलाई सरसफाइका विषय र मुद्दाप्रति सचेत, सजग र संवेदनशील बनाउन सफल भएको छ । साथै आमसञ्चारका माध्यम, नागरिक समाज, गैर सरकारी संघसंस्था, विद्यालय, स्थानीय क्लब, महिला समूह, उपभोक्ता समिति र यसको सञ्जाल, मौलिक सामाजिक सांस्कृतिक संगठन, सहकारी, शूक्ष्म वित्तीय संस्था, यातायात व्यवसायीहरू, कलाकार, धार्मिक गुरू पुरोहित लगायत सामाजिक अभियन्ताको प्रत्यक्ष सहभागिता र क्रियाशीलताले सरसफाइ अभियानलाई एक स्वचालित इञ्जिन जस्तै गतिशील बनाएको छ। स्थानीय तहका समन्वय समितिहरूमा आम सञ्चार क्षेत्रका प्रतिनिधिहरूलाई सदस्यका रूपमा आबद्ध गरी खुला दिसामुक्त अभियानलाई पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गरिएको छ ।

सरसफाइ प्रवर्धन गर्नका लागि विभिन्न तहका सरकार, समन्वय समिति, संघ सस्थाहरू र सञ्चारक्षेत्र बीच सञ्चार, समन्वय र सहयोगको कसिलो संयन्त्र विकसित गरिएको छ । केन्द्र, जिल्ला र स्थानीय तहमा पत्रकारहरूको खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी फोरम तथा समन्वय समिति गठन गरी पैरवी, जनचेतना, नौला र सृजनशील कार्यहरूको प्रचार प्रसार लगायत अनुगमन गर्ने परिपाटी विकसित भएको छ । सरोकारवालाहरूद्वारा सरसफाइ सम्बन्धी लोक भाका र शैली अनुसारका गीतहरूको उत्पादन एवं प्रसारण, सरसफाइ सम्बन्धी चेतना अभिवृद्धि गराउने चित्रात्मक र सन्देशमूलक सामग्री समेटिएको क्यालेण्डरको प्रकाशन र वितरणले यस अभियानमा उर्जा थप्ने काम गरेको छ ।

संविधान सभाको पहिलो निर्वाचन पछि संविधान निर्माणका लागि गठन भएका विभिन्न समितिहरू मध्येको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिका सदस्यहरू, संसदको महिला ककस समूह तथा अन्य सभासदहरूसँग पटक पटक भएको छलफल लगायत गैर सरकारी संस्था एवं नागरिक समाजद्वारा सञ्चालित सशक्त पैरवीका कारण नेपालको संविधानको धारा ३५ को उपधारा ४ मा 'प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा

पहुँचको हक हुनेछ' भन्ने वाक्यांश लेखिएबाट नागरिकका आधारभूत अधिकार-हरूको संवैधानिक प्रत्याभूति भएको छ । यसरी खानेपानी र सरसफाइमा पहुँचलाई नागरिकको मौलिक हकका रूपमा परिभाषित गर्ने विश्वका थोरै मुलुकहरूको पङ्क्तिमा नेपाल पनि उभिएको छ, जुन संविधानको प्रगतिशीलताको द्योतक हो । स्थानीय तथा राष्ट्रिय तहका विद्युतीय र छापा सञ्चार माध्यमहरूबाट सरसफाइ तथा स्वच्छता सम्बन्धी हासिल गरिएका उपलब्धि र असल अभ्यासहरूका बारेमा प्रचार प्रसार गरिएका छन् । आमसञ्चार क्षेत्रसँगको सहकार्यले सूचना, शिक्षा र सञ्चार सामग्री तयार पार्न, अनुसन्धान तथा विकासका कार्यहरू सञ्चालन गर्न, सरसफाइका मुद्दालाई सशक्त रूपमा पैरवी गर्न, बानी व्यवहार विकास गर्न र ज्ञान व्यवस्थापन गर्न उल्लेख्य सहयोग पुगेको छ । जिल्ला स्तरमा स्थानीय सञ्चारकर्मीहरूद्वारा गठित 'वाश पत्रकार समूह/फोरम' का माध्यमबाट यस्तो सहकार्य अझ अर्थपूर्ण बनेको छ । त्यसैगरी 'सरसफाइ सन्देश', पानी र सरसफाइ', 'पानी, सरसफाइ र जीवन', 'नेपाल पानी', 'सोफेन जर्नल' जस्ता बुलेटिनहरू र जिल्ला/पालिका तहका रणनीतिक योजनाहरू तथा 'नेपालको सरसफाइ : विगत, वर्तमान र भविष्य' (२०७२) नामक पुस्तकले खानेपानी र सरसफाइ क्षेत्रको ज्ञान व्यवस्थापनको लिखित दस्तावेजका रूपमा योगदान दिएका छन् । सरकार, विकास साझेदार, सञ्चारकर्मी, शोधकर्ता एवं स्वतन्त्र अनुसन्धानकर्ताद्वारा विकसित अध्ययन प्रतिवेदनहरू ज्ञान व्यवस्थापनका बलिया आधार बनेका छन् ।




### १.११. सरसफाइ सम्बन्धी प्रविधिहरू र मानक

खुला दिसामुक्त अभियान अन्तर्गत उपभोक्ताले आर्थिक रूपमा धान्न सक्ने, भौगोलिक रूपले उपयुक्त हुने र प्रयोगकर्तामैत्री सरसफाइ सुविधा प्रवर्धन गर्ने नीति अवलम्बन गरिएको छ । गुरूयोजनाले घरधुरीका लागि सुधारिएको पक्की चर्पी निर्माण गर्न सिफारिस गरे अनुरूप समुदायमा चर्पी निर्माण भई देशमा खुला दिसामुक्त घोषणा गर्ने कार्यको विस्तार भएको छ ।

उक्त मानक अनुरूप देशका विभिन्न भौगोलिक स्थानहरूमा सुलभ चर्पी, सिङ्गल पिट पोर फ्लस चर्पी, बायोग्यास जडित चर्पी र इकोसान चर्पी प्रयोगमा रहेका छन् । घना बस्ती भएका र शहरी क्षेत्रमा सेप्टिक ट्याङ्की सहितको चर्पीको प्रवर्धन र प्रयोग हुने गरेको छ । साथै घरधुरी तहमा साबुन पानीको सुविधा सहितका साबुनपानीले हात

धुने ठाउँ (प्लेटफर्म) हरू प्रवर्धन भएका छन् । स्वास्थ्य संस्थाको खानेपानी र सरसफाइको अवस्था सुधारका लागि 'वाशफिट' (स्वास्थ्य सुविधा सुधारका लागि पानी र सरसफाइ औजार) अवलम्बन गरिएको छ ।

त्यसैगरी विद्यालयमा बालमैत्री, लैंगिकमैत्री र अपाङ्गता भएका व्यक्तिमैत्री खानेपानी र सरसफाइ सुविधा प्रवर्धन गर्ने मानक रहेको छ र छात्र र छात्राका लागि छुट्टाछुट्टै चर्पी र युरिनल निर्माण गर्ने गरिएको छ । शिक्षा मन्त्रालयद्वारा सरोकारवालासँगको सहकार्यमा 'तारे विद्यालय' को अवधारणा अनुरूप खानेपानी, सरसफाइ र स्वच्छताका सुविधाहरूको उपलब्धताका आधारमा 'एक तारे विद्यालय', 'दुई तारे विद्यालय' र 'तीन तारे विद्यालय' विकास गर्ने नीति अवलम्बन गरिएको छ । विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी कार्य विस्तार भइरहेको छ । जसका लागि सरकारद्वारा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ लागू गरिएको छ ।



जमीन माथिको संरचनामा स्थानीय सामग्री प्रयोग गरी निर्मित पक्की चर्पी

देशका कतिपय विद्यालयहरूमा एकै पटकमा धेरै भन्दा धेरै विद्यार्थीले पानी पिउन र हात धुन मिल्ने खालको धारा र प्लेटफर्म प्रवर्धन गरिएका छन् । विभिन्न सार्वजनिक स्थल र राजमार्गका छेउ छाउँमा स्थानीय तहमै व्यवस्थापन गर्ने गरी प्रयोगकर्ताहरूबाट न्यून शुल्क लिने गरी सुलभ चर्पी, इकोसन चर्पी, सेप्टिक ट्याङ्की जडित चर्पी र ढल प्रणालीमा जडित चर्पीहरू सञ्चालनमा रहेका छन् । सरसफाइको क्षेत्रमा नमूना स्वरूप देशका केही स्थानहरू (जस्तै सरकारी कार्यालय र पालिका कार्यालयको परिसरमा) 'इ-ट्वाइलेट' र 'स्मार्ट ट्वाइलेट' जडान गरिएका छन् । साथै काठमाडौंका केही स्थानमा घुम्ती शौचालय सञ्चालनमा रहेका छन् । तराई क्षेत्रका लागि घरायसी चर्पीका विभिन्न प्रकारहरू, अपाङ्गता भएका व्यक्तिहरूका लागि घरायसी चर्पीका सुविधाहरू र मिस्त्रीहरूका लागि निर्माण सम्बन्धी विवरण समेटिएको हाते पुस्तिका तयारी र वितरण एवं सो सम्बन्धी अभिमुखीकरण कार्यहरू सञ्चालन गरिएका छन् ।

प्राविधिक र आर्थिक रूपले सबै स्थानमा ढल प्रणाली संभाव्य नहुने भएकाले मूलतः शहरी र अर्ध-शहरी क्षेत्रमा एकीकृत रुपमा दिसाजन्य लेदो सहितको सरसफाइ व्यवस्थापनका लागि ललितपुरको महालक्ष्मी, बर्दियाको गुलरिया र महेन्द्रनगरको भीमदत्त लगायत अन्य पालिकाहरूद्वारा 'समावेशी शहरी सरसफाइ योजना' तर्जुमा गर्ने कार्यको थालनी भएको छ । घोराही उपमहानगरपालिका र धनकुटा नगरपालिकाद्वारा आफ्नै प्रयासमा फोहोरमैलालाई व्यवस्थापन र स्रोतको रूपमा परिणत गर्दै आइरहेको छ ।

चितवन जिल्लामा केही निजी उद्यमीहरुद्वारा घरघरको सेफ्टी ट्याङ्कीबाट दिसाजन्य लेदो संकलन गरी खाडल र खेत बारीमा थुपार्ने र पुर्ने कार्यपनि भइरहेको छ । साथै काठमाडौं उपत्यका लगायत देशका अन्य पालिकाहरुद्वारा आफ्नै प्रयासमा वा निजी उद्यमीहरूसँगको सहकार्यमा घरायसी र संस्थागत तहबाट ठोस फोहोरमैलाको संकलन गरी वर्गीकरण गर्ने, बिक्री वितरण गर्ने र डम्पिङ साइटमा विसर्जन गर्ने कार्य सञ्चालित छन् ।

## १.१२. खुला दिसामुक्त घोषणा प्रक्रिया

गुरूयोजनामा व्यवस्था भएअनुरूप आफ्नो क्षेत्रभित्रका सबै घरधुरी र संस्थाहरूले चर्पी निर्माण गरेपछि र आवश्यक स्थानहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरेपछि सम्बन्धित पालिका, जिल्ला र प्रदेशले आफ्नो क्षेत्रलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्न सक्ने प्रावधान रहेको छ। उक्त तह एवं क्षेत्रलाई घोषणा गर्नु अघि सम्बन्धित पालिका र जिल्लाले क्रमशः जिल्ला र प्रदेश तहको समन्वय समितिलाई उक्त क्षेत्र घोषणाका लागि तयारी अवस्थामा रहेकाले अनुगमन गरी प्रमाणीकरण गर्न पत्राचार गर्दछ।

यसरी अनुगमन गर्नका लागि अनुरोध पत्र प्राप्त भएपछि उक्त क्षेत्रमा अनुगमन गर्ने टोली गठन गरी परिचालन गरिन्छ। उक्त टोलीले सम्बन्धित तहको समन्वय समितिसँग बैठक बसी अनुगमन गर्ने वडा, समुदाय, टोल र विद्यालयहरूको छनोट गर्दछ। दुई वा सो भन्दा बढी समूहमा अनुगमन टोली विभाजन भई घरधुरी, समुदाय र विद्यालयमा चर्पीको अवस्था निरीक्षण गरिन्छ र सरोकारवालाहरूसँग छलफल गरिन्छ।



भक्तपुर जिल्ला खुला दिसामुक्त घोषणा कार्यक्रममा समुपस्थित हुनुभएका तत्कालीन सम्माननीय राष्ट्रपति डा. रामवरण यादव

अनुगमनका कार्य पश्चात उक्त टोलीले आवश्यक तथ्याङ्क संकलन गरी खुला दिसामुक्त क्षेत्र घोषणा गर्न योग्य भएको छ वा छैन यकीन गर्दछ। यदि नभएमा सुधार गर्ने विषय तय एवं प्रमाणित गरी सम्बन्धित समन्वय समितिको बैठकमा प्रतिवेदन पेश गर्दछ। उक्त समन्वय समितिले प्राप्त प्रतिवेदनमा छलफल गरी उक्त क्षेत्रलाई घोषणा योग्य भएको प्रमाणित वा सुधार गर्ने विषय उल्लेख गरी अनुगमन गर्नका लागि अनुरोध गर्न समन्वय समितिलाई पत्राचार गर्दछ। पालिका तहका विद्यालय क्षेत्र, समुदाय एवं टोल वा वडा घोषणा गर्दा विद्यालय क्षेत्र, समुदाय एवं टोलको वडाबाट र वडाको पालिकाबाट अनुगमन र प्रमाणीकरण गरिन्छ। वडा, पालिका, जिल्ला र प्रदेशका तहका समन्वय समितिहरूबाट तोकिएको क्षेत्रमा अनुगमन गरेपछि उक्त क्षेत्रलाई घोषणा गर्न योग्य भए वा नभएको प्रतिवेदन सहित सम्बन्धित समन्वय समिति तथा तहमा पत्राचार गरिन्छ। उक्त अनुगमन प्रतिवदेनमा छलफल र घोषणा सभा तयारी र आयोजना गर्न समन्वय समितिको बैठक बस्दछ। उक्त बैठकले सम्बन्धित वडा, पालिका वा जिल्लालाई खुला दिसामुक्त गर्ने गरी मिति तय गर्दछ।

विभिन्न उपसमितिहरू गठन गरी आवश्यक तयारी गरिन्छ र तोकिएको मितिमा सम्बन्धित तहका समन्वय समितिको अध्यक्षतामा अतिथि, समुदाय र सरोकारवालाहरूको उपस्थितिमा उक्त क्षेत्रमा खुला दिसामुक्त अवस्था कायम गर्ने, सार्वजनिक स्थानमा दिसा नगर्ने र पूर्ण सरसफाइका क्रियाकलाप प्रवर्धन गर्ने बाचा गरी खुला दिसामुक्त घोषणा सभा आयोजना गरिन्छ। उक्त सभामा खुला दिसामुक्त अभियानका क्रममा सम्पादित क्रियाकलाप/प्रयासहरूको प्रतिवेदन पेश गरिनुका साथै भावी कार्ययोजनाको खाका र आचार संहिता सार्वजनिक गरिन्छ र सरसफाइमा योगदान दिने व्यक्ति एवं संघ संस्थालाई सम्मान र कदर गरिन्छ।

खुला दिसामुक्त घोषणाको अनुगमन प्रक्रियामा समन्वय समितिका पदाधिकारीहरू, सञ्चारकर्मी र सम्बन्धित सरोकारवालाहरू सम्मिलित समावेशी अनुगमन समिति क्रियाशील भई गुणस्तर अनुगमन हुने, समुदाय स्वयंको निगरानी रहने तथा घोषणाको प्रमाणीकरणका लागि निश्चित मापदण्ड र प्रक्रियाको अवलम्बन हुने भएकाले चर्पीको संरचना, यसको प्रयोग एवं खुला दिसामुक्त अवस्थाको गुणस्तर कायम भएको देखिन्छ ।

खुला दिसामुक्त राष्ट्रको घोषणाका लागि निश्चित मापदण्ड र तीनै तहका सरकारको पूर्ण रूपमा अपनत्व रहेको हुन्छ । ७५३ पालिकाहरूको अनुगमन र प्रमाणीकरण जिल्ला स्तरीय समन्वय समितिहरूबाट र ७७ जिल्लाहरूको अनुगमन तत्कालिन क्षेत्रीय समन्वय समिति (हालको प्रादेशिक स्तरीय समन्वय समिति) हरूबाट सम्पन्न भई आ-आफ्नो क्षेत्रलाई खुला दिसामुक्त घोषणा गर्दै तोकिएको मापदण्ड पूरा गरी देशका सम्पूर्ण जिल्लाहरू खुला दिसामुक्त घोषणा भइसकेपछि २०७६ असोज ८ गतेका दिन बसेको राष्ट्रिय सरसफाइ निर्देशन समिति र राष्ट्रिय सरसफाइ समन्वय समिति एवं विकास साझेदारहरूको संयुक्त बैठकले अनुमोदन गरे अनुरूप मिति २०७६ असोज १३ गतेका दिन नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको छ ।

## १.१३. खुला दिसामुक्त अभियानका प्रेरक तत्वहरू

नेपालको खुला दिसामुक्त अभियानको शुरुवात नागरिकको स्वास्थ्यप्रतिको सचेतनाले सम्भव भयो । सरसफाइ क्रमिक रूपमा व्यक्ति र गाउँ शहरको प्रतिष्ठाको विषय बन्न पुग्यो । सरसफाइको यात्रामा धेरै सहयात्री जोडिए । नेपालमा सरसफाइ अनुदान रहितको सामाजिक अभियान र एक महत्वपूर्ण राजनीतिक एजेण्डा बन्न पुग्यो । यसका साथै स्थानीय तहका एकीकृत कार्ययोजना र आचार संहिता, सकारात्मक र आक्रामक सञ्चार अभियान र सम्मान तथा कदरको कार्यान्वयनले अभियानकर्ताहरूको आत्मबल बढाउन मद्दत पुऱ्यायो ।

गुरूयोजनाको मार्गदर्शक सिद्धान्तहरूको कार्यान्वयन र यसले संस्थागत गरेका विभिन्न तहका समन्वय संयन्त्रहरूको नेतृत्व तथा क्रियाशीलताले देशव्यापी रूपमा खुला दिसामुक्त अवस्था हासिल गर्न अनुकूल वातावरण सृजना गरेको छ । खुला दिसामुक्त अभियानलाई नतिजामुखी बनाउन विभिन्न क्षेत्रगत सरोकारवालाहरूको सहकार्यको अहम् योगदान रहेको छ । नेपालको सरसफाइ अभियानमा सरकारको नेतृत्व, सरोकारवालाहरूको सहभागिता, निजीक्षेत्रको बजारीकरण र समुदायको अपनत्वको समुचित संयोजन भई सरसफाइ परियोजना केन्द्रित ढाँचा (प्रोजेक्ट मोडेल) बाट अघि बढ्दै अभियान केन्द्रित ढाँचा (क्याम्पेन मोडेल) मा रूपान्तरण भई द्रुततर रूपमा सरसफाइको कभरेज विस्तार भएको हो । नेपालको सरसफाइ अभियानमा स्थापित 'सबै सरसफाइका लागि, सरसफाइ सबैका लागि' भन्ने रणनीतिले सरसफाइ प्रवर्धन सबैको दायित्व हो र सरसफाइका सुविधाबाट कोही नछुटुन् भन्ने मूल्य र आदर्शलाई स्थापित गरेको छ ।

राज्यद्वारा खुला दिसामुक्त घोषणा गर्ने समयसीमा निर्धारण गरिनु, गुरूयोजनाको मार्गदर्शक सिद्धान्त मार्फत कार्यप्रणाली र लगानीको ढाँचामा एकरूपता कायम हुनु, रणनीतिक योजनाद्वारा सरोकारवालाहरूको प्रयासहरू एकत्रित हुनु, सरकारद्वारा समुदाय, विद्यालय सेवा क्षेत्र र पालिका तहको सरसफाइमा मात्र केन्द्रित रहेका विकास साझेदारहरूलाई समेटी समग्र जिल्लालाई नै खुला दिसामुक्त गर्ने कार्यमा सरिक गराइनु जस्ता क्रियाकलापले नेपालको सरसफाइ अभियानलाई अघि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस्तै, सरसफाइका दृष्टिले पछि परेका र जनसंख्याको ठूलो हिस्सा ओगटेका तराईका जिल्लाहरूलाई लक्षित गरी सघन सरसफाइ अभियान सञ्चालन गरिनु, समुदाय तहको प्रज्ज्वलन वा सामुदायिक प्रज्ज्वलन (कम्युनिटी ट्रिगरिङ) र क्षेत्रगत तहको

प्रज्ज्वलन वा क्षेत्रगत प्रज्ज्वलन (सेक्टर ट्रिगरिङ) का औजारको प्रयोग मार्फत खुला दिसाको अन्त्य गर्नका लागि आन्तरिक उत्प्रेरणाको जागृति हुनु र विद्यालय मार्फत बालबालिकामा साबुन पानीले हात धुने लगायतका सरसफाइ सम्बन्धी स्वस्थकर अभ्यास प्रवर्धन हुनु आदि नेपालको सरसफाइ अभियानलाई अघि बढाउने कारक तत्व हुन् ।

यसैगरी स्वास्थ्यकर्मीद्वारा वैज्ञानिक तथ्यको प्रयोगमार्फत खुला दिसामुक्त अवस्थाको महत्वबारे समुदायलाई सचेत बनाइनु, सरसफाइ बजारीकरण मार्फत माग र आपूर्तिको सन्तुलन कायम हुनु, सामाजिक आचार संहिता मार्फत दबाब र दण्डको व्यवस्था लागू गरिनु, अनुगमन र प्रगति समीक्षाद्वारा गुणस्तर नियन्त्रण गरिनु, अपाङ्गता भएका व्यक्ति/परिवार र अशक्त नागरिकका लागि सहयोग प्रदान गरिनु एवं राम्रो काम गर्नेको सम्मान, कदर गर्ने अभ्यास संस्थागत हुनु र खुला दिसामुक्त घोषणा गर्ने कार्य स्वस्थ प्रतिस्पर्धाका रूपमा विस्तार हुनु जस्ता सृजनशील कार्यले गर्दा नेपालको सरसफाइले छोटै समयमा फड्को मार्न सकेको हो । यसका अतिरिक्त सरसफाइ प्रवर्धनमा सहजीकरण गर्ने संघ संस्थालाई खुला दिसामुक्त गरे/नगरेको नतिजाको आधारमा भुक्तानी दिने अभ्यासले गर्दा उनीहरू तोकिएको नतिजाप्रति सचेत र जिम्मेवार बनी निर्दिष्ट समयसीमा भित्र खुला दिसामुक्त घोषणा गर्ने कार्यले तीव्रता पाएको छ । यस प्रकारको अभ्यास मुख्य रूपमा ग्लोबल स्यानिटेसन फण्ड कार्यक्रम र विकास साझेदारहरू क्रियाशील रहेका तराईका जिल्लाहरुमा कायम रहेको छ ।



तराइ सरसफाइ अभियानका अभियन्ताका साथ
प्रदेश २ का मुख्यमन्त्री माननीय मो. लालबाबु राउत

विभिन्न तहमा सञ्चालित सरसफाइ सम्मेलनहरू (जस्तै प्रथम राष्ट्रिय सरसफाइ सम्मेलन, क्षेत्रीय सम्मेलन, तराई सरसफाइ सम्मेलन, जिल्ला सम्मेलन, तत्कालीन गाविस स्तरीय सरसफाइ सम्मेलन आदि) मार्फत राजनीतिक नेतृत्व एवं सरोकारवालाहरूको अपनत्व हासिल गर्न र तोकिएको समय सीमा भित्र खुला दिसामुक्त घोषणाका लागि सिनर्जी हासिल भएको छ । साथै विकास साझेदार एवं क्षेत्रगत सरोकारवालाहरुद्वारा एकीकृत रूपले तर्जुमा भएको जिल्ला र पालिका तहको खुला दिसामुक्त सम्बन्धी रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन, स्थानीय सरकार, विकास साझेदार र स्थानीय समुदायको स्रोत साधनको उच्चतम परिचालन एवं शून्य अनुदान (अनुदान मुक्त वा अनुदान रहित) को नीति अवलम्बन तर अशक्त घरधुरीलाई स्थानीय तहमै चर्पी निर्माण गर्नका लागि सहयोग गर्ने अभ्यासको विस्तारले सरोकारवालाहरुको प्रयासहरूलाई एकीकृत गरी समन्वयात्मक र समतामूलक तवरले सरसफाइको सेवा र सुविधा विस्तारमा ठोस योगदान पुगेको छ ।

फलस्वरूप सकारात्मक दबाब र उत्प्रेरणाका साथ तीव्र रूपले अघि बढेको नेपालको सरसफाइ अभियानले सरसफाइ सामाजिक आन्दोलनका रूप समेत ग्रहण गर्न थालिसकेको छ । समुदायमा खुला दिसामुक्त अभियानका क्रममा प्रयोग गरिएका रचनात्मक र प्रेरक तत्वहरू तपसिल (बक्स नं. १) मा उल्लेख गरिएका छन् ।

**बक्स नं. १ : खुला दिसामुक्त अभियानका प्रेरक तत्वहरू**

- खुला दिसामुक्त अवस्था हासिल गर्न कठिनाईको सामना गरिरहेका तराई लगायतका जिल्लाहरूमा केन्द्रीय तहको अनुगमन र कार्य समूह (मनिटरिङ एण्ड एक्सन टिम-म्याट) को क्रियाशीलता विस्तार,
- तराई मधेश विस्तृत कार्यशाला र जिल्ला तहको शूक्ष्म कार्ययोजना तर्जुमा,
- सरसफाइ अक्षयकोष र डालेकोष स्थापना र परिचालन,
- लघु वित्त संस्थाहरूद्वारा चर्पी निर्माणका लागि विपन्न घरधुरीलाई निर्ब्याजी ऋण प्रदान,
- स्थानीय सरकारद्वारा समुदायलाई 'चर्पी बनाऊ विकास लैजाऊ' भन्ने आह्वान,
- वन उपभोक्ता समितिद्वारा गरीब घरधुरीलाई काठपातको सहयोग,
- सरसफाइ भिक्षादान संकलन अभियान सञ्चालन,
- सरसफाइ बजारीकरण (स्यानिटेसन मार्केटिङ) मार्फत सुलभ रूपमा चर्पी निर्माण सामग्रीको उपलब्धता,
- अशक्त व्यक्तिको घरधुरीमा प्रहरी र स्वयंसेवकद्वारा चर्पी निर्माण,
- सरसफाइ दूत, दानवीर, कमान्डो र सरसफाइ मिलिटरी जस्ता समुदायका उत्प्रेरकहरूको परिचालन,
- सञ्चार माध्यम र होर्डिङ बोर्ड मार्फत तथ्याङ्क र व्यङ्ग्यात्मक चित्र प्रसारण र प्रदर्शन,
- आक्रामक र रचनात्मक सञ्चार अभियान सञ्चालन,
- राष्ट्रिय दैनिक पत्रपत्रिकामा 'खोला नालामा पानीसँगै ताजा दिसा बग्ने गरेको' जस्ता जागरण गर्ने खालका समाचारको सम्प्रेषण,
- ड्रोनबाट खुला दिसा गर्ने कार्यको निगरानी,
- खुला दिसाका कारण सृजना हुने पीडादायी अवस्था झल्किने खालका वृत्तचित्र प्रदर्शन,
- विद्यालय तथा स्थानीय सामाजिक-सांस्कृतिक समारोहहरूमा सामूहिक रूपमा हात धुने अभियान प्रदर्शन,
- सरसफाइ महोत्सवमा सरसफाइका स्टलहरू मार्फत फोटो र पोस्टर प्रदर्शन,
- विद्यालयमा प्रार्थनाको समयमा व्यक्तिगत स्वच्छता एवं खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी अन्य सुविधाहरू समावेश भएका सरसफाइ वहुउपयोगी टेबलको प्रदर्शन, जसले गर्दा विद्यार्थीहरूलाई स्वच्छता सम्बन्धी उचित आनीबानी अपनाउने कुरा सम्झाउँछ,
- सिथि नखः, छट, माघी, ईद, ल्होसार, तीज, गौरा, देउसी भैलो आदि सामाजिक र सांस्कृतिक पर्व/अवसरहरूमा सचेतना र पैरवी एवं बानी व्यवहार परिवर्तन सम्बन्धी सञ्चार र सामग्रीको प्रयोग,
- अन्तर जिल्ला/पालिका नमूना सरसफाइ स्थलको अध्ययन भ्रमण,
- समुदाय र विद्यालय तहका सरसफाइ स्रोत केन्द्र स्थापना मार्फत ज्ञान व्यवस्थापन र प्रचार प्रसार,
- खुला दिसा गर्ने समुदायमा समाजका लब्ध प्रतिष्ठित व्यक्तिको सामूहिक उपस्थिति र छलफल,
- घरमा चर्पी हुने विद्यार्थीलाई विद्यालय भर्नाको समयमा टीकाद्वारा सम्मान,


- गुरू पुरोहितद्वारा धार्मिक प्रवचनमा सरसफाइको महत्वबारे उजागर,
- चर्पीको प्रयोग गर्ने विद्यार्थीलाई स्वास्थ्य विषयको परीक्षामा थप अंक प्रदान,
- सरसफाइमा योगदान दिने व्यक्ति र संघ संस्थालाई सम्मान र कदर,
- चर्पी नबनाउने अटेर व्यक्तिलाई सरकारी कर्मचारी, विकास साझेदार संस्थाका प्रतिनिधिहरू र सञ्चारकर्मीद्वारा सम्झाई बुझाई गर्ने,
- विद्यार्थीद्वारा आफ्ना अभिभावक सामु चर्पीको भिक्षा याचना,
- विवाहमा चर्पी प्यानको उपहार प्रदान,
- स्थानीय एफ.एम. रेडियोबाट हेल्लो चर्पी अभियान सञ्चालन मार्फत अटेरी मनको परिवर्तन,
- प्रत्येकले नागरिकले प्रत्येकलाई सिकाउने (इच वन टिच वन) र सरसफाइ पत्रेन इन कार्यक्रम सञ्चालन,
- स्वास्थ्यकर्मीद्वारा मेडिकल प्रेसक्रिप्सन मार्फत सरसफाइको आवश्यकता उजागर,
- हेडमास्टरद्वारा आफ्नो विद्यालयको सेवा क्षेत्र भित्रका समुदायमा खुला स्थानमा गरेको दिसा पुर्दै हिँडने,
- चर्पी नबनेका घरधुरीलाई जिल्ला समन्वय समितिबाट चर्पी बनाउने अनुरोध सहितको पत्र जारी,
- चर्पी नभएको विद्यालय नर्क जस्तै भएको व्यहोरा उल्लेख गरी छात्राद्वारा विद्यालयमा ज्ञापनपत्र पेश,
- चर्पी प्रवर्धनका लागि अनशन (भोक हडताल) को आयोजना,
- सरसफाइ कार्डको प्रयोग मार्फत अनुगमन र सामाजिक उत्प्रेरणा प्रवर्धन,
- सरसफाइ गौरव यात्रा, सरसफाइ संघर्ष शिविर र साप्ताहिक डेरा डण्डा कार्यक्रम सञ्चालन,
- सरकारी दस्तावेजहरू मार्फत खुला दिसा गर्नु सामाजिक अपराध हो भन्ने वाक्यांश उल्लेख,
- उपभोक्ता समितिको सदस्य बन्न, संघ संस्थाको सदस्यता प्राप्त गर्न तथा सरकारी एवं संघ संस्थाबाट सेवा सुविधा हासिल गर्न चर्पीलाई एक आधारभूत मापदण्डका रूपमा स्थापित,
- खुला दिसा गर्ने कार्यलाई निरुत्साहित गर्न खाली ठाउँमा देवी देवताको मूर्ति स्थापना,
- सुरक्षाकर्मी र सरोकारवालाहरूको उत्प्रेरणामूलक गस्ती,
- घुम्ती सरसफाइ क्याम्प एवं रात्री र प्रभातकालीन सरसफाइ गस्ती संचालन,
- चर्पी प्रयोग नगर्ने घरधुरीले बेच्न ल्याएको दूधलाई स्थानीय दुग्ध संकलन केन्द्रहरू तथा समुदायले सामूहिक रूपमा बहिष्कार,
- सरसफाइ दौडाहा टोली परिचालन, लट्ठी ठोक्ने अभियान र चिया कार्यक्रम, र
- खुला स्थानमा दिसा गर्ने व्यक्तिले दिसा धुनका लागि बोकेको पानीको लोटा खोस्ने कार्य ।

## १.१४. सरसफाइ प्रवर्धनको प्रवृत्ति

देशले सरसफाइको क्षेत्रमा हालको उपलब्धि हासिल गर्न तीन दशक भन्दा बढी निरन्तर प्रयास गर्नु परेको छ। सन् १९८० मा चर्पीमा करीब २ प्रतिशत घरधुरीको पहुँच रहेकोमा सन् १९९० सम्म आइपुग्दा ६ प्रतिशतको पहुँच पुगेको देखिन्छ।

यसै अनुरूप सन् २००३ देखि थालनी भएको साकोसान मार्फत साकोसान सदस्य राष्ट्रहरूले खुला दिसामुक्त अवस्था प्राप्तिलाई राष्ट्रिय एजेण्डाका रूपमा अंगिकार गरेको देखिन्छ। यस अवधिसम्म आइपुग्दा नेपालमा सरसफाइ कभरेज करीब ३० प्रतिशत रहेको थियो। तथापि हिमाल, पहाड र तराई आदि विभिन्न भौगोलिक स्थानमा बसोबास गर्ने समुदायहरूमा सरसफाइको पहुँच असमान रहेको थियो भने खुला स्थानमा दिसा गर्ने प्रचलनमा कमी हुन सकेको थिएन। तर समुदायका केही घरधुरी र विद्यालयका सेवा क्षेत्रलाई लक्षित गरी खुला दिसामुक्त अवस्था हासिल गर्ने कार्यको भने थालनी भइसकेको थियो। मोरङ जिल्लाको डुम्रे एकताचोक, कपिलवस्तु जिल्लाको पंच प्राथमिक विद्यालयको सेवा क्षेत्र, नवलपरासी जिल्लाको प्रगतिनगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सेवा क्षेत्र, बागलुङ जिल्लाको तत्कालीन अर्जेवा गाविस र नवलपरासी जिल्लाको तत्कालीन प्रगतिनगर गाविस (जुन गाविसहरू क्रमशः समुदायको अगुवाइमा पूर्ण सरसफाइ र विद्यालयको अगुवाईमा पूर्ण सरसफाइ विधिबाट), चितवन जिल्लाको रत्ननगर नगरपालिका र सुनसरी जिल्लाको धरान नगरपालिका एवं कास्की जिल्ला नेपालमा सर्वप्रथम खुला दिसामुक्त अवस्था हासिल र घोषणा गर्न सफल स्थानहरू हुन्।

चित्र नं. २ : नेपालको सरसफाइ प्रवर्धनको प्रवृत्ति




गुरुयोजना कार्यान्वयन पूर्वको करीब तीन दशकको अवधि भित्र सरसफाइमा करीब ४३ प्रतिशत कभरेज हासिल भएको देखिन्छ। गुरुयोजना कार्यान्वयन पश्चातको करीब एक दशकको छोटो अवधिमै थप ४७ प्रतिशत कभरेज हासिल भई सन् २०१९ मा खुला दिसामुक्त नेपाल घोषणा गर्ने कार्य सफल भएको छ। निश्चय पनि यसलाई उत्साहजनक उपलब्धि मान्न सकिन्छ। नेपालको सरसफाइ प्रवर्धनको प्रवृत्तिलाई माथिको चित्र. नं-२ मा देखाइएको छ।

## १.१५. सरसफाइ अभियानका बहुआयामिक प्रभावहरू

नेपालमा सञ्चालित सरसफाइ अभियान चर्पी निर्माण र प्रयोगको सीमित परिधिमा मात्र सीमित रहेन । यस अभियानले समाजमा बहुआयामिक प्रभावहरू पार्‍यो । यस अभियानले देशको जनस्वास्थ्य र वातावरणीय सरसफाइ प्रवर्धन एवं सामाजिक-आर्थिक समुन्नतिमा टेवा पुर्‍याउने प्रभावहरू निम्नलिखित छन् :

### क. एकीकृत विकास प्रक्रियाको अवलम्बन

विगतका दिनमा खानेपानी आयोजनाको एक सामान्य अङ्गका रूपमा हेरिएको सरसफाइ हाल आएर एक व्यापक सामाजिक अभियानका रूपमा विस्तार भएको छ । विभिन्न क्षेत्रगत सरोकारवालाहरूले सरसफाइलाई आ-आफ्नो विकास निर्माणमा सकारात्मक योगदान दिने महत्वपूर्ण आधारका रूपमा स्थान दिएका छन् । सरसफाइ अभियानको सिकाइबाट अन्य विकास निर्माणका कार्यमा समेत एकीकृत रूपमा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने प्रक्रिया संस्थागत भएको छ । यसका साथै सरोकारवालाहरूका छरिएर रहेका तमाम प्रयासहरूलाई एकीकृत गरी स्रोत साधनको अभाव परिपूर्ति गर्न समेत मद्दत पुगेको छ ।

### ख. गुणस्तरीय शिक्षामा टेवा

समुदाय र विद्यालयलाई केन्द्रित गरी सञ्चालन भएका तमाम ज्ञानमूलक, सचेतनामूलक र सीपमूलक क्रियाकलापहरू मार्फत चर्पीमा दिसा गर्ने, संवेदनशील घडीमा साबुन पानीले मिची मिची हात धुने, खानेपानी शुद्धिकरण गरेर प्रयोग गर्ने र घर आँगन तथा गाउँ टोलको सरसफाइ कायम गर्ने कार्यमा उल्लेख्य सुधार भएको छ । विद्यालयमा लैंगिकमैत्री शौचालय र महिनावारी स्वच्छता व्यवस्थापनमा क्रमिक सुधार हुँदै जाँदा उमेर पुगेका छात्राहरूले विद्यालय छोड्ने प्रवृत्तिमा उल्लेखनीय रूपमा कमी हुँदै गएको छ । यसबाट शिक्षाको गुणस्तरमा सुधार आउने निश्चित छ ।

### ग. बाल मृत्युदरमा उल्लेख्य कमी

पानी र सरसफाइजन्य रोगव्याधिका कारण सन् २००० तिर देशमा वार्षिक रूपमा पाँच वर्ष मुनिका करिब ७ हजार बालबालिकाको मृत्यु हुने गरेकोमा जनस्वास्थ्यमा सुधार गर्ने ठोस उद्देश्य सहित शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, स्वच्छता, पोषण र खोपसँग सम्बन्धित विभिन्न क्रियाकलापहरू एकीकृत रूपमा प्रवर्धन भएकाले हाल आएर उक्त मृत्युदर करीव १ हजारको हाराहारीमा सीमित भएको छ । बाल मृत्युदरमा कमी र सरसफाइमा भएको सुधारका कारण बालबालिकामा हुने पुड्कोपन नियन्त्रण गर्न समेत बलियो आधार तयार भएको छ ।

खुला दिसामुक्त अभियानद्वारा सृजित व्यापक जनचेतनाका कारणले गर्दा सन् २०१५ को विनाशकारी भूकम्प र वर्षेनी बाढीबाट प्रभावित समुदायहरूमा समेत झाडापखालाजन्य घटनाहरू देखा पर्न सकेनन् । सन् २००९ मा जाजरकोट र रूकुम लगायत वरपरका अन्य जिल्लाहरूमा देखा परेको हैजा र झाडापखालाजन्य महामारीका घटना पश्चात सरसफाइ प्रवर्धनप्रति राज्य थप संवेदनशील बन्न पुगेको छ । सरसफाइमा ध्यान दिएकै कारण यस्ता महामारीका घटनाहरू क्रमिक रूपमा इतिहासमा सीमित हुन पुगेका छन् ।

### घ. विकास निर्माणमा स्वस्थ प्रतिस्पर्धाको थालनी

विगत एक दशकमा भौगोलिक, सामाजिक, सांस्कृतिक र आर्थिक विविधताका बीचमा प्रत्येक जिल्लामा खुला दिसामुक्त अभियानको साझा माहौल व्याप्त रह्यो । ढिलोचाँडो, सबै जिल्लाले आ-आफ्नो जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने समयसीमा तोकेर काम गरे र अन्ततः सफल पनि भए । खुला दिसामुक्त अवस्था हासिल

## १.१५. सरसफाइ अभियानका बहुआयामिक प्रभावहरू

नेपालमा सञ्चालित सरसफाइ अभियान चर्पी निर्माण र प्रयोगको सीमित परिधिमा मात्र सीमित रहेन। यस अभियानले समाजमा बहुआयामिक प्रभावहरू पाऱ्यो। यस अभियानले देशको जनस्वास्थ्य र वातावरणीय सरसफाइ प्रवर्धन एवं सामाजिक-आर्थिक समुन्नतिमा टेवा पुऱ्याउने प्रभावहरू निम्नलिखित छन् :

### क. एकीकृत विकास प्रक्रियाको अवलम्बन

विगतका दिनमा खानेपानी आयोजनाको एक सामान्य अङ्गका रूपमा हेरिएको सरसफाइ हाल आएर एक व्यापक सामाजिक अभियानका रूपमा विस्तार भएको छ। विभिन्न क्षेत्रगत सरोकारवालाहरूले सरसफाइलाई आ-आफ्नो विकास निर्माणमा सकारात्मक योगदान दिने महत्वपूर्ण आधारका रूपमा स्थान दिएका छन्। सरसफाइ अभियानको सिकाइबाट अन्य विकास निर्माणका कार्यमा समेत एकीकृत रूपमा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने प्रक्रिया संस्थागत भएको छ। यसका साथै सरोकारवालाहरूका छरिएर रहेका तमाम प्रयासहरूलाई एकीकृत गरी स्रोत साधनको अभाव परिपूर्ति गर्न समेत मद्दत पुगेको छ।

### ख. गुणस्तरीय शिक्षामा टेवा

समुदाय र विद्यालयलाई केन्द्रित गरी सञ्चालन भएका तमाम ज्ञानमूलक, सचेतनामूलक र सीपमूलक क्रियाकलापहरू मार्फत चर्पीमा दिसा गर्ने, संवेदनशील घडीमा साबुन पानीले मिची मिची हात धुने, खानेपानी शुद्धिकरण गरेर प्रयोग गर्ने र घर आँगन तथा गाउँ टोलको सरसफाइ कायम गर्ने कार्यमा उल्लेख्य सुधार भएको छ। विद्यालयमा लैंगिकमैत्री शौचालय र महिनावारी स्वच्छता व्यवस्थापनमा क्रमिक सुधार हुँदै जाँदा उमेर पुगेका छात्राहरूले विद्यालय छोड्ने प्रवृत्तिमा उल्लेखनीय रूपमा कमी हुँदै गएको छ। यसबाट शिक्षाको गुणस्तरमा सुधार आउने निश्चित छ।

### ग. बाल मृत्युदरमा उल्लेख्य कमी

पानी र सरसफाइजन्य रोगव्याधिका कारण सन् २००० तिर देशमा वार्षिक रूपमा पाँच वर्ष मुनिका करिब ७ हजार बालबालिकाको मृत्यु हुने गरेकोमा जनस्वास्थ्यमा सुधार गर्ने ठोस उद्देश्य सहित शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, स्वच्छता, पोषण र खोपसँग सम्बन्धित विभिन्न क्रियाकलापहरू एकीकृत रूपमा प्रवर्धन भएकाले हाल आएर उक्त मृत्युदर करीव १ हजारको हाराहारीमा सीमित भएको छ। बाल मृत्युदरमा कमी र सरसफाइमा भएको सुधारका कारण बालबालिकामा हुने पुड्कोपन नियन्त्रण गर्न समेत बलियो आधार तयार भएको छ।

खुला दिसामुक्त अभियानद्वारा सृजित व्यापक जनचेतनाका कारणले गर्दा सन् २०१५ को विनाशकारी भूकम्प र वर्षेनी बाढीबाट प्रभावित समुदायहरूमा समेत झाडापखालाजन्य घटनाहरू देखा पर्न सकेनन्। सन् २००९ मा जाजरकोट र रूकुम लगायत वरपरका अन्य जिल्लाहरूमा देखा परेको हैजा र झाडापखालाजन्य महामारीका घटना पश्चात सरसफाइ प्रवर्धनप्रति राज्य थप संवेदनशील बन्न पुगेको छ। सरसफाइमा ध्यान दिएकै कारण यस्ता महामारीका घटनाहरू क्रमिक रूपमा इतिहासमा सीमित हुन पुगेका छन्।

### घ. विकास निर्माणमा स्वस्थ प्रतिस्पर्धाको थालनी

विगत एक दशकमा भौगोलिक, सामाजिक, सांस्कृतिक र आर्थिक विविधताका बीचमा प्रत्येक जिल्लामा खुला दिसामुक्त अभियानको साभा माहौल व्याप्त रह्यो। ढिलोचाँडो, सबै जिल्लाले आ-आफ्नो जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने समयसीमा तोकेर काम गरे र अन्ततः सफल पनि भए। खुला दिसामुक्त अवस्था हासिल

गर्ने पहल देशव्यापी रूपमा 'अघोषित तर स्वस्थ प्रतिस्पर्धा' जस्तै बन्यो, जो देशमा सरसफाइ अभियानको अत्यन्त सुन्दर पक्षका रूपमा चित्रित हुन पुग्यो ।

अभियानको शैशवकालमा कालीकोट र अछाम जस्ता दुर्गम र पिछडिएका जिल्लाहरूले अथक मेहेनत गरेर आफूलाई पहिलो दश खुला दिसामुक्त जिल्लाको स्थानमा उभ्याउन सफल भए । यस अर्थमा यो अभियान समुदायको तत्परता जाँच्ने कसी जस्तै बन्यो । नागरिकमा इच्छाशक्ति भएमा भौगोलिक कठिनाई, यातायातको असुविधा, गरीबी, प्रतिकूल मौसम जस्ता कुराहरू अभियानको बाधक बन्दैनन् भन्ने कुरा साबित हुन पुग्यो ।

### ङ. पूर्वाग्रहरहित र स्वावलम्बी विकास प्रक्रियाको सुदृढीकरण

देशका सबै जिल्लाहरूमा तत्कालीन गाविस, नगरपालिका तथा जिल्ला स्तरका समन्वय समितिहरू गठन भई क्रियाशील भए । फलस्वरूप यी समन्वय समितिहरूले लामो समयदेखि स्थानीय निकायमा जनप्रतिनिधि विहीन अवस्थाको रिक्ततालाई समेत केही हदसम्म भए पनि पूरा गरे । राजनैतिक स्वार्थभन्दा माथिको एजेण्डा बन्नु खुला दिसामुक्त अभियानको अर्को सकारात्मक पाटो हो । खुला दिसामुक्त अभियानमा सबै राजनीतिक दलहरूले ऐक्यबद्धता जनाउँदै सहकार्यको उत्कृष्ट नमूना प्रस्तुत गरेका छन् ।

सम्पूर्ण नेपालीको अपार सहभागिता र पूर्ण अपनत्वका साथ सञ्चालित खुला दिसामुक्त अभियानको माध्यमबाट नेपालको सामाजिक-सांस्कृतिक एकीकरण, विकास र रूपान्तरणमा उल्लेखनीय योगदान पुगेको छ । सरसफाइ अभियान मार्फत विभिन्न क्षेत्रगत सरोकारवालाहरूबीच सहकार्यको संस्कृति मौलाउँदै गएको छ । चुनौतीलाई सबै सरोकारवालाहरूसँग बाँडेर कमजोर बनाउने तर उनीहरूको शक्तिलाई एकै ठाउँमा संचय गरी चुनौतीको सम्बोधन गर्दै अघि बढ्ने सृजनशील सोच र कार्यशैलीको विस्तार भएको छ । चर्पी निर्माणका लागि युगौंदेखि बाह्य अनुदानको आश गरी परनिर्भर बन्न पुगेका घरधुरीले समेत आफ्नै प्रयासमा चर्पी निर्माण र प्रयोग गरी सगर्व खुला दिसामुक्त क्षेत्रका बासिन्दाको चिनारी दिन सफल भएका छन् । सुधारिएको सरसफाइ समुदायको जीवन पद्धति बन्न पुगेको छ । सरसफाइ अभियानले समुदायको नेतृत्व विकासमा ठोस योगदान दिएको छ ।

### च. विकासका अन्य आयामहरूमा सकारात्मक प्रभाव

नेपालको सरसफाइ अभियान अन्य विकास निर्माणको भऱ्याङ (डेभलपमेन्ट ल्याडर) समेत बन्न पुगेको छ । देशमा अवलम्बन गरिएका 'खुला दिसामुक्त' र 'पूर्ण सरसफाइ युक्त' जस्ता सरसफाइका मोडेलहरूबाट अन्य विकास निर्माणका प्रयासहरू उल्लेखनीय र सकारात्मक रूपमा प्रभावित भएका छन् । उदाहरणका लागि छाउपडीमुक्त समुदाय, पूर्ण साक्षरता र खोपयुक्त पालिका, सुरक्षित पानीयुक्त समुदाय र अँध्यारोमुक्त समुदाय, धुवाँमुक्त समुदाय, प्लाष्टिकको झोलामुक्त समुदाय आदि घोषणा गर्ने लगायतका विकास निर्माणका कार्य लोकप्रिय र देशव्यापी बन्दै गएका छन् । यस अर्थमा नेपालको सरसफाइको अभियानलाई विशिष्ट मौलिक अभियानको दर्जा दिन सकिन्छ, जसले विकासका अन्य पहलहरूलाई पनि झकझक्याएको छ ।

### छ. नागरिक हकको प्रत्याभूति

नेपालको सरसफाइ अभियानले सृजना गरेको व्यापक उत्प्रेरणा, जन जागरण र सफलताका कारण राज्यद्वारा नेपालको संविधानमा खानेपानी र सरसफाइलाई नागरिकको मौलिक अधिकारका रूपमा संस्थागत गरिएको छ । स्थानीय शासन सञ्चालन ऐन २०७४ ले खुला दिसामुक्त र सरसफाइका अन्य क्रियाकलाप प्रवर्धन गर्नका लागि

स्थानीय सरकारलाई मुख्य रूपमा जिम्मेवारी लिन बाध्य बनाएको छ । त्यसैले तीनै तहका सरकारहरू सरसफाइका मुद्दाहरू सम्बोधन गर्न अझ बढी जिम्मेवार र उत्तरदायी बन्न पुगेका छन् ।

खुला दिसामुक्त राष्ट्रको घोषणाले सरसफाइको सुविधा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गरेको नेपालको संविधानको मर्मलाई सम्बोधन गरेको छ । खुला दिसामुक्त राष्ट्र घोषित भएको दिनदेखि नेपाल 'सबैलाई आधारभूत सरसफाइ पुऱ्याउने' राष्ट्रिय लक्ष एवं 'आधारभूत सरसफाइ सुविधाको पहुँचबाट कोही नछुटुन्' भन्ने दिगो विकास लक्ष्यको उद्देश्य प्राप्त गरी सरसफाइमा थप एक सिंढी उक्लिएको छ । यो उपलब्धि 'समृद्ध नेपाल, सुखी नेपाली' को परिकल्पनालाई साकार बनाउने यात्राको एक महत्वपूर्ण कोसे ढुंगा पनि बन्न पुगेको छ ।

### ज. वातावरणीय स्वच्छता र पर्यटन प्रवर्धनमा टेवा

धार्मिक, सांस्कृतिक र वातावरणीय दृष्टिले महत्वपूर्ण नदी, ताल तलैया र मठ मन्दिरको सरसफाइ गर्ने कार्यमा घनीभूत रूपमा राज्य र सरोकारवालाहरू क्रियाशील रहेको अवस्था छ । साथै सरसफाइको क्षेत्रमा 'सरसफाइ पर्यटन' को अवधारणाको समेत प्रवेश भएको छ । बृहत रूपमा सञ्चालन भएको वाग्मती सरसफाइ र जनकपुरधामस्थित सरोवरहरूको सफाइ यसका उदाहरण हुन् । कतिपय समुदायका वासिन्दाहरूले आफ्नो समुदाय खुला दिसामुक्त घोषणा भएपछि घरघरमा होमस्टे सञ्चालन गरेका छन् । वातावरण, पर्यटन र जीविका प्रवर्धन सम्बन्धी विभिन्न पक्षहरूको बारेमा यस पुस्तिकामा प्रकाश पारिएको छ ।

## १.१६. अवरोध र चुनौती

सरसफाइको हाम्रो विगत निराशाजनक नै थियो । आम समुदाय र सरकार दुवैका लागि सरसफाइ अन्य विकास निर्माणका क्षेत्र जस्तो प्राथमिकता प्राप्त क्षेत्र बन्न सकेको थिएन । समुदाय र विद्यालय तहमा सञ्चालित छरिएर रहेका सरसफाइका स-साना क्रियाकलापहरू मार्फत झाडा पखालाजन्य रोगव्याधिमा कमी आउन सकेनन् । सन् २००९ मा रुकुम र जाजरकोट लगायत देशका अन्य जिल्लाहरूमा देखा परेको झाडापखाला र हैजाको महामारी एवं तराईका समुदायमा व्याप्त खुला ठाउँमा दिसा गर्ने प्रवृत्ति कायम हुनुले पनि सरसफाइ प्रवर्धनका हाम्रा विगतका प्रयासहरू अपर्याप्त रहेको कुरा पुष्टि गर्दछ ।

मुख्य रूपमा एक दशक अघिदेखि तीव्र रूपमा अघि बढेको खुला दिसामुक्त अभियानले जनस्वास्थ्य, सामाजिक रूपान्तरण र पर्यावरणीय स्वच्छताका विभिन्न पक्षहरूमा सकारात्मक प्रभाव पारेको छ । तथापि यो अभियान चुनौतीरहित भने हुन सकेको छैन । उदाहरणका लागि यदाकदा चर्पीको प्रयोग नगर्ने गरेको, नेपालका पश्चिमी जिल्लाका केही समुदायमा महिनावारीको समयमा महिलाहरूलाई चर्पीको प्रयोगमा बन्देज लगाइनु, घरायसी र विद्यालय तहमा सबैले संवेदनशील घडीमा साबुन पानीले हात धुने अभ्यास अवलम्बन नगर्नु यस अभियानका चुनौती हुन् ।

यसैगरी समुचित सरसफाइ, पानी र मर्मत सम्भारको अभावमा मूलतः विद्यालय र स्वास्थ्य संस्थाका शौचालय प्रयोगविहीन अवस्थामा रहनु, अपर्याप्तता र समुचित व्यवस्थापनको अभावमा सार्वजनिक शौचालय फोहोर बन्नु र खासगरी ठूला शहरी क्षेत्रमा जनसंख्याको अनुपातमा सार्वजनिक शौचालयहरूको संख्या कम हुनु पनि महत्वपूर्ण

चुनौतीका रूपमा उभिएका छन् । राजमार्गका यात्रुहरू लगायत इँटाभट्टा र चिया बगान क्षेत्रका साथै बालीनाली काट्ने समयमा खेतबारीमा जम्मा हुने ठूलो संख्याका श्रमिकहरूका लागि चर्पीको अभाव रहेको कारणले गर्दा खुला दिसामुक्त अवस्था कायम गर्न कठिनाई उत्पन्न भएको छ । त्यसैगरी सोच, सीप, स्रोत साधन र उपयुक्त प्रविधिको अभावमा शहरी र घना बस्ती भएका स्थानहरूमा सेप्टिक ट्याङ्की र चर्पीमा जम्मा भएको दिसाजन्य लेदोको व्यवस्थापन र सुरक्षित विसर्जन गर्ने कार्य ठूलो चुनौती बन्दै गएको छ ।

खुला दिसामुक्त अभियानले आजको सफलता हासिल गर्नु भन्दा पहिले तराइका कतिपय समुदायमा घरधुरीमा चर्पीको अभाव भएका कारणले प्रत्येक गाउँ बस्ती नजिकका सडकहरू मानिसको दिसाले गर्दा दिनहुँ फोहोर हुने गर्दथे । घर बाहिर दिसा बस्नु पर्ने कठिनाईका कारण महिलाहरूले पेट भरी खाना नखाने गरेको, दिनको उज्यालोमा खुला ठाउँमा शौच बस्न असंभव भएकाले धेरै महिला 'उज्यालोका बन्दी' सरह भएर शौचका लागि राती निस्कनु पर्ने अवस्था रहेकाले अनेकन दुर्घटना र आपराधिक घटनाहरू सार्वजनिक भएका छन् ।

खुला दिसामुक्त अवस्थापछि यस्ता चुनौतीहरू सम्बोधन भई सरसफाइमा पूर्णता प्राप्तिको मार्ग विस्तार हुँदै जानेछ । सन् २०१५ को विनाशकारी भूकम्प र वर्षा याममा तराई क्षेत्रमा देखा पर्ने बाढीका कारणले उल्लेख्य मात्रमा चर्पीको संरचना ध्वस्त हुन गई खुला दिसामुक्त घोषणा गर्ने कार्यमा ठूलो धक्का पुगेको थियो । उदाहरणका लागि सन् २०१५ मै घोषणाको संघारमा पुगेका भूकम्प प्रभावित सिन्धुपाल्चोक र दोलखा जिल्ला हालै मात्र खुला दिसामुक्त घोषित क्षेत्र बन्न सफल भएका छन् ।

यसका अतिरिक्त संघीय शासन प्रणाली अन्तर्गत प्रदेश र स्थानीय सरकार संस्थागत हुँदै गरेको कारणले उनीहरूको प्राथमिकता सरसफाइको तुलनामा विकास निर्माणका अन्य पक्षहरूमा रहेकाले संघीयता लागू भएपछिको केही समय देशको खुला दिसामुक्त अभियानमा विगतको तुलनामा केही शिथिलता देखा परेको थियो भने घोषित स्थानहरूमा तत्काल पूर्ण सरसफाइका क्रियाकलापहरू सञ्चालन हुन सकेका थिएनन् । तथापि पालिकाहरूले सरसफाइका लागि बजेट विनियोजन गर्न थालेका छन् ।

वर्तमान समयसम्म आईपुग्दा माथि उल्लिखित तमाम चुनौतीहरू क्रमिक रूपमा सम्बोधन हुँदै गएका छन् भने पूर्ण सरसफाइको चरणमा संपूर्ण रूपले सम्बोधन गरिनेछन् । जसका लागि आवश्यक स्थानहरूमा सरसफाइका सुविधाहरू निर्माण, मानिसको 'बानी व्यवहार परिवर्तन', सञ्चार सम्बन्धी क्रियाकलाप सञ्चालन, ठूलो संख्यामा मानिस जमघट हुने स्थान र श्रमिक र कामदार जम्मा हुने स्थानहरूमा सुरक्षित प्रकारका अस्थायी र घुम्ती शौचालयको प्रावधानका अतिरिक्त वातावरणीय सरसफाइ सम्बन्धी आचार संहिता र कानुनको परिपालना जरुरी देखिन्छ ।

## १.१७ खुला दिसामुक्त अवस्थाको दिगोपन

संस्थागत, प्राविधिक, वित्तीय, सामाजिक-सांस्कृतिक, व्यवहारगत र वातावरणीय आयामहरूका दृष्टिले नेपालको खुला दिसामुक्त अवस्थाको दिगोपन सम्बन्धी क्षेत्रगत अनुभव र अध्ययन अनुसन्धानका सिकाई एवं निष्कर्षहरूलाई तालिका नं. ३ मा संक्षिप्त रूपमा उल्लेख गरिएको छ । खुला दिसामुक्त अभियानको क्रममा देखा परेका अवसरहरूलाई विस्तार गर्दै लैजाने र चुनौतीहरूको समाधानका लागि स्थानीय सरकार र सम्बद्ध सरोकारवालाहरू व्यवस्थित र संगठित तवरले क्रियाशील हुन पुग्ने हो भने पूर्ण सरसफाइ पनि गतिशील, नतिजामुखी र दिगो अभियान बन्ने देखिन्छ ।

## तालिका नं ३ : क्षेत्रगत अनुभव र अध्ययन अनुसन्धानका सिकाई एवं निष्कर्षहरू

| दिगोपनका आयामहरू | मुख्य सिकाई एवं निष्कर्षहरू |
|---|---|
| संस्थागत | ★ प्रदेश, जिल्ला र पालिका तहमा समन्वय संयन्त्र (समन्वय समिति तथा कार्यदल) संस्थागत भई खुला दिसामुक्त अभियानमा क्रियाशील रहेको,<br>★ विद्यालय तहको बाल क्लब तथा स्थानीय महिला समूह र उपभोक्ता समिति मार्फत खुला दिसामुक्त अभियानमा टेवा पुगेको,<br>★ संघीय संरचना अन्तर्गत नियमित बजेटको अभावमा मुख्य गरी जिल्ला तहको समन्वय समितिको कार्य सम्पादनमा कठिनाई देखा परेको, र<br>★ खुला दिसामुक्त घोषणा पश्चात समन्वय समितिहरू एवं समुदाय तुलनात्मक रूपले कम सक्रिय रहेका । |
| प्राविधिक | ★ घरधुरीमा समान्यतः पक्की संरचना भएका चर्पीको निर्माण भएको तथापि खुला दिसामुक्त घोषित केही स्थानमा छिटपुट रूपमा कच्ची चर्पीको निर्माण र प्रयोग भएको,<br>★ जमिन माथिको संरचना कच्ची भएको चर्पीको प्रयोगमा उपभोक्ताहरू (मुख्यतः महिला र बालबालिकाहरू) उदासीन रहने गरेको,<br>★ पानीको अभावमा विद्यालय र स्वास्थ्य संस्थाका चर्पीको समुचित प्रयोगमा बाधा पुगेको,<br>★ स्वास्थ्य संस्था र सार्वजनिक स्थलका चर्पीहरू अपाङ्गता भएका व्यक्ति र महिनावारी स्वच्छता व्यवस्थापनका दृष्टिले कमजोर रहेको,<br>★ चर्पी निर्माण, प्रयोग र मर्मत सम्भार सम्बन्धी कार्य सञ्चालन विधि, औजार र उपकरणको अभाव रहेको,<br>★ भूकम्प र बाढीको असर प्रतिरोधी चर्पीका मानक, प्रविधि, संरचना र व्यवस्थापन सम्बन्धी ज्ञान र सीपको अभाव रहेको, र<br>★ विभिन्न भौगोलिक क्षेत्रका लागि उपयुक्त र दिगो हुने खालका चर्पीको प्रविधिको विस्तार हुन नसकेको । |
| वित्तीय | ★ पालिकाहरुद्वारा चर्पी निर्माण र सरसफाइ प्रवर्धनका लागि क्रमशः बजेट वृद्धि हुँदै गरेको,<br>★ डाले योजना मार्फत खुला दिसामुक्त अभियानका लागि विभिन्न क्षेत्रगत सरोकारवालाहरूको स्रोत साधन एकीकृत रूपमा परिचालन गर्न र सहलगानीका अवसरहरू प्रवर्धन भएको,<br>★ चर्पी निर्माणका लागि स्थानीय तहमा सहुलियत ब्याज दरको ऋण परिचालन हुने गरेको,<br>★ स्थानीय सरकारद्वारा सरसफाइमा नमूना समुदाय र नमूना विद्यालयलाई पुरस्कार स्वरूप थप विकास बजेट, नगद र वस्तुगत सहयोग प्रदान हुने गरेको,<br>★ वैदेशिक रोजगारीको विप्रेषण मार्फत चर्पी निर्माणमा तीव्रता हासिल भएको,<br>★ सम्पूर्ण घरधुरीलाई चर्पी निर्माणका लागि अनुदान प्रदान गर्ने पद्धतिको अन्त्य भएको तर स्थानीय सरकार र दानवीरहरुद्वारा विपन्न र अशक्त व्यक्तिलाई नगद र वस्तुगत सहयोग प्रदान हुने गरेको,<br>★ विद्यालय र स्वास्थ्य संस्थामा लक्षित रूपमा मर्मत सम्भार कोष र योजना स्थापना हुन नसकेको, र<br>★ हिमाली र पहाडी क्षेत्रमा निजी उद्यमी मार्फत लगानी र सरसफाइका सामग्री आपूर्ति संयन्त्र कमजोर रहेको । |

| | |
|---|---|
| सामाजिक-सांस्कृतिक | ★ आम समुदायले चर्पीलाई सामाजिक प्रतिष्ठाको विषय बनाएको,<br>★ सामाजमा आपसी मेलमिलाप र सौहार्दता कायम गर्नका लागि सरसफाइ अभियान एक प्रभावकारी साधन बन्न पुगेको,<br>★ छिमेकीको सहयोग र युवाहरूको सक्रियताले केही अशक्त व्यक्तिको घरधुरीमा चर्पी निर्माण गर्ने कार्य सम्भव भएको,<br>★ समुदायका सामाजिक-सांस्कृतिक पर्व र उत्सवहरूमा सरसफाइका क्रियाकलापहरू प्रवर्धन हुने गरेको र खुला दिसामुक्त घोषणा गर्ने कार्य सामाजिक उत्सवकै रूपमा विस्तार हुन पुगेको,<br>★ सरसफाइ प्रवर्धनमा सबै जात, जाति र वर्गको समान सभागिता र अपनत्व रहेको,<br>★ प्रतिष्ठा र आत्मसम्मानको बोधका कारणले आर्थिक हैसियत कमजोर भएका कैयन् घरधुरीमा पनि आफ्नै लगानीमा चर्पी निर्माण हुने गरेको,<br>★ स्थानीय सामाजिक आचारसंहिताको कार्यान्वयन मार्फत स्वस्थकर बानी व्यवहार प्रवर्धन गर्न र खुला दिसा गर्ने अभ्यास निरुत्साहित गर्न उल्लेख्य मद्दत पुगेको,<br>★ व्यक्ति र संस्थालाई सम्मान र कदर गर्ने परिपाटीले खुला दिसामुक्त अभियानमा थप शक्ति प्रदान भएको,<br>★ खुला दिसामुक्त अभियानका लागि व्यक्ति र समुदायहरूको आत्मसम्मान र प्रतिष्ठाको महत्वपूर्ण भूमिका रहेको, र<br>★ छाउपडी प्रथा जस्ता रुढीवादी सोचका कारणले खुला दिसामुक्त अवस्था मार्फत जनस्वास्थ्य प्रवर्धन गर्ने कार्यमा व्यवधान खडा हुन पुगेको । |
| व्यवहारगत | ★ सुरक्षा, आराम र प्रतिष्ठाका कारणले गर्दा मानिसहरूले सरसफाइ र स्वच्छता सम्बन्धी उचित बानी व्यवहार अपनाउन थालेको,<br>★ खुला दिसा गर्ने प्रचलन निरुत्साहित गर्नका लागि सामाजिक आचारसंहिता र सहभागीतामूलक गस्ती र निगरानी गर्ने कार्यले महत्वपूर्ण भूमिका खेलेको,<br>★ सरसफाइ प्रवर्धनमा भौतिक संरचना निर्माण र बानी व्यवहारका पक्षहरूको समान महत्व रहेको भए तापनि अझै पनि स्वस्थकर बानी व्यवहारको विकास गर्ने तर्फ आम समुदायको कम ध्यान रहेको र बानी ब्यवहार प्रवर्धनको गति सुस्त रहेको,<br>★ संवेदनशील घडीमा साबुन पानीले हात धुने सम्बन्धी ज्ञान र व्यवहारमा उल्लेख्य अन्तर रहेको र बच्चाको दिसाले गर्ने हानीलाई कम आँकलन गर्ने गरेको,<br>★ विभिन्न लक्षित समूहहरूलाई उपयुक्त हुने खालका दिगो बानी व्यवहार परिवर्तन सम्बन्धी विधि, औजार र सचेतानामूलक सामग्रीको अभाव रहेको,<br>★ हात धुनका लागि पर्याप्त पानीको सहज उपलब्धता र पहुँचको अभावमा खुला दिसामुक्त घोषित स्थानहरूमा समेत व्यक्तिगत स्वच्छता कायम गर्न कठिनाई रहेको, र<br>★ यदाकदा चर्पीको प्रयोग नगर्ने गरेको । |
| वातावरणीय | ★ खुला दिसामुक्त अभियान मार्फत घर आँगन, विद्यालय, सार्वजनिक स्थलहरू र समुदायको सरसफाइ र सुन्दरता कायम गर्न उल्लेखनीय योगदान पुगेको,<br>★ खुला दिसामुक्त घोषणा अभियान सँगै धुवाँमुक्त घर, प्लास्टिकको झोला मुक्त समुदाय र ठोस फोहोर मुक्त नदीनाला विकास गर्ने जस्ता वातावरण मैत्री कदमहरू प्रवर्धन गरिएको, |

| | |
|---|---|
| | ✯ पर्याप्त र सुरक्षित चर्पीको अभावमा राजमार्ग र सार्वजनिक स्थलहरूमा खुला दिसामुक्त अवस्था कायम राख्न कठिनाई रहेको, र<br>✯ खुला दिसामुक्त घोषणा गर्ने कार्यमा सरोकारवालाहरूको प्रचुर ध्यान पुगेको भए तापनि चर्पी र सेप्टिक टयांकमा संकलित दिसाजन्य लेदोको सुरक्षित संकलन, प्रशोधन र विसर्जनमा कम चासो र क्षमता रहेको । |

## १.१८ नेपालको सरसफाइ अभियानमा नीहित मौलिक विशिष्टताहरू

देशका प्रत्येक घरधुरीमा चर्पीको पहुँच सुनिश्चित गर्दै जनस्वास्थ्य प्रवर्धनको राष्ट्रिय लक्षमा टेवा दिने उद्देश्यले सरकार एवं सरोकारवालाहरूको सहकार्यमा देशब्यापी रूपमा सञ्चालित खुला दिसामुक्त अभियान हाम्रो विशिष्ट मौलिक अभियान हो । यसको उद्देश्य नेपालका प्रत्येक घरमा चर्पीको प्रयोग सुनिश्चित गरेर जनस्वास्थ्य प्रवर्धन गर्नु रहेको छ । परियोजना केन्द्रित ढाँचाबाट अगाडी बढेर सामाजिक अभियानको रूपमा गतिशील बन्न पुगेको सरसफाइको यो अभियानमा प्रत्येक व्यक्ति, घर परिवार तथा समुदायको अपनत्व रहेको छ । मुख्यतः गुरूयोजना कार्यान्वयनसँगै नेपालको सरसफाइ क्षेत्रमा उल्लेखनीय रूपले प्रगति हासिल भएको छ । नेपालको सरसफाइ सम्बन्धी नीतिगत पक्ष, कार्य सञ्चालन विधि, स्रोत साधन परिचालन, सरोकारवालाहरू बीचको साझेदारी एवं सचेतना र पैरवीसँग सम्बन्धित मौलिक विशिष्टताहरू एवं सोको प्रभाव र उपलब्धिलाई तालिका नं. ४ मा उल्लेख गरिएको छ :

### तालिका नं ४. : सरसफाइ क्षेत्रमा नीहित मौलिक विशिष्टताहरू


| क्र.सं | मौलिक विशिष्टताहरू | प्रभाव र उपलब्धि |
|---|---|---|
| १ | सरसफाइ प्रवर्धनमा राजनीतिक क्षेत्रको क्रियाशीलता र प्रतिबद्धता रहनु | राजनीतिक दलको निर्वाचन घोषणापत्र मार्फत सरसफाइ प्रवर्धनमा सहयोगी वातावरण निर्माण हुनुका साथै सरसफाइका लागि आवश्यक पर्ने नीति तर्जुमा र बजेट व्यवस्थापनमा ठोस मद्दत पुगेको । |
| २ | विभिन्न क्षेत्रगत नीतिहरूमा सरसफाइ प्रवर्धनका लागि ठोस प्रावधान रहनु | खानेपानी र सरसफाइ क्षेत्रमा मात्र सीमित बन्न पुगेको सरसफाइका विषयले अन्य क्षेत्रगत नीति तथा कार्यक्रमहरूमा स्थान पाएर देशब्यापी रूपमा सरसफाइको सेवा र सुविधा विस्तार भएको । |
| ३ | गुरूयोजनाका मार्गदर्शक सिद्धान्तको पूर्ण रूपमा परिपालना हुनु | गुरूयोजनाको मार्गदर्शक सिद्धान्तको कार्यान्वयन मार्फत सरसफाइ प्रवर्धन र लगानीका ढाँचामा रहेको बेमेल पूर्ण अवस्था अन्त्य हुन पुगी कार्यक्रम प्रवर्धनमा स्तर र एकरूपता कायम भएको । |
| ४ | एकल सरसफाइ कार्यक्रम विस्तार हुनु | मूलतः खानेपानी आयोजना क्षेत्रमा सीमित रूपमा सञ्चालित सरसफाइका क्रियाकलापहरू भन्दा धेरै अघि बढेर सरकार एवं विकास साझेदार निकायद्वारा एकल सरसफाइ कार्यक्रम विस्तार गरी पालिका, जिल्ला र समग्र देशलाई नै खुला दिसामुक्त घोषणा गर्ने कार्यमा थप शक्ति र गति हासिल हुन पुगेको । |

| | | |
|---|---|---|
| ५ | केन्द्र, प्रदेश, जिल्ला र पालिका तहमा बहु क्षेत्रगत सरोकारवालाहरू सम्मिलित समावेशी संस्था क्रियाशील रहनु | बहु क्षेत्रगत समावेशी संस्थाहरूको विभिन्न तहमा भएको क्रियाशीलताले सरसफाइ प्रवर्धनप्रति विकास निर्माणका अन्य क्षेत्रहरूको अपनत्व र सहयोग हासिल भएको । |
| ६ | जिल्ला र पालिका तहमा नतिजामुखी रणनीतिक कार्ययोजनाको तर्जुमा र कार्यान्वयन हुनु | बहु क्षेत्रगत सरोकारवाला, विकास साझेदार संघ संस्था एवं स्थानीय सरकारको पूर्ण अपनत्व, सहलगानी र सहकार्य मार्फत निश्चित समयसीमा भित्र लक्ष्य सहितको ठोस कार्ययोजना कार्यान्वयन मार्फत स्रोत साधनको अभाव परिपूर्ति हुनुका साथै खुला दिसामुक्त घोषणा गर्ने कार्यले तीव्रता हासिल गरेको । |
| ७ | पालिका क्षेत्रलाई सरसफाइको आधारभूत इकाईको रूपमा चयन गरिनु | केही घरधुरी, स-साना टोल र विद्यालयको सेवा क्षेत्रहरूलाई लक्षित गरी विगतमा सञ्चालित खुला दिसामुक्त घोषणा गर्ने कार्यको दायरा विस्तार भई पालिका क्षेत्र खुला दिसामुक्त घोषित हुँदै छोटो समयावधिमै पूरै जिल्ला घोषणा गर्न सफलता मिलेको । |
| ८ | सरसफाइ सम्मेलन मार्फत व्यापक रूपमा नागरिक सचेतना र प्रतिबद्धता हासिल हुनु | पालिका र जिल्लामा क्रियाशील राजनीतिक दलका नेता, विभिन्न क्षेत्रगत सरोकारवालाहरू, विकास साझेदार संघ संस्था, सञ्चारक्षेत्र, नागरिक समाज, निजी उद्यमी, उपभोक्ता समिति, महिला समूह, स्थानीय क्लब, विद्यालय, आदिका प्रतिनिधिहरू बीच सरसफाइ सम्बन्धी चुनौती र अवसरहरू सम्बन्धमा गहन रूपमा छलफल गरी सरसफाइ घोषणापत्र जारी गरी सबै सरोकारवालाहरूको सहलगानी, सहकार्य र प्रतिबद्धताले खुला दिसामुक्त घोषणा गर्ने कार्य विस्तारमा उल्लेखनीय सफलता हासिल भएको । |
| ९ | सामाजिक आचार संहिताको प्रभावकारी रूपमा परिपालना हुनु | सुरक्षित तवरले चर्पीमा दिसा गर्ने कार्यलाई अवलम्बन गर्न र अस्वस्थकर बानी व्यवहारलाई निरुत्साहित गर्नका लागि सामाजिक आचार संहिता प्रभावकारी साधन बन्न पुगेको । |
| १० | सामाजिक, सांस्कृतिक र धार्मिक अवसरहरूमा सरसफाइका विषयबारे सशक्त बहस पैरवी हुनु | सामाजिक, सांस्कृतिक र धार्मिक अवसरहरूमा सरसफाइका क्रियाकलापहरू एकीकृत गरी प्रवर्धन गर्दा सरसफाइ र स्वच्छताको महत्वप्रति आम समुदायको सकारात्मक र अमिट छाप परेको । |
| ११ | सरसफाइ प्रवर्धनका सफल विधिहरूको व्यापक अनुसरण हुनु | एउटा समुदायमा सरसफाइ प्रवर्धनका लागि अपनाइएको सफल विधिलाई अर्को समुदायमा अवलम्बन गर्दा अभियान सञ्चालनमा सरलता र प्रभावकारिता थपिएको । |
| १२ | अनुदानरहित विधिले ब्यापकता पाउनु | चर्पी निर्माण प्रतिको परनिर्भरता हटन पुगी समुदायमा निहित अपार स्रोत साधन परिचालन मार्फत चर्पी निर्माणमा ब्यापकता आएको छ भने स्थानीय सरकार र समुदायको प्रयासमा विपन्न र अशक्त व्यक्तिहरूका लागि चर्पी निर्माणका लागि सहयोग परिचालन भएको । |

| | | |
|---|---|---|
| १३ | सम्मान र कदरको परिपाटी संस्थागत हुनु | सरसपत्राइमा उल्लेखनीय योगदान दिने व्यक्ति र संघ संस्थालाई सरसपत्राइ सम्बन्धी विशेष अवसरहरूमा सम्मान, कदर र पुरस्कृत गर्दा उनीहरू सरसपत्राइप्रति अभ्र बढी अभिप्रेरित हुन पुगेको । |
| १४ | सरसफाइको कमजोर अवस्था भएका स्थानहरूमा सघन रूपमा प्रवर्धनात्मक कार्य सञ्चालन हुनु | संघीय सरकारद्वारा सरसपत्राइमा पछि परेका तराईका जिल्लाहरूलाई विशेष रूपमा लक्षित गरी तराई सरसफाइ सम्मेलन, जिल्ला तहका समन्वय समितिको अन्तर जिल्ला विस्तारित कार्यशाला, समुदायमा सरसपत्राइ शिविर सञ्चालन, सामाजिक दबाब र उत्प्रेरणा, सरसफाइ गस्ती, सहजीकरण गर्ने संस्थालाई प्रतिफलमा आधारित भुक्तानी प्रक्रिया, विपन्न घरधुरीलाई सहयोग एवं सरसपत्राइ बजारीकरणका क्रियाकलापहरू सञ्चालन गर्दा छोटै समयसीमा भित्रै ठूलो संख्यामा चर्पी निर्माण र प्रयोग भएको । |
| १५ | सक्ने, हुँदै नसक्ने तर्फ सरसफाइका कदमहरू लक्षित हुनु | अचेतलाई सचेत बनाउने र अटेरीलाई सामाजिक दबाब दिने रणनीति अवलम्बन गरी शुरुमा आर्थिक रूपले सम्पन्न घरधुरीलाई लक्षित गरी सचेतना र दबाबमूलक कार्य मार्फत चर्पी प्रवर्धन गर्दै जाने र अन्तमा अशक्त र विपन्नलाई सहयोग गर्ने नीति मार्फत द्रूततर रूपमा चर्पी निर्माणमा उपलब्धि हासिल भएको । |
| १६ | स्थानीय तहका मौलिक विधिहरूलाई प्रोत्साहन प्रदान गरिनु | सरसपत्राइ कमाण्डो, दानवीर व्यक्तिलाई सम्मान र कदर, अन्तर जिल्ला अध्ययन भ्रमण, विवाहमा चर्पीको प्यान दाइजो दिने, अनुगमनका लागि सरसफाइ कार्डको प्रयोग गर्ने, ड्रोन मार्फत अनुगमन गर्ने, सञ्चारकर्मीको आक्रामक र सृजनात्मक सरसफाइ मिसन आदि जस्ता मौलिक विधिहरूको प्रयोग मार्फत चर्पी निर्माण र खुला दिसा गर्ने प्रचलनको अन्त्य गर्न उल्लेख्य सफलता मिलेको । |
| १७ | क्षेत्रगत प्रज्ज्वलन पद्धतिको प्रयोग | क्षेत्रगत प्रज्ज्वलन सहित स्थानीय तहका एकीकृत योजना, सह लगानी, सरसफाइ सम्मेलन र संयुक्त अनुगमनको माध्यमबाट विभिन्न क्षेत्रगत सरोकारवालाहरू सरसफाइ प्रवर्धनका लागि अत्यधिक रूपमा प्रज्ज्वलित हुन पुगेको । |
| १८ | सरसफाइमा नमूना विद्यालय, समुदाय र जिल्ला प्रवर्धन | सरसपत्राइमा नमूना स्थल विकास गर्ने अभ्यासले सरोकारवालाहरू बीच स्वस्थ प्रतिस्पर्धा विकास गरी यस्तो अवस्था हासिल गर्नका लागि थप शक्तिका साथ सरसफाइ विस्तार हुन पुगेको । |
| १९ | सरसफाइ प्रवर्धनमा आयोजना ढाँचाको सट्टा अभियान ढाँचा स्थापित हुनु | सरसपत्राइ समय सीमाभित्र बाँधिएको आयोजनाको साटो समाजका सबै व्यक्तिहरूको सहभागिता र अपनत्व रहेको एक सामाजिक अभियान बन्न पुग्दा खुला दिसामुक्त अवस्था हासिल गर्ने कार्य स्वस्थ प्रतिस्पर्धाका रूपमा अघि बढेको छ, जसलाई सबै सरसपत्राइका लागि र सरसफाइ सबैका लागि भन्ने आफ्नै मौलिक रणनीतिक दृष्टिकोणले थप गतिशील बनाउन सहयोग गरेको । |

## १.१९ खुला दिसामुक्त घोषणा पश्चातको कदम र दिगो सरसफाइ

सन १९९९ तिर डा. कमल कारद्वारा बंगलादेशमा समुदायको अगुवाईमा पूर्ण सरसफाइ पद्धतिको प्रतिपादनसँगै सरसफाइको क्षेत्रमा 'खुला दिसामुक्त' र 'पूर्ण सरसफाइ' दुई महत्वपूर्ण अवधारणाहरूको प्रवेश भएको हो । पूर्ण सरसफाइ अन्तर्गत खुला दिसा गर्ने प्रवृत्ति रोक्ने, प्रत्येक व्यक्तिले स्वस्थकर चर्पीको प्रयोग गर्ने, जोखिमपूर्ण समयमा (खाना तयार गर्नु र खाना खानु अघि, चर्पीको प्रयोग गरेपछि, बच्चाको दिसा धोएपछि र पशुपंक्षी छोएपछि) साबुन पानीले हात धुने, खाना र पानी सुरक्षित रूपले प्रयोग गर्ने तथा जनावर र घरायसी फोहोरमैलाको सुरक्षित विसर्जन गर्ने लगायतका कार्य समावेश गरी सफा र सुरक्षित वातावरण कायम गरिन्छ । गुरूयोजना अनुसार पूर्ण सरसफाइ भन्नाले तोकिएको क्षेत्रमा (बस्ती, टोल, विद्यालय सेवा क्षेत्र, पालिका र जिल्ला) विभिन्न सरसफाइका सुविधा र स्वच्छता प्रवर्धन तथा बानी व्यवहार विकासका माध्यमबाट सरसफाइयुक्त अवस्था हासिल गर्नु हो । पूर्ण सरसफाइले बानी व्यवहार परिवर्तनको पहिलो चरणको रूपमा खुला दिसा विसर्जन गर्ने परम्परालाई अन्त्य गर्ने कुरामा ध्यान केन्द्रित गर्दछ । दोस्रो चरण अन्तर्गत दिगो सरसफाइ र स्वच्छता हासिल गर्ने सम्बन्धी सबै व्यवस्थालाई समेट्छ ।




पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसार पूर्ण सरसफाइ अन्तर्गत तोकिएका सूचकहरू पूरा गरी सन् २०३० सम्म सबैका लागि र सधैंका लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्नेतर्फ उन्मुख हुने सोच अनुरूप 'सफा र स्वच्छ क्षेत्र' र 'पूर्ण सरसफाइ उन्मुख क्षेत्र' गरी दुई क्षेत्रको घोषणा गर्ने व्यवस्था रहेको छ । तथापि, यी सूचकहरूलाई आधार मानी स्थानीय तहमा उपयुक्त हुने गरी सूचकहरू परिमार्जन/निर्धारण गर्न सकिनेछ । पूर्ण सरसफाइ निरन्तर चलिरहने प्रक्रिया हो । जस अन्तर्गत संस्थागत सुदृढीकरण, क्षमता विकास, सहभागितामूलक योजना तर्जुमा, सुविधाहरूको निर्माण र मर्मत सम्भार, सचेतना एवं बानी व्यवहार विकास तथा अनुगमन र सुधार लगायतका सचेतना विकास (सफ्टवेयर) र भौतिक संरचना निर्माण (हार्डवेयर) जस्ता कार्यहरू पर्दछन् । पूर्ण सरसफाइका सूचकहरू अनुरूपका सेवा र सुविधाहरूको सुधार र स्तरोन्नति गर्नका लागि विभिन्न तहका समन्वय समितिद्वारा नियमित छलफल र समीक्षा गरिनेछ ।

गुरूयोजनाको कार्यान्वयनसँगै सरकार एवं सरोकारवालाहरूको सहकार्यमा नेपाल खुला दिसामुक्त क्षेत्र घोषित भएको छ । खुला दिसामुक्त क्षेत्र घोषणा पश्चात यसको दिगोपना र पूर्ण सरसफाइका लागि स्थानीय तहमा व्यक्तिगत सरसफाइ, घर, विद्यालय, संस्था, टोल र समुदाय सरसफाइ लगायत खानेपानी शुद्धीकरण, साबुन पानीले हात धुने बानी व्यवहारको विकास र विस्तार, खानेपानीका स्रोतहरूको संरक्षण, ठोस र तरल फोहोर व्यवस्थापन, सडक, नदीनाला, पोखरी सरफाइ आदि कार्यहरू सञ्चालित छन् । नेपाल सरकारले खुला दिसामुक्त अवस्थाको निरन्तरता दिँदै दिगो रूपमा सरसफाइ प्रवर्धन गर्न पूर्ण सरसफाइ मार्गदर्शन २०७३ कार्यान्वयनमा ल्याएको छ । यस मार्गदर्शनलाई आधार मानी विकास साझेदार तथा सरोकारवालाहरू 'स्वस्थ घर', 'स्वस्थ समुदाय', 'तारे विद्यालय', 'पूर्ण सरसफाइको सात झण्डे विद्यालय' र 'सरसफाइ नमूना बस्ती' जस्ता कार्यहरू प्रवर्धन गर्न क्रियाशील रहेका छन् । त्यस्तै, सरसफाइका भौतिक सामग्री तथा सचेतनामूलक पुस्तक, ब्रोसर र दस्तावेजहरूको व्यवस्थापन गरी समुदायको अग्रसरतामा ज्ञान/सिकाई केन्द्रको रूपमा सरसफाइ स्रोतकेन्द्रहरू स्थापना गरिएका छन् । यसै अवधारणा अनुरूप अर्घाखाँची जिल्लाले यस्तो पहल शुरु गरिसकेको छ ।


विद्यालयमा साबुन पानीले उचित तरीकाले हात धुने अभ्यास

खुला दिसामुक्त घोषणा अभियानले ल्याएका परिवर्तलाई संस्थागत र दिगो बनाउँदै बानी व्यवहारको विकास गरी पूर्ण सरसफाइलाई कार्यान्वयनमा ल्याउन खुला दिसामुक्त अवस्थाको समीक्षा तथा पूर्ण सरसफाइ कार्ययोजनाको खाका निर्माण, स्रोत साधन पहिचान र परिचालन, सरसफाइलाई संस्थागत गर्न स्थानीय सामाजिक नीति नियमहरूको तर्जुमा र कार्यान्वयनमा जोड दिइनेछ । यसैगरी विद्यालयमा सरसफाइ कार्यक्रम सुदृढीकरण, स्वास्थ्य संस्थाको सुविधा र भूमिका सुदृढीकरण, सरसफाइ सेवाको स्तरोन्नति, खानेपानी योजनाहरूको दिगो सञ्चालन, व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापन, सेवा विस्तार तथा गुणस्तर अभिवृद्धि, नियमित रूपमा स्व-अनुगमन, संयुक्त अनुगमन र गुणस्तर अनुगमन, समीक्षा तथा सहजीकरण, मर्मत सम्भार कोष व्यवस्थापन आदिलाई सुनिश्चित गरिनेछ । यसका साथै पूर्ण सरसफाइको दिगोपनका लागि सरसफाइलाई जीविकोपार्जनको साधनका रूपमा प्रवर्धन गरिनेछ । पूर्ण सरसफाइ कार्यक्रमलाई वातावरणमैत्री, पर्यटनमैत्री र दिगो बनाइनेछ ।

पूर्ण सरसफाइको व्यवस्थित कार्यान्वयन मार्फत सफा नेपाल बनाउनका लागि संघीय सरकारले प्रदेश तथा स्थानीय सरकारसँगको सहकार्यमा दिगो विकास लक्ष्य अनुरूप पूर्ण सरसफाइ गुरू योजना तर्जुमा गर्नेछ । साथै उक्त गुरूयोजना अनुरूप पूर्ण सरसफाइ प्रवर्धन पुस्तिका, क्षमता विकासका योजना र प्याकेज, सचेतनामूलक सामग्री तथा पालिका तहका खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वाश योजना) लगायत अन्य रणनीति र कार्ययोजना तर्जुमा/अद्यावधिक गरिने छन् । स्थानीय सरकारको नेतृत्वमा पूर्ण सरसफाइ सम्बन्धी समग्र सचेतनामूलक तथा प्रवर्धनात्मक कार्यहरू सम्पादन गरिने छन् ।

नेपालमा प्रयोगमा ल्याइएका प्रज्ज्वलनका औजारहरू मूलतः खुला दिसामुक्त र स्वच्छता सम्बन्धी बानी व्यवहार परिवर्तन र विकासमा केन्द्रित रहेका छन् । तर ती औजारहरू विशेष गरी पूर्ण सरसफाइ र दिगो विकास लक्ष्यका

सन्दर्भमा योजना तर्जुमा, स्रोत साधन व्यवस्थापन, सेवा र सुविधाको गुणस्तर प्रवर्धन, स्वास्थ्यमा सुधार र क्षेत्रगत सुशासन सुदृढीकरणका लागि पर्याप्त छैनन् । यसैले पूर्ण सरसफाइ सम्बन्धी प्रज्ज्वलनका उपयुक्त औजारहरू विकास गरी तिनको प्रयोग मार्फत पूर्ण सरसफाइको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको छ ।

संघ, प्रदेश र स्थानीय सरकारको सहभागिता र अपनत्वमा पूर्ण सरसफाइको गुणस्तरीय र व्यवस्थित कार्यान्वियनका लागि तपसिलमा उल्लिखित क्रियाकलापहरू सम्पादन गरिने छन् । तथापि, पूर्ण सरसफाइलाई टेवा दिने अन्य स्थानीय रूपले उपयुक्त र सिर्जनशील क्रियाकलापहरूको कार्यान्वियनलाई सधैँ प्रोत्साहित गरिनेछ ।

**क) रणनीतिक तहका कार्यहरू :**

- दिगो विकास लक्ष्यसँग मेल खाने गरी पूर्ण सरसफाइ गुरूयोजनाको तर्जुमा र कार्यान्वियन गर्ने,
- स्मार्ट सूचकहरू सहितको पूर्ण सरसफाइ कार्य सञ्चालन पुस्तिका तयार गर्ने,
- पूर्ण सरसफाइ सम्बन्धी प्रशिक्षक तालिम म्यानुअल र औजार तयारी गर्ने,
- पूर्ण सरसफाइ सम्बन्धी प्रशिक्षक/ट्रिगररहरूलाई तालिम प्रदान गर्ने,
- सम्बन्धित मन्त्रालय र विभागद्वारा सफा घर, तारे विद्यालय, सफा समुदाय र सफा पालिका प्रवर्धन सम्बन्धी निर्देशिका तर्जुमा गर्ने,
- पालिका, जिल्ला, प्रदेश र संघीय तहमा पूर्ण सरसफाइ सम्बन्धी गोष्ठी, कार्यशाला र सम्मेलन आयोजना गरी पूर्ण सरसफाइ प्रवर्धन प्रति सरोकारवालाहरूको क्रियाशीलता विस्तार गर्ने,
- समुदायको उत्प्रेरणाका लागि पाँच सूचकहरू (चर्पीको प्रयोग, साबुन पानीले हात धुने बानी, सुरक्षित पानी, सुरक्षित खाना र सफा घर आँगन) ले निर्दिष्ट गरे अनुरूप 'सफा घर' को अवधारणा लागू गर्ने,
- प्रत्येक पालिकालाई 'सफा पालिका' बनाउँदै 'सफा नेपाल' बनाउने हेतुले राष्ट्रव्यापी रूपमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने,
- ठोस फोहोरमैला व्यवस्थापन, तरल फोहोरमैला व्यवस्थापन, दिसाजन्य लेदो सहितको सार्वजनिक शौचालय व्यवस्थापन, खानेपानी सुरक्षा योजना र हरियाली प्रवर्धन गर्ने हेतुले सफा वातावरणको अवधारणा लागू गर्ने,
- वातावरणीय सरसफाइमा एकरूपता र न्यूनतम स्तर कायम गर्नका लागि सम्बन्धित मन्त्रालय र विभागद्वारा प्राविधिक र कार्यसञ्चालन निर्देशिका एवं मानक तयार गर्ने,
- पूर्ण सरसफाइका विभिन्न पक्षहरूमा अनुसन्धान र विकासका क्रियाकलापहरू सञ्चालन गर्ने, र
- पूर्ण सरसफाइ सम्बन्धी राष्ट्रिय तहको तथ्याङ्क र ज्ञान व्यवस्थापन गर्दै राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा सिकाईको सम्बन्ध विस्तार गर्ने ।

**ख) कार्य सञ्चालन तहका कार्यहरू :**

- पूर्ण सरसफाइ मार्गदर्शन २०७३, दिगो विकास लक्ष्य र पूर्ण सरसफाइ सम्बन्धी योजना र नीतिगत प्रावधानहरू समेतलाई मध्यनजर राखी दिर्घकालीन सोच र योजना सहितको पालिका तहको खानेपानी, सरसफाइ तथा स्वच्छता (वाश) योजना तर्जुमा/अद्यावधिक गर्ने,
- पूर्ण सरसफाइ सम्बन्धी नीतिगत दस्तावेजहरू अनुरूप सचेतना र क्षमता विकासका सामग्री विकास एवं सचेतानामूलक र प्रवर्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

- ☞ प्रदेश र स्थानीय तहका सरकार एवं समन्वय समितिको क्षमता विकास र संस्थागत सबलीकरण गर्ने,
- ☞ समुदाय, विद्यालय, स्वास्थ्य संस्था, पर्यटकीय स्थल र सार्वजनिक स्थलहरूमा सरसफाइका सेवा र सुविधाको विस्तार र स्तरोन्नति गर्ने,
- ☞ पालिकाको मूल्याङ्कनका लागि सम्बन्धित जिल्ला समन्वय समितिको समेत प्रतिनिधित्व रहने गरी प्रदेश तहको प्रमाणीकरण टोली गठन गर्ने,
- ☞ नीतिगत आधार र स्थानीय रूपले तर्जुमा गरिएको प्रक्रियामा आधारित रही पालिकाद्वारा क्रमिक रूपमा घरधुरीलाई 'सफा घर', विद्यालयलाई 'तारे विद्यालय' र समुदायलाई 'सफा समुदाय' प्रमाणीकरण गर्ने,
- ☞ खुला दिसामुक्त अवस्थाको दिगोपन कायम गरी पूर्ण सरसफाइका प्रत्येक सूचक अनुरूपको नतिजा हासिल भएपछि 'सफा पालिका' घोषणा गर्ने,
- ☞ 'सफा घर', 'तारे विद्यालय' र 'सफा समुदाय' प्रमाणीकरण गर्ने टोलीमा पालिका, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, वाश क्षेत्र र महिला समूहको प्रतिनिधित्व सुनिश्चित गर्ने, र
- ☞ पालिकाले प्रत्येक वडाबाट सरसफाइमा उत्कृष्ट ठहरिएका घर, विद्यालय र समुदायलाई कदर गरिनेछ भने प्रदेश सरकार र संघीय सरकारद्वारा क्रमशः आफ्नो क्षेत्र भित्रको सरसफाइमा उत्कृष्ट पालिका र प्रदेशलाई कदर गरिनेछ ।

## १.२० घटना अध्ययन

नेपालमा विगतदेखि सञ्चालित सरसफाइ अभियानका क्रममा समुदाय र क्षेत्रगत तहका भोगाई र सिकाईहरूलाई पाठकहरूका माझ जीवन्त रूपमा पस्किने उद्देश्यले यस खण्डमा सरसफाइ सम्बन्धी घटना अध्ययनहरू प्रस्तुत गरिएको छ । यी महत्वपूर्ण र प्रतिनिधिमूलक घटनाहरूको शूक्ष्म विश्लेषणले दिगो सरसफाइ प्रवर्धनका लागि नेपाल लगायत अन्य देशहरूद्वारा अपनाइने रणनैतिक क्रियाकलापहरू तर्जुमा गर्न सहयोग पुऱ्याउनेछ । सरसफाइ सम्बन्धी तपसीलमा उल्लिखित घटनाहरू तयार गर्न विभिन्न क्षेत्रगत प्रकाशनहरूको पुनरावलोकन तथा सरोकारवालासँगको छलफल लगायत सरसफाइ क्षेत्रका विज्ञ एवं विशेषज्ञ तथा समुदायमा क्रियाशील सरसफाइ अभियन्ताहरूद्वारा प्रदान गरिएका सामग्रीहरूलाई समेत आधार मानिएको छ ।

घटना–१

# असुर्पा हुँदै काठमाडौंसम्म

✍ रमेश सुवेदी

देश खुला दिसामुक्त घोषणा हुने अवस्थामा आइपुग्दा आज जतातते सरसफाइको चर्चा छ । सरसफाइका अभियन्ताहरूले राज्य र जनस्तरबाट सम्मान पाएको कुरा पत्रपत्रिकामा पढन पाइन्छ । तर विगतमा सरसफाइ सरकारी र जनस्तर दुवैको प्राथमिकतामा नपरेको विषय थियो । यसैले देशमा सरसफाइ शुरु हुँदाको समयमा यस क्षेत्रमा काम गर्ने अभियन्ताहरूले अनेकन् चुनौतीको सामना गर्नु पर्दथ्यो । त्यतिखेर कस्ता चुनौतीहरू थिए र तिनको समाधान कसरी गरिएको थियो भन्ने प्रसङ्गलाई यहाँ उजागर गर्न  खोजिएको छ ।

प्रसङ्ग डडेलधुरा जिल्लाको तत्कालीन कोटेली गाविसको हो । तत्कालीन जिल्ला खानेपानी कार्यालय डडेलधुराले कोटेली गाविसको असुर्पा गाउँबाट सरसफाइ अभियान शुरु गर्ने सोच बनायो । यस क्रममा उक्त समुदायका सम्पूर्ण वासिन्दालाई जम्मा गरी सार्वजनिक सरसफाइको श्रीगणेश गरियो । कार्यालयबाट खटिएर गएका खानेपानी सरसफाइ प्राविधिकद्धय उद्धवबहादुर देउवा र श्यामराज जोशी लगायतका हामी कर्मचारीहरू आफैंले विद्यालय वरपर तथा बाटाघाटाका दिसाका थुप्राहरू सोहोर्न थालेपछि अन्ततः सबै गाउँलेको जमात फोहोर सोहोर्न खनियो । एकै क्षणमा असुर्पा गाउँमा सरसफाइ गर्दा उडेको धुलोले कुइरीमण्डल हुनपुग्यो र हेर्दाहेर्दै गाउँको मुहार नै फेरियो । यस अभियानमा पुरुषहरू मात्र नभई महिलाहरूको सहभागिता पनि उल्लेख्य थियो । तर यो त सरसफाइ अभियानको शुरुआत मात्र थियो ।

हाम्रो टोली प्रत्येक दिन अनुगमन तथा उत्प्रेरणाका लागि फिल्डमै खट्ने गर्दथ्यो । टोल टोलको प्रतिनिधित्व गर्ने गरी छानिएका महिला स्वयंसेविका तथा उत्प्रेरिकाहरूको तालिममा सहभागी महिलाहरू प्रत्येक दिन अघिल्लो दिन भएको पूरै छलफलको विषय गीत बनाएर ल्याउँथे । लेख्न सक्नेले आफै तथा नसक्नेले आफ्ना छोराछोरीहरूलाई समेत आफूले भनेर लेख्न लगाएका दर्जनौ सरसफाइका मार्मिक गीतहरू मैले सङ्कलन गरेको थिएँ । यी गीतहरू साहित्यकार तेजेश्वर बाबु ग्वंगले अङ्ग्रेजीमा उल्था गरेर नेपाली र अङ्ग्रेजी दुवै भाषामा छापेपछि पुस्तिका बनाएर वितरण गरिएको थियो । यस अभियानलाई शुरुमा जिल्ला इन्जिनियर कृष्णमणि लामिछाने र पछि चन्द्रबहादुर के.सी. ले निरन्तरता दिनुभयो । त्यो गाउँमा महिलाहरूको सक्रियता यति बढ्यो कि सबै घरमा शौचालय निर्माण हुन बेर नै लागेन । शौचालय जाने बाटाघाटा समेत सफा गरिएका र पोतिएका हुन्थे । त्यो बेला बाटो पोतेको पछ्याउँदै जाने हो भने शौचालय भेटिन्थ्यो । शौचालयमा स्थानीय सामग्रीहरूको प्रयोगबाट नौला र सृजनात्मक संरचनाहरूको निर्माण गरिएका थिए । उदाहरणका लागि बाँसको चोयाबाट विभिन्न सामान बनाउन सीप भएकाहरूले चोयाको फोल्डिङ सटर र आरनमा काम गर्नेहरूले शौचालयमा भित्र भएको मानिसले आफू शौचालयमा भएको जनाउ दिन आफूद्धारा निर्मित घण्टी बज्ने सिस्टम राखेका आदि ।

देशमा खुला दिसामुक्त क्षेत्रको अवधारणा पछिका दिनहरूमा आएर लोकप्रिय भएको भए पनि व्यवहारमा भने समुदाय साँच्चिकै खुला दिसामुक्त त्यतिखेरै भएको तथ्यको इतिहास साक्षी छ । वर्तमान समयमा जस्तो औपचारिक रूपले खुला दिसामुक्त गाउँ घोषणा नगरिएको भए तापनि सो गाउँमा सन् १९९८ तिरै जिल्ला खानेपानी कार्यालय डडेलधुराको सहजीकरणमा एक समारोह बीच सबै १२५ घरमा शौचालय भएको घोषणा भने गरिएको थियो । यस कार्यमा एशियाली विकास बैंकको सहयोगमा सञ्चालित खानेपानी र सरसफाइ आयोजनाको योगदान रहेको थियो । साथै डा.विजया श्रेष्ठ सहितको सहयोगमा असुर्पा गाउँको सरसफाइ र खानेपानी आयोजनाका क्रियाकलापहरू समेटिएको वृत्तचित्र पनि निर्माण भएको थियो, जुन सन् २००० को मार्च महिनामा नेदरल्याण्डस्को हेगमा आयोजित दोस्रो वर्ल्ड वाटर फोरममा प्रदर्शन गरिएको थियो । उक्त फोरममा पङ्क्तिकार लगायत सुमनप्रसाद शर्मा, रमादेवी बुढाऐर र शंकरी देवी बुढाऐरको पनि सहभागिता रहेको थियो । सो कार्यक्रममा हामीले नेपालले खानेपानी तथा सरसफाइ प्रवर्धनका लागि गरेको प्रयासका बारेमा प्रकाश पारेका थियौं ।

दाङ जिल्लामा सरुवा भएर आइसकेपछि मैले दाङमा सरसफाइ प्रवर्धनको कार्य निकै चुनौतीपूर्ण रहेको पाएँ । विशेषतः चौथो राष्ट्रिय सरसफाइ सप्ताहबाट तरङ्गित भएको दाङमा सर्वप्रथम तत्कालीन ढिकपुर गाविसलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने महत्वाकांक्षी लक्ष्य राखियो र सफलता पनि हासिल भयो । शुरुमा सो लक्ष्य असम्भव ठान्ने र खिल्ली उडाई हतोत्साहित पार्नेहरूको कमी थिएन । जिम्मेवार व्यक्ति नै 'खुला दिसामुक्त गर्न के पोलिथिनको प्याकेट बाँड्छौ त ?' भनेर खिल्ली उडाउँथे । पछि गएर त्यही जिल्लाबाट 'सरसफाइ कमान्डो' र 'दानवीर' परिचालन जस्ता सृजनशील कार्यको थालनीले देशको खुला दिसामुक्त अभियानमा समेत ठूलो तरङ्ग ल्याउन सफल भयो । पङ्क्तिकार दाङ पछि रोल्पा जिल्लामा कार्यरत हुँदाका बखत सम्ममा देशमा खुला दिसामुक्त अभियान तीव्र रूपमा अघि बढिसकेको थियो ।

असुर्पाबाट शुरु गरिएको सरसफाइको अभियान राष्ट्रिय लक्ष्य हासिल गर्ने गरी अहिले संघीय राजधानी काठमाडौं छिरेको छ । हर्ष र उमङ्गका साथ यही २०७६ असोज १३ गते राष्ट्र खुला दिसामुक्त घोषणा हुँदैछ । यसलाई अपूर्व संयोग नै मान्नु पर्छ कि असुर्पा गाउँका सबै घरधुरीमा चर्पीको प्रवर्धन गरी खुला दिसामुक्त घोषणा गर्ने कार्यको जग हाल्ने अग्रज मध्येका एक चन्द्रबहादुर के.सीकै अगुवाईमा करिब साढे दुई दशकपछि राष्ट्र नै खुला दिसामुक्त घोषित हुँदैछ । असुर्पा हुँदै काठमाडौं सम्म आइपुगेको सरसफाइको गौरवशाली यात्राको एक यात्रु बन्न पाउँदा यो पङ्क्तिकार अत्यन्त गौरवान्वित बन्न पुगेको छ ।

# कार्कीडाँडा : दिगो सरसफाइको उत्तम उदाहरण

✍ भरत अधिकारी

“हाम्रै गाउँले यहाँ वरपरका दश गाउँलाई चर्पीमा दिसा गर्न सिकायो” धादिङ जिल्लाको कार्कीडाँडाका विष्णुबहादुर थापा भन्नुहुन्छ “हामीले चर्पी प्रयोग गरेको देखेर नै बाटो लाइन र बजारका मानिसले पनि चर्पी प्रयोग गर्न सिकेका हुन् ।”

उहाँको यो भनाईसँग सिम्ले बजारका व्यापारी ध्रुव थापा पनि सहमत हुनुहुन्छ । उहाँ भन्नुहुन्छ “कार्कीडाँडामा चर्पी बन्ने अभियान शुरु भएपछि नै मैले प्यान, पाइप बेच्न थालेको हुँ, यस क्षेत्रमा सरसफाइको गुरू कार्कीडाँडा नै हो ।” सरसफाइ प्रवर्धन केन्द्रका रूपमा स्थापित उहाँको पसलमा प्यान, पाइप, फ्लामे रड, सिमेन्ट, हार्पिक, ब्रस लगायतका सरसफाइ सामग्रीहरू पाइन्छन् ।

कार्कीडाँडामा करीव ३० वर्ष अघि खानेपानी आयोजना सम्पन्न भएको हो । यस समुदायमा नेपालमै पहिलो पटक ‘समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धति’ अनुरूप खुला दिसामुक्त कार्यक्रम सञ्चालन भएको थियो । उक्त कार्यका लागि वाटरएड नेपाल र नेपाल स्वास्थ्यको लागि पानी (नेवा) को योगदान रहेको थियो ।

खानेपानी प्रणालीको उचित तथा नियमित मर्मतसम्भार, मर्मतसम्भार कोषको उचित परिचालन, पानीको नियमित आपूर्तिजस्ता विशेषता बोकेको यो आयोजनामा सरसफाइको पक्ष समावेश भएपछि गाउँ साँच्चिकै नमूना बन्यो । यसका लागि यहाँका वासिन्दाले मेहेनत पनि गरेका थिए । स्थानीय वासिन्दा लोकमणि तामाङ भन्नुहुन्छ “हाम्रो समुदाय यस क्षेत्रकै पहिलो खुला दिसामुक्त समुदाय भएकाले यहाँ अवलोकन भ्रमण गर्न आउनेको ताँती नै लाग्यो ।”

### दिगो सरसफाइको आनी बानीको विकास

कार्कीडाँडामा सरसफाइप्रति मानिसहरूको संवेदनशीलता कतिसम्म बढेको छ भने गाउँमा कसैले नयाँ घर बनायो भने घर बन्नु अघि चर्पी बनिसक्छ । स्थानीय रामचन्द्र थापा भन्नुहुन्छ “चर्पी त हाम्रा लागि नभइ नहुने भइसक्यो, त्यसैले मैले त नयाँ घडेरीमा पहिले चर्पी बनाएर त्यसपछि घर बनाएँ ।”

गाउँको पल्लो छेउमा रहेको विद्यालयको सरसफाइको अवस्था पनि सन्तोषजनक छ । प्रधानाध्यापक रामहरि सुवेदीका अनुसार प्रत्येक विद्यार्थीले चर्पी प्रयोग र सफाइ गर्छन् । विद्यालयमा सरसफाइको अवस्था सन्तोषजनक रहनुको मुख्य कारण विद्यार्थीले घरमा पाएको सरसफाइ सम्बन्धी आनीबानी नै प्रमुख रहेको उहाँको ठहर छ ।

वास्तवमै सरसफाइ सम्बन्धी आनीबानीको विकास भएको पाइन्छ कार्कीडाँडाका वासिन्दाहरुमा । यहाँका बालबालिकाहरू धारामा नुहाइरहेका भेटिन्छन् भने चाङमा भाँडाकुँडा सुकाउने, खानेकुरा र पानी छोपेर राख्ने गरेको देखिन्छ । सरसफाइ यहाँका वासिन्दाको जीवनशैली बनेको उदाहरण स्थानीय केशव थापाको भनाईबाट प्रष्ट हुन्छ । उहाँ भन्नुहुन्छ “हाम्रो आँखामा त भुइँमा देखेको सानो प्लाष्टिकको टुक्रा पनि बिभाउँछ ।”

## विकासका अन्य आयामतिर लम्किएको समुदाय

यहाँका वासिन्दा खुल्ला दिसामुक्त क्षेत्र घोषित भएपछि त्यत्तिमै सन्तोष मानेर बसेनन् । गाउँमा आएको चेतनाको लहरले उनीहरूलाई विकासका अन्य गतिविधितिर लाग्न उत्प्रेरित गऱ्यो । गाउँमा विकासका अन्य अवसरहरू भित्र्याउनका लागि खानेपानी प्रणालीको मर्मत सम्भार कोष सबैभन्दा दरिलो माध्यम भयो । खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष जीतबहादुर तामाङ भन्नुहुन्छ "यो मर्मत सम्भार कोषले नै हामीलाई यहाँसम्म ल्याई पुऱ्याएको हो । हामीले गाउँमा आउने सडक खन्नका निम्ति यही कोषबाट तीन लाख रूपैयाँ सहयोग गऱ्यौं ।"

साबिकको खानेपानीको मुहान भूकम्पका कारणले सुकेपछि यहाँका वासिन्दाले नयाँ मुहानबाट पानी ल्याएका छन् । पानीको सुविधाले घरायसी प्रयोजनका अतिरिक्त घर घरमा करेसाबारी लगाउन सहयोग पुगेको छ । यसरी, खानेपानी र सरसफाइ प्रवर्धनको कार्यले यहाँको विकास र जीविकोपार्जनको ढोका खोलिदिएको छ ।

घटना -३

# विद्यालयमा बलेको ज्योतिले छरेको उज्यालो

✍ जगतराज रेग्मी

केही वर्ष अघिको अवस्थालाई फर्केर नियाल्दा कपिलवस्तु जिल्ला सरसफाइ सम्बन्धी सुविधा र उचित बानी व्यहोरा अवलम्बनका हिसाबले निकै पछि परेको जिल्लामा गनिन्थ्यो । देशमा सरसफाइ अभियान निकै अघि बढिसक्दा पनि यस जिल्लामा सरसफाइका गतिविधि ज्यादै नगण्य रूपमा रहेका थिए । यस्तो अवस्थामा हामी जस्ता शिक्षकहरूको मनमा अब केही त गर्नै पर्छ भन्ने हुटहुटीले सताउनु स्वाभाविक थियो । किनभने विद्यालयको सरसफाइको अवस्था पनि अत्यन्त नाजुक थियो । विद्यालयमा चर्पी नभएकाले छात्रछात्राहरू दिसापिसाब गर्न जङ्गल, खोला र भत्राडीतिर जान बाध्य थिए ।

यही सन्दर्भमा २०५८ मंसिर २ देखि ४ गतेसम्म जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले जिल्लाभरिका विद्यालयका सबै शिक्षकहरूलाई विद्यालय सरसफाइ सम्बन्धी तालिम प्रदान गऱ्यो, जुन तालिम नै कालान्तरमा पञ्च प्राथमिक विद्यालय (हाल पञ्च आधारभूत विद्यालय) लाई नेपालको विद्यालय सरसफाइ प्रवर्धनका क्षेत्रमा अग्रणी बनाउने आधार बन्यो । तालिमबाट फर्केर आउने बित्तिकै त्यहाँ पाएको ज्ञान अनुसार हामीले विद्यार्थीहरूको 'सृजनशील बाल क्लब' नामक क्लब गठन गऱ्यौं । यस अन्तर्गत पाँच वटा विधामा सरसफाइ अभियान प्रारम्भ भयो । यसका लागि साबुन पानीले हात धुने (फुर्तिलो) समूह, वातावरण सरसफाइ गर्ने (सुकिलो) समूह, शौचालय सफा गर्ने (मेहेनती) समूह, पिउने पानीको धारा सफा गर्ने (निरोगी) समूह र पुनर्जलीय उपचार (स्वास्थ्य) समूहमा छात्रछात्राहरूलाई विभाजन गरियो ।

करीव दुई दशक बित्न लाग्दा पनि यी समूहहरू प्रारम्भकै उत्साह अनुसार कार्यरत छन् । यसैगरी बाल क्लब, विद्यार्थीहरू र शिक्षक वर्गको संलग्नतामा विद्यालयमा सरसफाइ आचार संहिता निर्माण गरी कार्यन्वयन गरियो । सरसफाइको दिगोपन सम्बन्धी कुनै राष्ट्रिय नीति तर्जुमा हुनु अघि नै बालबालिकाहरूलाई सरसफाइलाई जीवनशैली बनाई बानी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन बाल क्लबले सरसफाइका सूचकहरू तय गऱ्यो । यी सूचकहरू हासिल गर्नका लागि पाँच वटै समूहले आ-आफ्नो भूमिका तदारुकताका साथ निर्वाह गरे । फलस्वरूप विद्यालय सरसफाइमा नमूना बन्यो ।

### व्यावहारिक ज्ञानको समुदायमा अनुसरण

विद्यालय मात्र सरसफाइयुक्त भएर सरसफाइ अभियान पूरा हुन नसक्ने ठहर गरी २०६९ भदौमा बालक्लब, शिक्षक र विद्यार्थीहरू मिलेर विद्यालयको सेवा क्षेत्र बैजलपुर र उत्तर पिपरा गाँउमा सरसफाइ सम्बन्धी ऱ्याली, नाटक, गीत, सम्मान, स्याबासी आदि कार्यक्रम शुरु गरियो । करिब एक वर्षसम्म यो अभियान सञ्चालन भएपछि २०६० साउन २६ गते बैजलपुर र उत्तर पिपरा गाउँमा बेग्लाबेग्लै खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन भए । दुवै समितिले शौचालय बनाउने र प्रयोग गर्ने कामको अनुगमन गर्न थाले । यसै सन्दर्भमा तत्कालीन जिल्ला खानेपानी

तथा सरसफाइ कार्यालय, युनिसेफ कपिलवस्तु र तत्कालीन खानेपानी तथा ढल निकास विभागको पर्याप्त सहयोग रह्यो । शौचालय र सरसफाइको महत्व बताउदै सबैलाई शौचालय बनाउन टोल अनुसार समूह गठन गरी काम बाँडफाँड गरियो ।

सुकुम्बासी बस्तीमा रहेको ४२ घरमा शौचालय बनाउन निकै कठिनाईको सामना गर्नु परे पनि २०६२ माघ २५ गते सुकुम्बासी बस्ती लगायत समुदायका सम्पूर्ण ३१६ घरधुरीमा शौचालय बनेर प्रयोग हुन थाले । विद्यालय परिवार र खानेपानी तथा सरसफाइ कार्यालयको तर्फबाट शौचालय प्रयोगको अनुगमन भयो । अनुगमनबाट शतप्रतिशत घरहरूमा शौचालय बनेर साबुन पानी समेत प्रयोग भएको देखिएपछि २०६२ फागुन ४ बैजलपुर र उत्तर पिपराका सम्पूर्ण गाँउबासीको उपस्थितिमा "खुला दिसामुक्त हाम्रो गाउँ, हेर्न मन लागे उत्तरपिपरा, बैजलपुर जाऔँ" भन्ने नारा सहितको होर्डिङ बोर्ड अनावरण गरी सरसफाइ सम्बन्धी प्रतिबद्धता जाहेर गर्दै खुला दिसामुक्त क्षेत्र घोषणा गरियो ।

यो विद्यालय र यसको सेवा क्षेत्रमा हालसम्ममा नेपालका ४५ जिल्लाका प्रतिनिधिहरूबाट सरसफाइ सम्बन्धी क्रियाकलाप र अपनाइएका पद्धतिहरूको अवलोकन भएको छ, जुन हालसम्म निरन्तर चलिरहेको छ । २०७० कार्तिक ५ देखि ७ गते काठमाडौमा सम्पन्न पाँचौ साकोसानमा नेपालको प्रतिनिधित्व गर्दै पञ्च आधारभूत विद्यालय बैजलपुरले कार्यपत्र पेश गरेको थियो भने विभिन्न समयमा देशका विभिन्न ठाउँमा सञ्चालित तालिम सहजीकरण गर्ने अवसर गर्ने प्राप्त भएको थियो । हाल विद्यालय सेवा क्षेत्रलाई पूर्ण सरसफाइको अवस्थातर्फ लैजान शौचालयको प्रयोग, साबुन पानीले मिचीमिची हात हुने बानीको दिगोपना, घर आँगनको सरसफाइ, सुरक्षित पानी, सुरक्षित खाना र वातावरणीय सरसफाइ जस्ता सूचकहरू तय गरिएको छ । यसरी २०७६ भदौ ३१ गते खुला दिसामुक्त घोषणा भएको कपिलवस्तु जिल्लालाई आगामी पाँच वर्ष भित्र पूर्ण सरसफाइ जिल्लाका रूपमा परिचित गराउने लक्ष्यका साथ यहाँको सरसफाइ अभियान अघि बढेको छ । जिल्लामा पञ्च आधारभूत विद्यालयको भूमिका महत्वपूर्ण रहेको छ ।

घटना -४

# चर्पी होइन खर्चिलो, अपाङगता भएका व्यक्तिलाई सजिलो

✍ अर्जुन दाहाल

४५ वर्षका राजकुमार सदाको बासस्थान नजिकै कमला नदी छ, जुन नदीले धनुषा र सिरहा जिल्लाको सीमाको पनि काम गरेको छ । नदीका कारण सदाको गाउँ रसिलो र हराभरा छ । तर नदीबाट गाउँलेहरूले फाइदा मात्रै लिएका छैनन्, सास्ती पनि खेपेका छन् । दश वर्ष अघि बर्खायाममा नदी गाउँ पसेर बितण्डा मच्चाएपछि राजकुमार अरू कैयन गाउँलेसँगै आफ्नो पुर्ख्यौली थलो छाड्न बाध्य हुनुभयो । पुर्ख्यौली थलो नदीले निलेपछि सदाले अहिलेको बासको जोहो गर्नु भएको थियो । तत्कालीन इनर्वा गाविसको मल्हनिया गाउँमा पुगनपुग तीन धुरमा बनेको भत्रुपडी र त्यसले चर्चेको जग्गामात्रै उहाँको नामको सम्पत्ति हो । एउटा खुट्टा पोलियोले गर्दा पूरै सुकेकाले उहाँलाई दैनिक कामकाजमा पनि समस्या पर्ने गर्छ । उहाँ यस्तो अवस्थामा पनि खेती मजदुरीको काम गर्नुहुन्छ । एक छोरी र दुई छोरा सहित पाँच जनाको परिवार पाल्नुपर्ने मुख्य जिम्मेवारी उहाँकै काँधमा छ ।

सदाको गाउँमा ३५ घरधुरीको बसोबास छ । विकासका पूर्वाधारहरूको ज्यादै कमी रहेको यस गाउँमा एक वर्ष अघि समाज उत्थान युवा केन्द्रले ग्लोबल स्यानिटेशन फण्ड कार्यक्रम अन्तर्गत खुल्ला दिसामुक्त अभियान सञ्चालन गऱ्यो । अभियान शुरु भएपछि उहाँको घरमा पनि चर्पी बनाउनका लागि गाउँलेहरू र संस्थाका सरसफाइ प्रज्ज्वलक आएर चर्पीको महत्व बताए । एउटा चर्पीका अनेकौं फाइदा देखेपछि उहाँले चर्पी निर्माण गर्नुभयो ।

चर्पी बनाउँदा रिङ ढकनका लागि २ हजार ५ सय, खाल्डो खन्नका लागि ज्यामीको ५ सय, ८ सय रूपैयाको बाँस, छानामा प्रयोग हुने एल्भेष्टर किन्नका लागि ५ सय र प्यान सिमेन्ट अन्य सामग्री समेत गरी जम्मा १० हजार रूपैयाँ खर्च भएको राजकुमारले बताउनु भयो । "शौच गर्न हामीजस्तो जहाँसुकै जान नसक्नेका लागि त चर्पी नभइ नहुने कुरा रहेछ, चर्पी बनेपछि मलाई धेरै राहत भएको छ, चर्पीले दिएको सुविधाको तुलनामा त यो खर्च धेरै पनि होइन" उहाँले आफ्नो अनुभव सुनाउनुभयो ।

राजकुमारलाई सहयोगको आशा देखाउनेहरूको भर लाग्दैन । धेरै मानिसहरू आएर नाम टिपेर लगे । ह्विलचेयर दिने भनेर गएका कोही फर्किएर आएका छैनन् । सहयोग पाउनु त परैको कुरा, हालसम्म उहाँको अपाङ्ग परिचय पत्र पनि बन्न सकेको छैन । राजकुमारका छिमेकी डोम सदा पनि पोलियोका कारण अपाङ्गता ब्यहोर्न बाध्य हुनुहुन्छ । उहाँको घरमा पनि भर्खरै मात्र चर्पी निर्माण भयो । "शुरुमा मान्नुभएन तर सरसफाइको महत्व बुझेपछि आफै चर्पी बनाउनुभयो" सरसफाइ प्रज्ज्वलक शिव लखन यादवले भन्नुभयो "चर्पीका लागि खर्च गरेको रकम कमाउन उहाँलाई पाँच महिनाभन्दा धेरै समय लाग्यो ।" सरसफाइ अभियान शुरु भएपछि गाउँपालिकाका सम्पूर्ण घरमा चर्पी बनेर प्रयोग हुन थालेको जानकारी पनि उहाँले दिनुभयो ।

घटना -५

# पाहुना लोभ्याउने बौघागुम्हाको रहस्य

✍ रोशन कुमार जोशी

गाउँमा आएका पाहुनाहरूलाई फूल र शर्बतले स्वागत गरेपछि कोही भान्सातिर लाग्छन् त कोही अरू काममा। घरमुली सुकबहादुर थापा भने आगन्तुकहरूसँग कुराकानी गर्न थाल्नुहुन्छ। घर बास (होम स्टे) सञ्चालन भएका गाउँका २२ घरमध्ये आएका पाहुनाहरू क-कसको घरमा जाने भन्ने तय पहिले नै भइसकेको हुन्छ। तर गाउँको शिरानमै पर्ने घर र गाउँकै मुखिया भएकाले पाहुनाको स्वागत भने सुकबहादुरको आँगनमा नै हुने गर्छ। पाल्पा जिल्लाको साबिकको बौघागुम्हा गाविस र हाल तानसेन नगरपालिका वडा नं. १३ अन्तर्गतको बौघागुम्हाको मगर गाउँ आजभोलि "होम स्टे" गाउँका रूपमा चिनिएको छ। यो गाउँमा पुग्ने बित्तिकै आगन्तुकहरू यहाँको सरसफाइ र सुव्यवस्था देखेर दङ्ग पर्छन्। प्रत्येक घरका करेसाबारीमा लहलह फलेका तरकारी, कतिपयले त टनेल बनाएर व्यावसायिक रूपमा तरकारी खेती शुरु गरेका, प्रत्येक घरका आँगनमा फूलेका फूल, सफा आँगन र बाटाघाटा अनि गाउँलेहरूको फरासिलो व्यवहारले यो ठाउँ पुग्ने जोकोहीको पनि मन लोभिन्छ।

"यसैले गर्दा नै आज तपाईँ हाम्रो भेट भएको हो है" आँगन छेउमा बनेको चर्पीतिर देखाउँदै सुकबहादुर भन्नुहुन्छ। ८२ वर्षको उमेरमा पनि तन्नेरी जोशमा देखिने उहाँ आफ्नो भनाईलाई स्पष्ट पार्दै विनोदपूर्ण लवजमा भन्नुहुन्छ, "तारा गाउँ विकास समिति (होमस्टे सञ्चालनका लागि तालिम दिने र अनुगमन गर्ने पर्यटन मन्त्रालय अन्तर्गतको निकाय) ले होमस्टे सञ्चालन गर्न घर घरमा चर्पी हुनै पर्छ भन्या थियो। आजको जमानामा घरमा चर्पी नभए छोरी ज्वाइँ त नआउने रैछन्, पाहुनाको त के कुरा ?"

खानेपानीको चरम अभाव भएको यस समुदायमा २०६६ सालमा ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको आर्थिक सहयोगमा ८४ घर र एउटा विद्यालयमा वर्षातको पानी संकलनका लागि ६ हजार लिटर क्षमताका घैंटाहरू निर्माण भएका थिए। घरमा चर्पी बनाएर प्रयोग गर्नेले मात्र घैंटाको सुविधा पाउने नियम बनाइएकाले त्यतिखेर नै गाउँमा सबैका घरमा चर्पी बनेको खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष लीलबहादुर थापा बताउनु हुन्छ। "अरू गाउँका कारणले गर्दा हाम्रो गाविस २०७१ मंसिरमा मात्र खुला दिसामुक्त घोषणा भएको हो, तर हाम्रो गाउँ त ६६ सालमा नै खुला दिसामुक्त भइसकेको थियो" उहाँले भन्नुभयो।

आजभोलि देशका विभिन्न स्थानबाट पाहुनाहरू बौघागुम्हा पुग्छन्। यहाँका वासिन्दाले होमस्टे सञ्चालनका लागि आवश्यक तालिम पाएका छन्। सरसफाइ उनीहरूको जीवनशैली बनिसकेको छ। होमस्टेबाट भएको आम्दानीले उनीहरूलाई हौस्याएको छ। हाल बौघागुम्हा नजिकैबाट ऐतिहासिक रानीमहल जाने सडक बन्दैछ। अब बौघागुम्हावासीहरू पर्यटकहरूलाई रानीमहल लगायत वरपरका प्रसिद्ध ठाउँहरूको अवलोकन गराएर गुणस्तरीय ढङ्गको प्याकेज कार्यक्रम नै बनाउन लागि परेका छन्। समुदाय खुला दिसामुक्त भएपछि मानिस रोगव्याधिबाट मुक्त हुने मात्र नभई आर्थिक उपार्जनका संभावनाहरू पनि बढ्दा रहेछन् भन्ने कुराको राम्रो उदाहरण बनेको छ बौघागुम्हा। अब समुदायहरूमा खुला दिसामुक्त अभियानका कारणले समग्र अर्थतन्त्रमा पुगेको योगदानको लेखाजोखा गर्ने बेला भएको छ।

घटना - ६

# शरमदेखि गौरवसम्मको २५ दिने यात्रा

✍ केशव सुवेदी

धनकुमारी विक बाँके जिल्ला स्थित साबिकको वागेश्वरी गाविस अन्तर्गतको प्रगतिनगर गाउँकी वासिन्दा हुनुहुन्छ । अग्रणी सामाजिक सहजकर्ता रूपमा चिनिएकी धनकुमारीको प्रयासले यस गाउँमा आजभन्दा ११ वर्ष अघि जुन परिवर्तन आयो, त्यो वरपरका अरू धेरै गाउँका लागि प्रेरणाको स्रोत बन्यो ।

सामाजिक सहजकर्ता हरिबहादुर ओलीसँगको सहकार्य र अथक प्रयासबाट गाउँमा बिजुली बाल्न सफल भएपछि धनकुमारी प्रति समुदायका मानिसको विश्वास बढेको थियो । हरिबहादुरको अर्को समुदायमा स्थानान्तरण भएपछि सामाजिक कामको नेतृत्व गर्ने उहाँ एक्लै पर्नुभयो । तर उहाँमा काम गर्ने साहस र लगनशीलता ज्यूँका त्यूँ थियो । हरिबहादुर कार्यरत गाउँ तीन महिनामा खुला दिसामुक्त भएको सुन्ने बित्तिकै धनकुमारीको मनमा प्रगतिनगरलाई पनि खुला दिसामुक्त क्षेत्र बनाउने अभिलाषा उत्पन्न भयो । हरिबहादुरको सल्लाह अनुसार उहाँले स्थानीय संस्था एकीकृत विकास समाजसँग समन्वय गरेर आफ्नो समुदायलाई खुला दिसामुक्त कार्यत्रमको दिशामा अघि बढाउनु भयो ।

गाउँमा जथाभावी दिसा पिसाब गर्ने चलन भएको बेला सम्झँदा अहिले पनि धनकुमारीलाई घिन लागेर आउँछ । "खुला ठाउँमा मानिसले देख्लान् कि भन्ने डर पालेर दिसा गर्ने काम साँच्चै नै नर्क समान थियो" उहाँ भन्नुहुन्छ "केटाकेटीले त घर वरपर नै दिसा पिसाब गर्थे, गन्हाएर खपिनसक्नु हुन्थ्यो, जङ्गली जनावर र सर्प बीचछीको डर पनि उत्तिकै हुन्थ्यो, तर पनि चर्पी बनाएर प्रयोग गर्नु पर्छ भन्ने बुद्धि हामी कसैमा आउँदैनथ्यो ।" यस्तो अवस्थामा छिमेकी गाउँ खुला दिसामुक्त भएको सुन्ने बित्तिकै धनकुमारी आफ्नो समुदायलाई पनि खुला दिसामुक्त बनाउन अग्रसर हुनुभएको थियो ।

२०६५ पुष २३ गते संस्थाका सहजकर्ताहरूले गाउँमा भेला डाके । उनीहरूले गाउँले लाई व्यक्तिगत र घरायसी सरसफाइका बारेमा प्रश्नहरू सोधे । त्यसपछि उपस्थित मानिसहरूलाई खुला ठाउँमा दिसा गर्ने ठाउँतिर आफूहरूलाई पनि लिएर जान अनुरोध गरे । आफ्नो गाउँमा पराईहरू आएर यसरी खुला दिसा पिसाब गर्ने ठाउँ डुलाउन लैजान अनुरोध गर्दा गाउँलेहरूले असजिलो माने, तैपनि नगई सुख थिएन । सहजकर्ताहरूले जथाभावी दिसा भएको ठाउँमा 'यो दिसा कसले गरेको होला ? धनीले हो कि गरीबले हो ? महिलाले हो कि पुरूषले हो ?' भन्ने जस्ता प्रश्न सोधेर गाउँलेलाई हैरान नै पारे ।

गाउँलेहरू गन्ध सहन नसकेर नाक छोप्थे, तर सहजकर्ताहरू प्रश्न सोधेको सोध्यै गर्थे । त्यहाँबाट फर्किंदा सहजकर्ताहरूले गाउँलेहरूलाई खुला दिसा भएका ठाउँमा पहेँलो रङको झण्डा गाडन लगाए, यसले गर्दा खुलाठाउँमा यत्रतत्र दिसैदिसा रहेछ भन्ने कुरा परैबाट थाहा भयो । धनकुमारी भन्नुहुन्छ "त्यो हिँडाई (यात्रा) हाम्रा लागि साह्रै लाजमर्दो थियो । तर अत्यन्त महत्वपूर्ण पनि थियो किनभने फर्केर गाउँमा आइञ्जेलसम्ममा समुदायका धेरै मानिसको मनमा यसरी खुला ठाउँमा दिसा पिसाब गर्नु त महाभूल हो रहेछ भन्ने ज्ञान पैदा भइसकेको थियो ।"

गाउँमा फर्किसकेपछि सहजकर्ताहरूले स्थानीय स्तरमा पाइने विभिन्न रङ्ग र सामग्रीहरूको प्रयोग गरेर ठूलो चौरको भुइँमा गाउँलेहरूलाई गाउँको नक्सा बनाउन लगाए, जहाँ बाटोघाटो, पानीको मुहान, पैनी, खेत, घर, विद्यालय, मन्दिर, संघ संस्थाका कार्यालयहरू कहाँ कहाँ छन् भनेर चिन्ह लगाउने काम भयो । यसरी गाउँको सुन्दर चित्र तयार भयो, तर अझै काम सकिएको रहेनछ । सहजकर्ताहरूले खुला ठाउँमा दिसा गर्ने ठाउँमा पहेँलो रङले चिन्ह लगाउन अनुरोध गरे । यसो गर्दा त गाउँ नै पहेँलपुर देखियो ।

"उनीहरूले हाम्रो गाउँमा खुला दिसापिसाब गर्दा हामीलाई के कस्तो बेफाइदा भइरहेको छ भन्ने कुरा बुझाउन, दिसा कसरी मुखमा पर्छ भन्ने कुरा बुझाएपछि मानिसहरू खङ्ग्रङ्ग भए" धनकुमारीले भन्नुभयो । सहजकर्ताहरूले गाँउलेलाई 'तपाईँहरू यो अवस्थामा परिवर्तन ल्याउन चाहनुहुन्छ कि यत्तिकै बसिरहनु हुन्छ?' भन्ने प्रश्न गरे ।

सहजकर्ताहरूको क्रियाकलापले त्यस गाउँका मानिसको दिमागमा अब यसरी बस्नु हुँदैन भन्ने सोचले जरो गाडिसकेको थियो । गाउँलेहरूले सल्लाह गरेर भोलिपल्टै उनीहरूलाई फेरि बोलाए । उनीहरूले गाउँलेहरूलाई 'प्रगतिनगर खानेपानी, सरसफाइ र स्वच्छता उपभोक्ता समिति' बनाएर खुला दिसामुक्त कार्यक्रम सञ्चालन गर्न सल्लाह दिए, सोही अनुसार समिति गठन भयो, जसको अध्यक्षमा धनकुमारी चुनिनुभयो ।

"अध्यक्षमा चुनिएपछि मेरो जिम्मेवारी अझ बढ्यो, कसरी काम गर्ने भनेर चिन्ता पनि लाग्यो" धनकुमारी भन्नुहुन्छ "हामीले एक महिनामा सबै घरमा चर्पी बनाएर प्रयोग गर्ने कार्ययोजना बनायौं, सबैलाई गाउँलाई खुला दिसामुक्त बनाउनै हतारो थियो ।" अभियान शुरु भएपछि गाउँमा चर्पी बनाउने लहर चल्यो । अर्काको भन्दा मैले राम्रो बनाउनु पर्छ भन्ने स्वस्थ प्रतिस्पर्धाको भावले चर्पीहरू पनि स्तरीय बने । एक महिनाको समय सीमा तोकिए पनि २५ दिनमै गाउँका सम्पूर्ण ३५ घरमै चर्पी बनेर प्रयोग हुन थाले ।

आखिर खुला दिसामुक्त घोषणा गर्ने दिन अर्थात २०६५ माघ १८ गते पनि आइपुग्यो । पहिलोपटक गाउँमा सहजकर्ता आएर सँगै गाउँ घुम्दा लाज मानेका गाउँलेहरूको मुहारमा त्यो दिन कुनै बिस्मात् थिएन, बरू खुशी र गर्व थियो । पूरै गाउँ ध्वजा, पताका र स्वागतद्वारहरूले सजिसजाउ थियो । तत्कालीन जिल्ला विकास समितिका पदाधिकारीहरू, गाविस सचिव, आइडिएसका कर्मचारीहरू, छिमेकी गाउँका मानिसहरू, सञ्चारकर्मीहरू र अन्य संघ संस्थाका मानिसहरू उनीहरूको निमन्त्रणा स्वीकार गरेर गाउँमा आए । धनकुमारीले सबै अतिथिहरूलाई एकपटक गाउँको भ्रमण गर्न अनुरोध गर्नुभयो ।

त्यो दिन सबैलाई आ-आफ्नो घरको चर्पी देखाउने हतारो थियो । पाहुनाहरूसँग गाउँलेहरू उत्साहका साथ पूरै गाउँ घुमे । पुग नपुग एक महिना अघि दिसैदिसा भएको ठाउँमा पुग्दा यसपटक कसैको शिर लाजले झुकेन, बरू गर्वले उचो भयो । यो गौरवपूर्ण यात्रापछि औपचारिक कार्यक्रममा धनकुमारीले गाउँलाई खुला दिसामुक्त भएको घोषणा गर्नुभयो । गाउँलेहरूले आफ्नो गाउँलाई पूर्ण सरसफाइतर्फ अघि बढाउने बाचा समेत गरे । "यो हाम्रो लागि ज्यादै ठूलो दिन हो" स्थानीय वासिन्दा संगीता विकले भन्नुभयो "अब कसैले देख्लान कि भनेर राती नै उठेर मैदान जानु परेन, हाम्रो इज्जत रहने भयो ।" प्रगतिनगरका वासिन्दाको यो सत्य कथा देशका हजारौं गाउँहरूको साझा कथा हो । साँच्चै नै आज हामी नेपालीहरूले यसरी एउटा महान यात्रा पूरा गरेका छौं । हामीले बिसर्नु नहुने कुरा के हो भने हामी हिमालको आधार शिविरमा आइपुगेका हौं । अब हिमाल चढ्न अर्थात पूर्ण सरसफाइको अवस्थामा पुग्न अहिले जसरी नै सबैको हातेमालो हुनु अपरिहार्य छ ।

# 'हेल्लो चर्पी' ले हल्लायो अटेरी मनहरूलाई

✍ राजु श्रेष्ठ

सल्यान जिल्लामा सञ्चालित सरसफाइ अभियानले सन् २०१५ मै सरसफाइको कभरेजलाई ५० प्रतिशतबाट ८० प्रतिशत पुऱ्याएको थियो । तर यसपछि भने अपेक्षाकृत रूपमा अभियान अघि बढ्न सकेको थिएन । सरसफाइमा शत प्रतिशत लक्ष्य हासिल गर्ने काम निकै नै चुनौतीपूर्ण बनेको थियो । चर्पी बनाउन बाँकी कतिपय परिवारहरूलाई कुनै पनि ट्रिगरिङले असर पारेको थिएन, कतिपय त चर्पीका लागि अनुदानकै अपेक्षा गरेर बसिरहेका थिए । जसले गर्दा साबिकको राप्ती अञ्चलमा सल्यान जिल्ला मात्र खुला दिसामुक्त हुन बाँकी थियो ।

चारैतिर खुला दिसामुक्त अभियानले गति लिइरहेको बेला सल्यानको सरसफाइ अभियानलाई यत्तिकै सेलाउन दिनु हुँदैन भन्ने उद्देश्यले एसएनभि र साझेदार संस्था पास नेपालले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग छलफल गरी जिल्लालाई खुला दिसामुक्त बनाउने प्रभावकारी उपायको खोजी शुरु गऱ्यो । यही क्रममा सञ्चार माध्यमको प्रभावकारी उपयोगले लगभग रोकिएको सरसफाइ अभियानलाई लक्ष्यसम्म पुऱ्याउन अन्तिम धक्का दिन सक्छ भन्ने निचोडमा पुगियो । यस क्रममा स्थानीय एफएम रेडियो स्टेशनका प्रतिनिधिहरूसँगको छलफलमा 'हेल्लो चर्पी' नामको रेडियो कार्यक्रम सञ्चालन गर्ने विचारले जन्म लियो । यसका लागि पास नेपालले चर्पी नबनाउने सम्पूर्ण घरहरूको विवरण संकलन गऱ्यो ।

हेल्लो चर्पी रेडियो कार्यक्रम निकै नै रोचक थियो । यस कार्यक्रमका सञ्चालकले चर्पी नबनाउने घरका घरमुलीलाई फोन गरेर रोचक शैलीमा विनम्रतापूर्वक कुराकानी गर्दै छरछिमेकीहरूले आफ्नो स्वास्थ्य, इज्जत र प्रतिष्ठाका लागि चर्पी बनाएर प्रयोग गरिसक्दा तपाईँले चाहिँ हालसम्म किन चर्पी नबनाउनुभएको हो भन्ने प्रश्न सोध्ने गर्दथे । कार्यक्रम सञ्चालकले सस्तो र राम्रो गरी बनाउन सकिने चर्पीका विभिन्न प्रकारहरूका बारेमा पनि कुरा गर्थे । यो कुराकानीका क्रममा घरमुलीले 'फलानो मितिसम्ममा चर्पी बनाउँछु' भन्ने प्रतिबद्धता व्यक्त नगरी सुखै थिएन । पास नेपालका कर्मचारीहरू उक्त प्रतिबद्धता पूरा भएको सुनिश्चित गर्नका लागि बारम्बार सम्बन्धित घर घरमा जान थाले । प्रत्यक्ष प्रसारण हुने यस कार्यक्रमबाट सार्वजनिक रूपमा गरिएको यो प्रतिबद्धता नै रोकिएको सरसफाइ अभियान अघि बढाउने कारण बन्यो ।

हप्तामा तीन पटक प्रसारण हुने 'हेलो चर्पी' रेडियो कार्यक्रमको ४५ मिनेट अवधिमा तीन देखि चार जना घरमुलीहरूसँगको अन्तर्वार्ता प्रसारित हुने गर्दथ्यो । यस कार्यक्रममा कुल २४० घरमुलीहरू सहभागी भए । ठूलो संख्यामा श्रोताहरूको ध्यान तान्न सफल भएको यस कार्यक्रको प्रभावले गर्दा साबिकका आठ वटा गाविसका १२ सय घरपरिवारले चार महिनाभित्र चर्पी निर्माण गरी प्रयोग गर्न थाले । सन् २०१६ को मध्यमा सल्यान जिल्लावासीहरू खुला दिसामुक्त जिल्लाको वासिन्दा भएको कुरामा गर्व गर्न सक्षम भए ।

घटना -८

# खुत्रुकेको पैसाले चर्पी बन्यो

✍ रामकली थारु

केटाकेटीले दुई चार रूपैयाँ गर्दै खुत्रुकेमा जम्मा गरेको पैसा केमा खर्च गर्लान ? धेरैको जवाफ हुनसक्छ - मेला घुम्न जान, खेलौना किन्न, मिठाइ किनेर खान आदि । तर उक्त पैसाले घरको चर्पी बनाएको कुरा सुन्दा जो कोहीलाई पनि अनौठो लाग्न सक्छ । हो, यस्तै भएको छ गुलरिया नगरपालिकाको रामनगर गाउँमा । गाउँका ८७ घरधुरीहरू जस्तै स्थानीय वासिन्दा रामनरेश यादवको घरमा पनि चर्पी थिएन । ४५ वर्षीय रामनरेश र उहाँको परिवारका ६ जना नै खुला ठाउँमा दिसापिसाब गर्नु हुन्थ्यो । गाउँका सबैले खुल्ला ठाउँमा दिसापिसाब गर्ने, बाटो छेउछाउ चौपाया बाँध्ने, घरको फोहोरमैला जथाभावी बाटोमा फाल्ने गर्दथे, जसले गर्दा गाउँमा टाइफाइड, झाडापखाला जस्ता रोगहरू लाग्नु सामान्य थियो । देशका अन्य जिल्लालाई जस्तै बर्दिया जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गर्ने रणनीति बनेपछि गुलरिया नगरपालिका तथा 'सफा र स्वस्थ गुलरिया परियोजना' को सहकार्यमा चर्पी निर्माणका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुन थाले ।

यस्ता चेतनामूलक कार्यक्रमहरूको प्रभाव बिस्तारै जनमानसमा पर्दै गयो । राम नरेशको परिवारले पनि चर्पीको फाइदाबारे बुझ्न थाल्यो र घरमा चर्पी त चाहिन्छ भन्ने लाग्यो । तर आर्थिक अभावको कारण चर्पी बनाउन नसक्दा परिवारलाई निकै चिन्तित बनायो । कतैबाट पैसाको बन्दोबस्त नभएपछि राम नरेशका दुई साना छोराहरूले खुत्रुकेमा जम्मा गरेको पैसा खर्च गर्ने निधो गरे र खुत्रुके फुटाए । केटाकेटीले खुत्रुकेमा जम्मा गरेको पैसाले चर्पी निर्माणका लागि चाहिने सामग्रीहरू किन्न पुग्ने भयो र घरमा पक्की चर्पी बन्यो । रामनरेश यादव भन्नुहुन्छ "छोराहरूले बचत गरेको रकमबाट घरमा चर्पी बनाउन पाएँ, छोराहरू साना भए पनि यिनीहरूको बुद्धि कति ठूलो हेर्नुस त ?" पिताको कृतज्ञतायुक्त भनाईले हौसिएका छोराहरू पनि हो मा हो मिलाउँदै भन्दै थिए "खुत्रुके फुटाउनु परेकोमा कुनै पछुतो छैन ।"

घटना–९

# सिर्जनशीलता र सहकार्यको सार्थक परिणाम

✍ गोविन्द खड्का

थरीथरीका भर्त्रांकी सहितको जनसहभागिताले २०७२ जेष्ठ २३ गते घोराही बजार शोभायमान देखिन्थ्यो । पूरै जिल्ला यहीँ नै उर्लिएझैँ लाग्ने यो भेला दाङ जिल्लालाई देशको चौधौं खुला दिसामुक्त जिल्ला घोषणा गर्नका लागि जुटेको थियो ।

जिल्लालाई खुला दिसामुक्त बनाउने अभियान सञ्चालनका क्रममा अभियन्ताहरूले यहाँ अपनाएका सिर्जनशील कदमहरू देशका अन्य जिल्लालाई खुला दिसामुक्त बनाउने क्रममा अनुसरण गरिए । यस अर्थमा दाङ जिल्लाको खुला दिसामुक्त अभियान आफ्ना लागि मात्र नभई समग्र मुलुककै खुला दिसामुक्त अभियानमा एउटा उल्लेखनीय कोसे ढुङ्गो साबित हुन पुग्यो ।

दाङ जिल्लामा खुला दिसामुक्त अभियानको प्रारम्भ २०६६ असार १२ गते ६ वर्षे रणनीतिक कार्ययोजनालाई पारित भएपछि शुरु भएको थियो । हुन त २०६५ फागुन १३ गते नै ढिकपुर गाविस खुला दिसामुक्त घोषणा भइसकेको भए तापनि अभियानले गति लिन सकेको थिएन । यसको तीन वर्षपछि सौडियार गाविस खुला दिसामुक्त भयो । तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख गणेश थापा, इञ्जिनियर तिलक न्यौपाने र ढिकपुर गाविसलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्दा अभियानको अगुवाई गर्ने तत्कालीन गाविस सचिव शालिकराम पराजुली लगायतका जिल्लास्थित सरसफाइका अन्य सयौं अभियन्ताहरूको प्रयासले जिल्लामा सरसफाइको लहर नै चल्यो ।

खुला दिसामुक्त अभियान सञ्चालन गर्दै जाँदा नयाँ नयाँ सिकाईहरू हुन थाले । सरसफाइ र दानवीर, सरसफाइ कमाण्डो जस्ता अवधारणाहरूको सूत्रपात भयो । समुदायलाई स्वच्छ राख्न र खुला दिसामुक्तको दर्जा दिनका लागि कतिपय स्थानीय औजारहरू लागू गरियो । उदाहरणका लागि - खुला ठाउँमा दिसा गरेको देख्ने बित्तिकै सिट्ठी फुक्ने र त्यस्ता व्यक्तिहरूको कार्टुन बनाएर सार्वजनिक स्थानमा टाँस्ने लगायतका कतिपय अन्य औजारहरूको प्रयोग गरियो, जसले समुदायमा प्रभावकारी ढङ्गले प्रज्ज्वलनको काम गऱ्यो ।

राजनैतिक तहबाट सरसफाइ प्रवर्धनका लागि लिखित प्रतिबद्धता जनाइनाले अभियन्ताहरूको हौसला बढ्यो र कामको गति पनि बढ्यो । जिल्लामा कार्यरत सरसफाइ प्रवर्धकहरूलाई तत्कालीन खानेपानी तथा ढल निकास विभागका कमल अधिकारी, तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका रमेश कुमार अधिकारी, युनिसेफका सिद्धि श्रेष्ठ र स्वर्गीय ध्रुव कार्कीबाट सरसफाइ प्रवर्धनका लागि प्राप्त व्यावहारिक ज्ञान अभियान सञ्चालनका लागि उर्जा साबित भयो ।

जिल्ला सरसफाइ सम्मेलनको आयोजनाले खुला दिसामुक्त अभियानलाई अझ तीव्र बनाउन सहयोग गऱ्यो । जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, जनस्वास्थ्य कार्यालय तथा महिला तथा बालबालिका कार्यालय बीचको सहकार्यले अभियानलाई अझ टेवा पुऱ्यायो । परिणामस्वरूप क्षमता भएका तर चर्पी नबनाउने अटेरीहरूलाई दबाब दिन सरकारी सेवा सुविधा रोक्का तथा प्रहरीमा उजुरी दिने

सम्मका उपाय अपनाइयो । यसले गर्दा अधिकांश ठाउँमा कुनै पनि बहानामा चर्पी नबनाई र त्यसको प्रयोग नगरी बस्न नसक्ने माहौल तयार भयो ।

तर राप्ती नदी पारीका केही बस्तीमा भने अनेक बहाना गरी चर्पी नबनाउने प्रवृत्ति कायमै थियो । चर्पी बनाउन अनुरोध गर्दै घर पुग्दा घरै छाडेर भाग्ने स्थानीयलाई अभियन्ताहरू बिहान बिहानै भेट्न थाले । चर्पी नबनाउनेलाई पत्रेत्र चौकीमा लैजाने सम्मका काम गर्न थालेपछि खुला दिसामुक्त अभियानले गति लिन थाल्यो । कतिपय अभियन्ताहरू माथि आत्रमणको प्रयास पनि भयो । तर उनीहरू कहिल्यै डगमगाएनन्, हिउँद बर्खा भनेनन् । देउसी, भैलो, माघी, तीज जस्ता चाडबाडमा चर्पी र सरसफाइको महत्व दर्शाउने गीत गाउने चलन नै बस्यो । खुला दिसामुक्त घोषणा भएका टोलहरूमा स्थानीय अगुवा र अभियन्ताहरूलाई सम्मान गर्ने चलन बसालियो, जसले उनीहरूलाई थप उत्साहित बनायो ।

खुला दिसामुक्त अभियानलाई सार्थक बनाउने कार्यमा नेपाल रेडक्रस सोसाइटीले पनि महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । तत्कालीन सभापति, सरसफाइ अधिकृत, प्राविधिक तथा अन्य कर्मचारीहरू बिहानैदेखि समुदायमा पुग्थे । रेडक्रसकै तत्वावधानमा सञ्चालन भएको रेडियो कार्यक्रमले सरसफाइ सम्बन्धी चेतनामूलक सामग्रीहरू प्रसारण गर्न थाल्यो । नेपाल पत्रकार महासंघ दाङ शाखाद्वारा गठित वाश फोरमको संयोजकत्वमा जिल्ला तथा केन्द्रका सञ्चार माध्यमले खुला दिसामुक्त क्रियाकलापका समाचार तथा अन्य सामग्रीहरू प्रचार प्रसार गरे । दाङमा हासिल भएका अनुभवहरूलाई यहाँकै अभियन्ताहरूको अभिमुखीकरण मार्फत सल्यान, कैलाली, अछाम, मोरङ, धनकुटा आदि जिल्लाका अभियन्ताहरुद्वारा अनुसरण गरिए ।

सामुदायिक वन उपभोक्ता समितिबाट पनि खुला दिसामुक्त अभियानमा ठूलो सहयोग पुग्यो । त्यस्तै, निर्माण सामग्री बिक्रेताहरूले हेकुली गाविसमा सामग्री ढुवानीको भाडा नलिई चर्पी निर्माणका सामग्री आपूर्ति गरे । समुदायमै शौचालयका रिङ बनाउने कार्यले तीव्रता पायो । अनुदान बिना नै चर्पी निर्माण कार्य अघि बढ्यो । यस्तै सहकार्यकै परिणाम स्वरूप दाङ जिल्लाले देशमा सरसफाइ अभियान शुरु भएको प्रारम्भिक अवस्थामै खुला दिसामुक्त घोषणा हुने सौभाग्य पायो । जिल्लाबाट हासिल भएका यस्ता सिकाईहरूले देशको खुला दिसामुक्त अभियानमा ईँटा थप्ने काम गरे ।

घटना - १०

# सरसफाइ नमूना जिल्ला चितवनदेखि खुला दिसामुक्त नेपालसम्म

✍ मदन कुमार मल्ल

नेपालमा सरसफाइ अभियानको व्यवस्थित थालनी गुरूयोजना तर्जुमा पश्चात भए तापनि त्यस अघि पनि सरसफाइ कार्यक्रमहरू सञ्चालित नभएका होइनन् । संगठित रूपमा सञ्चालन नभए पनि त्यतिखेर सञ्चालित सरसफाइ कार्यक्रमहरूबाट हासिल भएका अनुभव र सिकाईहरू भने नेपालको समग्र खुला दिसामुक्त अभियानका आधारस्तम्भ बन्न पुगे । गुरूयोजना लगायतका नीतिगत प्रावधानहरूको तर्जुमामा यी अनुभव र सिकाईहरू महत्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा उपयोग भएका छन् ।

विगतमा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूले सञ्चालन गरेका सरसफाइ कार्यक्रमहरूमा अन्तर क्षेत्रगत समन्वय र सहकार्यको अभाव थियो । यसैबीच नेपालमा सरसफाइ प्रवर्धनमा संलग्न संघ संस्थाहरूले अब सञ्चालन गरिने सरसफाइ अभियान फाट्टफुट्ट नभएर निश्चित क्षेत्रमा सघन र ऐक्यबद्ध रूपले सञ्चालन गर्नुपर्ने धारणा अघि सारे । यही धारणा अनुरूप तत्कालीन राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समिति तथा खानेपानी तथा ढल निकास विभागको अगुवाईमा सर्वप्रथम चितवन जिल्लालाई खुला दिसामुक्त बनाई 'सरसफाइमा नमुना जिल्ला' बनाउनका लागि काम गर्ने निश्चय गरियो, जुन त्यतिखेरको सन्दर्भमा निकै सिर्जनशील तर महत्वाकांक्षी कदम थियो ।

### चितवन जिल्ला : सरसफाइको प्रयोगशाला

'सन २००९, चितवन हेर्न जाऔँ' भनेर खुला दिसामुक्त घोषणाको समयसीमा नै किटान गरेर शुरु गरिएको यो कदममा अपनाइएका विधिहरू, गरिएका सहकार्यले लिइएका नीतिगत निर्णयहरू वास्तवमा दूरगामी महत्वका बन्न पुगे । यहाँ प्राप्त भएका व्यावहारिक सिकाईहरूलाई अन्य जिल्लाहरूमा अवलम्बन गर्दै लगियो । प्रत्येक जिल्लामा हासिल भएका अनुभव र सिकाईहरू समयक्रमसँगै परिमार्जित हुँदै गए । यो क्रम नेपालको ७७ औं जिल्ला खुला दिसामुक्त हुँदासम्म पनि कायमै रह्यो । यस अर्थमा चितवन जिल्ला नेपालको सरसफाइ आन्दोलनको अग्रदूत र खुला प्रयोगशालाका रूपमा चित्रित हुन पुग्यो । कमल अधिकारीद्वारा लिखित पुस्तक 'नेपालको सरसफाइः विगत, वर्तमान र भविष्य (२०७२)' मा लेखकले चितवन जिल्लालाई 'सरसफाइको प्रयोगशाला'को दर्जा दिनु भएको छ । विविध कारणले यो जिल्ला पूर्व घोषित समय सीमा भन्दा करिव दुई वर्षपछि मात्र खुला दिसामुक्त हुन सक्यो । तर नेपालको सरसफाइ अभियानमा सिर्जनशीलता र गतिशीलता ल्याउन चितवन जिल्लाको मौलिक र विशिष्ट चिनारी रहेको छ ।

राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समितिका तर्फबाट चितवन जिल्लामा सरसफाइ कार्यक्रमको संयोजकका रूपमा काम गर्ने अवसर मेरा लागि गौरवको विषय त थियो नै, तर यो काम निकै चुनौतीपूर्ण पनि थियो । किनभने त्यतिखेर नागरिकमा चेतनाको स्तर निकै न्यून थियो, सरसफाइ प्रति अहिलेको जस्तो सामाजिक ग्रहणशीलताको विकास

भइसकेको थिएन, सञ्चार माध्यमले सरसफाइका मुद्दालाई महत्व दिएका थिएनन् । त्यतिखेर आम समुदायमा सरसफाइ प्रवर्धनको कार्य यस क्षेत्रमा जागीर खाने व्यक्तिहरूको मात्र जिम्मेवारी हो भन्ने गहिरो छाप परेको थियो ।

सतही रूपमा हेर्दा चितवन जिल्लालाई सुगम र शिक्षित मानिसको वाहुल्य भएको ठानिए तापनि माडी क्षेत्र र पहाडी क्षेत्रहरूको अवस्था मध्यभागको भन्दा नितान्त फरक थियो । करिब डेढ दशक अघि ती क्षेत्र बढी विकट र पिछडिएको अवस्थामा थिए । यो जटिल परिस्थितिमा सरसफाइ कार्यक्रमलाई त्यहाँ विद्यमान विकास निर्माणका अन्य कार्यक्रमहरूसँगै एकीकृत गरेर अघि बढ्ने निश्चय गरियो, जुन प्रयोग कालान्तरमा गएर अत्यन्त सफल र फलदायी साबित भयो ।

विद्यालय तथा समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धति, 'इच वन टिच वन' यातायात व्यवसायीहरूसँगको सहकार्यमा राजमार्ग तथा राजमार्ग आसपासका क्षेत्रमा चर्पी र सरसफाइको आवश्यकता सम्बन्धी चेतना जागरण कार्यक्रम, स्वास्थ्य संस्था (चौकी) हरूसँगको सहकर्यमा सञ्चालित व्यक्तिगत सरसफाइ र खासगरी साबुन पानीले हात धुने कार्यको व्यावहारिक अभ्यास, सरसफाइमा सहकारीले लगानी गर्ने, गाविसबाट सरसफाइ सम्बन्धी आचार संहिता जारी गर्ने, अशक्त घरधुरीलाई चर्पी निर्माणका लागि सामुदायिक वन उपभोक्ता समितिबाट काठपात प्रदान गर्ने, विवाहमा उपहार स्वरूप सरसफाइका सामग्री प्रदान गर्ने, इकोसान गाउँ निर्माण गर्ने जस्ता नवीन कुराको व्यवस्थित थालनी चितवन जिल्लाबाटै भएको थियो । यसका साथै विगतदेखि खुला रूपमा दिसा गर्ने गरिएका स्थललाई सफा गरी देवी देवताको मूर्ति स्थापना गरी खुला स्थानमा दिसा गर्ने प्रचलन लाई निरुत्साहित गर्ने, हेडमास्टरले खुला रूपमा गरिएको दिसा पुर्दै हिँड्ने र चर्पी नबनाउने आफ्ना अभिभावकहरूलाई दबाब दिनका लागि बालबालिकाले आफ्नै घरको भान्छामा दिसा गर्ने जस्ता क्रान्तिकारी कदमको समेत थालनी गरी देशको सरसफाइलाई तरङ्गित पारेको इतिहास पनि बोकेको छ चितवन जिल्लाले ।

खानेपानी तथा सरसफाइ प्रवर्धनका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरूसँगको सहकार्यमा सञ्चारकर्मीहरूलाई सरसफाइ सम्बन्धी अभिमुखीकरण र सरसफाइ सम्बन्धी सामग्री उत्पादन तथा प्रकाशन/प्रसारणमा प्रतियोगितात्मक अभियान सञ्चालनको श्रीगणेश पनि यही जिल्लाबाट भएको थियो । जसले गर्दा सरसफाइ र खुला दिसामुक्त कार्यक्रमले जनमानसमा परिचित हुने मौका पायो । यसरी खुला दिसामुक्त अभियानले शैशवकालमै अन्तर क्षेत्रगत सहकार्यको उत्कृष्टता हासिल गऱ्यो । चितवन जिल्लाबाट अभियानकै प्रारम्भमा हासिल भएका सकारात्मक अनुभवहरूले कास्की, तनहुँ लगायतका अन्य जिल्लाहरूमा अझ बढी आत्मविश्वासका साथ कार्य गर्न सघाउ पुऱ्यायो ।

त्यतिखेरसम्म चितवनका कतिपय समुदायमा पूर्ण सरसफाइको अवधारणा अनुरूप काम गरिएको थियो । कतिपय घर, विद्यालय र समुदायहरूलाई सरसफाइमा नमूना स्थलका रूपमा विकास गरिएको थियो । जसमा खुला दिसामुक्त अवस्थाको प्राप्तिपछि व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइका पक्षहरूमा जोड दिइएको थियो । सबैभन्दा महत्वपूर्ण कुरा के छ भने गुरूयोजना तर्जुमाका लागि खटिएका विज्ञको टोलीद्वारा सर्वप्रथम चितवन जिल्लाबाटै स्थलगत अध्ययन थालनी गरी गुरूयोजनाको आधारभूत रणनीतिक सोच र दृष्टिकोण समेत विकास गरिएको

थियो । त्यसैगरी कतिपय समयमा त चितवनमा कैयन विदेशी सरसफाइ प्रवर्धक र अनुसन्धानकर्ताको जमघट नै हुने गर्दथ्यो । स्मरणीय छ, चितवनलाई सरसफाइ नमूना जिल्लाको रूपमा विकास गर्न तत्कालीन राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समिति र खानेपानी तथा ढल निकास विभागको नेतृत्वदायी भूमिका रहेको थियो भने युनिसेफ नेपाल, नेपाल स्वास्थ्यको लागि पानी (नेवा), ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, विश्व स्वास्थ्य संगठन, यु.एन. ह्याबिट्याट, नेपाल रेडक्रस सोसाइटी, तत्कालीन जिल्ला विकास समिति र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, फ्रेन्डससीप क्लिनिक, लुमन्ती र जिल्लास्थित सरकारी निकाय, गाविस र नगरपालिका एवं विकास साझेदारको उल्लेखनीय योगदान रहेको थियो ।

## तराईका जिल्लाहरूमा सरसफाइ अभियान : जहाँ हिलो त्यहीँ कमल

चितवनबाट शुरु भएको यात्राले कास्की, तनहुँ र म्याग्दी हुँदै कालीकोटतिरबाट धावा बोल्न थालेपछि बिस्तारै पहाडी जिल्लाहरूमा अभियान व्यापक बन्न थालेको थियो । तर सन् २०१३ सम्म पनि सरसफाइमा खासै प्रगति नदेखिएका मध्य तथा पूर्वी तराइका जिल्ला र केही पहाडी जिल्लाहरू लक्ष्य प्राप्तिमा तगारो बन्ने हुन कि भन्ने पूर्वानुमान गर्न थालिएको थियो । त्यसैले राज्य र विकास साझेदारहरूले विशेष रूपमा आक्रामक सरसफाइ अभियानका साथ यी क्षेत्रमा ध्यान केन्द्रित गर्न पुगे ।

खासगरी तराई क्षेत्रमा विद्यमान केही विशिष्ट अवस्थाले गर्दा यहाँ सरसफाइ अभियानलाई अघि बढाउन सजिलो थिएन । युगौंदेखि बस्ती वरपर प्रशस्त खुला ठाउँ भएको हुनाले यहाँ खुला ठाउँमा शौच गर्ने कार्यलाई यहाँ अस्वाभाविक मानिदैनथ्यो । जेठाजु/ससुराले प्रयोग गरेको चर्पीमा बुहारी नजाने जस्ता कुप्रथा कायम रहेको थियो । विपन्न र भूमिहीनहरूको बढी बसोबास, बाढीले गर्दा बनेका संरचनाहरू बारम्बार भत्किने समस्या, भूमिगत पानीको सतह नजिकै भएकाले खाडल छिटो भरिने र दिसा नकुहिने जस्ता समस्याले गर्दा पनि यहाँ सरसफाइ अभियान बालुवामा पानी हाले झैं भइरहेको थियो । तराई क्षेत्रका ईँटाभट्टा, चिया बगान (खासगरी झापा र मोरङ जिल्लामा अवस्थित) हरूमा मौसमी कामदारहरू आउने भएकाले उनीहरूका लागि व्यवस्थित चर्पीको अभाव हुँदो रहेछ । तराई क्षेत्रमा मुख्य राजमार्गको धेरै क्षेत्र पर्ने भएको र यात्रुहरूका लागि व्यवस्थित र पर्याप्त चर्पी नहुनाले गर्दा राजमार्ग छेउछाउलाई खुला दिसामुक्त क्षेत्र बनाउने कार्य पनि चुनौतीपूर्ण थियो । यसबाहेक भारततिरबाट आएर वर्षको तीन-चार महिना बस्ने घुमन्ते प्रवृत्तिको जमातका कारण पनि यस्तो क्षेत्रमा खुला दिसा गर्ने चलन रोक्न त्यत्ति सजिलो भने थिएन ।

सबैभन्दा ठूलो व्यवधान चाहिँ विगतमा सञ्चालित अनुदानमुखी सरसफाइ कार्यक्रमले मानिसहरूमा जगाएको आशे प्रवृत्तिबाट उब्जिएको थियो । मुलुकका सबै भागमा धेर थोर यसको असर थियो, यही आशे प्रवृत्तिले गर्दा मानिसहरू बुझ पचाएर बसेका थिए । विभिन्न गाउँमा गएर मानिसलाई चर्पी आफ्ना लागि हो र कुनै अनुदान बेगर नै चर्पी बनाउनु पर्छ भन्ने कुरा बुझाउन अभियन्ताहरूले धेरै नै मेहनत गर्नु पऱ्यो । तर सरकार, विकास साझेदार र नागरिक समाजहरूको हातेमालोले गर्दा असंभव जस्तै ठानिएका ठाउँहरूमा अत्यन्त सन्तोषजनक रूपमा काम हुन थाले ।

सञ्चार माध्यमको उल्लेखनीय सहयोग पाएकाले अभियान अघि बढाउन सजिलो भयो भने सम्बन्धित सरकारी निकायहरूले सरकारी सेवा सुविधा प्राप्त गर्न अनिवार्य रूपमा चर्पीको निर्माण र प्रयोग गर्नु पर्ने घोषणा गरेकाले चर्पी निर्माणमा तीव्रता आयो । सरसफाइ अभियानप्रति नकारात्मक भाव राख्ने समुदायका व्यक्ति, जो अरुलाई प्रभाव पार्न सक्ने खालका थिए, उनीहरूलाई खोजी खोजी तालिम दिएर सरसफाइ कार्यक्रमको अगुवा बनाइयो । यसले गर्दा अप्ठ्यारा मानिएका समुदायमा काम गर्न सजिलो भयो ।

यसैगरी, त्यतिखेर लिइएका अन्य नीतिगत निर्णयहरू सरसफाइ अभियानमा महत्वपूर्ण भए, जसका लागि तराई सरसफाइ सम्मेलन (टेकोसान) र अन्तरजिल्ला समन्वय समितको विस्तारित कार्यशालाको भूमिका अहम् बन्न पुग्यो । अभियानको शैली परिवर्तन गर्दै जिल्ला तहको समन्वय समितिका बैठकहरू जिल्ला सदरमुकामको साटो चर्पी निर्माण नभएका समुदायमा नै गर्ने गरियो । बैठकका लागि जिल्लाबाट उच्च पदस्थ अधिकारी र सुरक्षा निकायका प्रतिनिधि लगायतका व्यक्तिहरू समुदायमा पुगेपछि त्यस्ता ठाउँमा रातारात परिवर्तन आयो । यसैगरी, सरसफाइ प्रवर्धनमा ठूलो कठिनाईको सामना गरिरहेका समुदायका घर  घरमा अभियन्ताहरू डेरा सरेर सबै घरमा चर्पी बनेर प्रयोग हुन थालेपछि मात्र त्यहाँबाट निस्कने 'डेराडण्डा' को नीति लिइयो, जसले गर्दा चर्पी बन्नै नसक्ने भनिएका ठाउँहरूमा पनि चर्पी बने ।

शुरुमा केही सामाजिक दबाब र आचार संहिताको बलले काम गराइए पनि अभियन्ताहरूको अथक मेहेनतले मानिसहरूले चर्पी आफ्ना लागि हो भन्ने बुझेकैले आज हामी खुला दिसामुक्त राष्ट्रको नागरिक बन्न पाएका छौं । यस सिलसिलामा एउटा रोचक प्रसङ्गको उल्लेख गर्नै पर्ने हुन्छ । हाम्रो देशको तराई क्षेत्रका सीमा पारीका समुदायमा राम्रो अनुदान पाएकाले राम्रा चर्पी बनेका देखिन्छन् । हाम्रातिर मानिसहरूले आफ्नो आर्थिक हैसियत अनुसारका बनाएको हुनाले चर्पी हेर्दा त्यत्ति आकर्षक लाग्दैनन् । तर हाम्रातिरका चर्पी नियमित रूपमा प्रयोग भएका छन् । यही नै हो हाम्रो देशको अनुदान विहीन सरसफाइ सामाजिक अभियानको विशिष्टता ।

### सरसफाइ : अन्य विकास निर्माणको उत्प्रेरक तत्व

नेपालमा सञ्चालित खुला दिसामुक्त कार्यक्रम सबैको साझा एजेण्डा बन्नु र ऐतिहासिक रूपमा सफल बन्नुका कैयन् कारणमध्ये एउटा महत्वपूर्ण पक्ष हो, चितवन जिल्लादेखि नै शुरु भएको विकासका अन्य क्रियाकलापहरूसँग गरेको सहकार्य गर्ने नीति । खुला दिसामुक्त अभियानमाकै प्रभाव स्वरूप रासायनिक मल मुक्त क्षेत्र, पूर्ण साक्षरतायुक्त क्षेत्र, पूर्ण खोपयुक्त क्षेत्र, प्लाष्टिक झोला मुक्त क्षेत्र, विषादी मुक्त क्षेत्र जस्ता अवधारणाहरूले जन्म लिए र सोही अनुरूप काम पनि भए । खुला दिसामुक्त कार्यक्रमलाई सबै ठाउँमा एकल कार्यक्रमका रूपमा मात्र अघि बढाइएको थियो भने यस्ता परिणामहरू हासिल हुने थिएनन् होला । कतिपय स्थानमा त हामीसँग हाम्रो गाउँलाई मदिरामुक्त क्षेत्र बनाइदिनु पर्‍यो भनेर समुदायका महिलाहरूले अनुरोध गरे, जुन खुला दिसामुक्त अभियानले विकासका अन्य आयामहरूमा सकारात्मक प्रभाव पारेको उदाहरण थियो । यसरी खुला दिसामुक्त अभियानरूपी विकासको एउटा अवसरले अरु अवसरहरूको ढोका खोलिदिन्छ भन्ने कुराको उत्कृष्ट उदाहरण बन्न पुग्यो ।

### स्थानीय औजार : सफलताको आधार

चितवनसगैँ देशका पश्चिमका जिल्लाहरू अनि तराईका जिल्लाहरू हुँदै सोलुखुम्बु र अन्त्यमा समग्र नेपाल नै खुला दिसामुक्त अवस्था हासिल गर्ने कार्यमा स्थानीय औजारहरूको महत्वपूर्ण योगदान रह्यो । त्यसैले विकासका अन्य प्रयासहरू देशको पूर्वतिरबाट प्रारम्भ भए पनि खुला दिसामुक्त अभियानले भने पश्चिमतिरबाट गति लिएको सबैमा घाम जस्तै छर्लङ्ग छ । चितवन लगायत देशका विभिन्न जिल्लाहरूमा सिर्जित मौलिक औजार र उपायहरूको व्यापक प्रयोगका कारण विपन्न तथा भूमिहीनहरूले चर्पी बनाउन ढिला गर्छन् वा टेर्दैनन भन्ने पूर्वानुमान गलत साबित भयो ।

जब कि, विगतमा सरसफाइ अभियानमा तुलनात्मक रूपमा चेतनशील समुदायमा नै अपेक्षाकृत तत्परताको कमी रहेको अवस्थामा थियो । यसका साथै भौगोलिक विकटता र विपन्नता जस्ता कुराहरू बाधक बन्न सकेनन् र तराईमा सरसफाइ गर्न गाह्रो छ भन्ने युगौं देखिको सोच पनि मिथ्या साबित हुन पुग्यो ।

सबै सरोकारवालाहरू सघन रूपमा जुटी सहकार्य गर्दा उनीहरूको सीप, स्रोत, साधन र शक्तिको समुचित रूपमा संयोजन हुन पुगी ठूलो क्षेत्रमा पनि छोटो समयावधिमा ह्वात्तै खुला दिसामुक्त अवस्था हासिल गर्न सकिन्छ भन्ने चितवन जिल्लाको मौलिक सिकाईलाई गुरूयोजनाले पनि आफ्नो मूल रणनीतिको रूपमा अँगिकार गरेको इतिहास पनि हामीले बिर्सनु हुँदैन । त्यसैले सरसफाइमा नमूना जिल्ला बन्दै अघि बढेको चितवन देशको सरसफाइको प्रयोगशाला पनि बन्न पुग्यो र देशका अन्य जिल्लाहरू पनि सरसफाइका सफल प्रयोग स्थल बन्दै आफ्नै मौलिक सोच र सिर्जनाहरूका साथ विश्व सामु नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषित गर्न उल्लेखनीय उपलब्धि हासिल भयो ।

# मर्यादित महिनावारी स्वच्छता : खुला दिसामुक्त अभियान र पूर्ण सरसफाइको महत्वपूर्ण कडी

✍ गुणराज श्रेष्ठ

## पृष्ठभूमि

महिनावारी महिलाहरूको प्रजनन स्वास्थ्यसँग सम्बन्धित जैविक प्रक्रिया हो भन्ने तथ्यका वावजुद हाम्रो समाजमा यससँग सम्बन्धित अनेकौं कुरीतिहरू व्याप्त छन् । यी कुरीतिहरूले परम्परागत, धार्मिक र सांस्कृतिक आडभरोसा पाएका छन्, जसले गर्दा किशोरी र महिला अभै शिक्षा, सरसफाइ, स्वच्छता र स्वास्थ्य लगायत अन्य सामाजिक अवसर हरूबाट वञ्चित हुन पुगेका छन् । महिनावारीका समयमा गरिने भेदभावले गर्दा उनीहरूको आत्मसम्मान, मर्यादा र समस्त मानव अधिकारमा आघात पुगेको छ ।

खासगरी देशका सुदूर पश्चिम र कर्णाली प्रदेशका केही जिल्लाहरूमा महिनावारीका समयमा महिलाहरूलाई 'अछूत' का रूपमा व्यवहार गरिन्छ । यस्तो बेलामा उनीहरू घर बाहिर अलग्गै बनाइएका छाप्रोहरूमा बस्न बाध्य हुन्छन्, जसलाई छाउपडी प्रथा भनिन्छ । देशका अन्य भागमा पनि कुनै न कुनै प्रकारले महिला र किशोरीहरू महिनावारीका समयमा पारिवारिक र सामाजिक भेदभावबाट प्रभावित भइ नै रहेका हुन्छन् । यस्ता विभेदले राष्ट्रिय विकास एवं दिगो विकास लक्ष्य प्राप्तिमा समेत नकारात्मक असर पुगेको छ ।

नेपालमा प्रत्येक महिना करिब ८८ लाख महिला तथा किशोरीहरू महिनावारी हुने गर्छन् । यो कुल महिला जनसंख्याको ६३ प्रतिशत र नेपालको कुल जनसंख्याको ३४ प्रतिशत हुन आउँछ । युनिसेफका अनुसार नेपालका ३ प्रतिशत महिलाहरू महिनावारीका समयमा छाउपडीमा बस्न बाध्य हुन्छन् । सुदूर पश्चिमी पहाडी जिल्लाका करिब ७१ प्रतिशत महिलाहरूले यो परिस्थितिको सामाना गर्नु परिरहेको छ । जनसंख्याको यत्रो ठूलो हिस्सालाई प्रभावित गर्ने यो रुढीगत मान्यता महिला र किशोरीहरूको मात्र समस्या नभई समग्र देशको विकासका लागि व्यवधान बनेर उभिएको छ ।

## महिनावारी सम्बन्धी प्रमुख सवालहरू

विश्वले २१ औँ शताब्दीको दोस्रो दशक पार गर्न लाग्दा हाम्रो समाजमा महिनावारी जस्तो सामान्य जैविक प्रक्रियासँग जोडिएका रुढीले गर्दा समाज पछाडि धकेलिन पुगेको छ । त्यसैले यो समस्यालाई सम्बोधन गर्न निम्नलिखित कुराहरूमा ध्यान केन्द्रित हुनु अपरिहार्य छ :

- महिनावारी सम्बन्धी अन्धविश्वास हटाउन जनचेतना अभिवृद्धि आवश्यक छ । खासगरी महिनावारी धर्म र संस्कृतिसँग जोडिएकाले शिक्षित वर्गसमेत यसलाई सामान्य जैविक प्रक्रियाका रूपमा लिन हिचकिचाउने गर्छन् । यसथै वैज्ञानिक तथ्य र अन्य दृष्टान्तको आधारमा यो रूढीवादी मान्यतामा परिवर्तन ल्याउनु आवश्यक छ ।

- ★ हाल राज्यका तर्फबाट महिनावारीलाई नितान्त जैविक प्रक्रियाका रूपमा लिन विभिन्न नीतिगत निर्णय तथा फैसलाहरू भएका छन् । तथापि तिनको कार्यान्वयन तथा अनुगमन पक्ष फितलो हुँदा समाजमा परिवर्तनको वास्तविक अभाष हुन सकेको छैन । यसैले राज्यबाट गरिएका निर्णय तथा फैसलाहरूको प्रभावकारी कार्यान्वयन र अनुगमनमा ध्यान दिनु आवश्यक छ ।
- ★ अन्तर मन्त्रालय स्तरमा गरिने समन्वयबाट महिनावारी सम्बन्धी सवालहरूको प्रभावकारी सम्बोधन हुने भएकाले सरसफाइ र स्वच्छता प्रवर्धनका लागि खानेपानी मन्त्रालय, पाठयक्रम सुधार तथा विद्यालयमा महिनावारीमैत्री शौचालय व्यवस्थापनका लागि शिक्षा मन्त्रालय, स्वास्थ्य शिक्षा प्रचारका लागि स्वास्थ्य मन्त्रालय र जनचेतना अभिवृद्धि तथा महिला अधिकार सुनिश्चितताका लागि महिला मन्त्रालयबीच मजबुत सहकार्य र समन्वयको आवश्यकता देखिएको छ ।
- ★ गैर सरकारी संस्थाहरूले पनि महिनावारीलाई गौरवपूर्ण घटनाका रूपमा स्थापित गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छन् । तर क्रियाशील संस्थाबीच समन्वयको अभावले गर्दा यिनको प्रभावकारिता कम देखिएको छ । अतः यस्ता कार्यक्रमहरू समन्वयात्मक ढङ्गले सञ्चालन गर्न आवश्यक छ ।
- ★ महिनावारी सम्बन्धी विद्यालय स्तरको वर्तमान शिक्षा मूलतः सूचनामलक भएकाले यसमा चेतना अभिवृद्धि तथा धारणा परिवर्तन गर्ने खालको ज्ञानमूलक र सीपमूलक पाठयक्रमको आवश्यकता छ ।
- ★ कैयौं प्रयासहरूका वावजुद अभसम्म पनि छाउपडी प्रथा उन्मुलन हुन सकेको छैन । त्यसैले यसका लागि खासगरी प्रदेश र पालिका स्तरबाट ठोस कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ ।
- ★ महिनावारीको बेला प्रयोग गरिने प्याड जस्तो अति आवश्यकीय सामग्रीलाई समेत अन्य विलासिताका सामग्री सरह कर लिइने भएकाले धेरैको पहुचँ भन्दा बाहिर गएको छ । सार्वजनिक र निजी क्षेत्रसँगको सहकार्यमा सस्तो र सुलभ प्याड तयारी, वितरण र सुरक्षित विसर्जन पद्धति प्रवर्धन गर्न आवश्यक छ ।
- ★ विद्यालयहरू, सरकारी कार्यालयहरू तथा अन्य सार्वजनिक स्थानहरूमा पानी सहितको महिनावारीमैत्री शौचालयको व्यवस्था गर्नु आवश्यक छ ।
- ★ तेस्रो लिङ्गका व्यक्तिका लागि महिनावारी शौचालयका बारे बहस शुरू हुन सकेको छैन, यसतर्फ सरकारले अविलम्ब ध्यान दिनु आवश्यक छ ।
- ★ नेपाल सरकारबाट दुई वर्ष अघि तयार भएको मर्यादित महिनावारी स्वच्छता नीति अविलम्ब लागू गरी सोको प्रभावकारी कार्यान्वयन मार्फत मर्यादित महिनावारी अभियान अघि बढाउन आवश्यक छ ।

## महिनाबारीलाई मर्यादित बनाउने पहल

विगत केही वर्षदेखि महिनावारीलाई मर्यादित विषयका रूपमा स्थापित गर्न सरकार, विकास साझेदार निकाय, नागरिक समाज, गैर सरकारी क्षेत्र, शोधकर्ता, अन्तर्राष्ट्रिय संगठन, निजी क्षेत्र र सञ्चार माध्यमहरूले सक्रिय भूमिका निर्वाह गरिरहेका छन् । सर्वोच्च अदालतले २०६२ वैशाख १९ गते महिनावारी हुँदा छाउ गोठमा राख्ने प्रथालाई मन्त्रिपरिषदको कार्यालयले कुरीति घोषणा गर्नुपर्ने आदेश दिएको थियो । आदेशअनुसार सरकारले २०६३ वैशाख

२६ गते यो प्रथालाई कुरीति घोषणा गरेको थियो । सरकारले २०६४ मा छाउपडी प्रथा उन्मूलन निर्देशिका जारी गरेको थियो । यसैगरी वि सं २०७४ सालमा जारी भएको फौजदारी अपराध संहिता २०७४ ले महिनावारीका नाममा छाउपडी गोठमा बस्न बाध्य गराउनेलाई कानुनी सजायको व्यवस्था गरेको छ । महिनावारीको बेला छाउगोठमा बस्न बाध्य गराउनेलाई ३ महिना जेल सजाय वा १० हजार रूपैयाँ जरिवाना गर्ने वा दुवै सजाय समेतको व्यवस्था छ ।

मर्यादित महिनावारी राष्ट्रिय नीतिका साथै गुरूयोजना २०६८ ले महिनावारी स्वच्छतालाई खुला दिसामुक्त अभियानको महत्वपूर्ण पक्षका रूपमा लिएको छ । पूर्ण सरसफाइ मार्गदर्शन २०७३ ले महिनावारी स्वच्छतालाई प्राथमिकता दिदै संरचना र सचेतनामूलक क्रियाकलापहरू सञ्चालन भइरहेका छन् । खानेपानी मन्त्रालयबाट मर्यादित महिनावारी राष्ट्रिय नीति २०७४ को मस्यौदा तर्जुमा भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय र महिला तथा बालबालिका मन्त्रालयहरूबाट पनि महिनावारी स्वच्छता सम्बन्धी त्रियाकलापहरू सञ्चालन भइरहेका छन् । महिनावारी भएको बेला गरिने छुवाछुत र गलत धारणामा परिवर्तन ल्याउन सरकारी तथा गैरसरकारी संघ संस्थाबाट धेरै प्रयास भएका छन् । यसैकारण छाउपडी जस्तो कुप्रथामा समेत केही हदसम्म कमी आएको छ । खुला दिसामुक्त अवस्था हासिल गर्न र सो अवस्था कायम राख्नका लागि छाउपडी प्रथा एक प्रमुख बाधक बन्न पुगेकोले समाजमा युगौंदेखि सुषुप्त अवस्थामा रहेको महिनावारी स्वच्छताको मुद्दालाई खुला दिसामुक्त अभियानले सशक्त रूपमा उजागर गरेको छ ।

महिनावारी भएको समयमा चर्पीको प्रयोगमा बन्देज लगाउने चलनले गर्दा महिलाले खुला स्थानमा दिसा गर्नु पर्ने जस्तो अस्वस्थकर र अपमानजनक अवस्था बीच विगतमा कैयन् समुदायमा खुला दिसामुक्त घोषणा गर्ने कार्यमा केही ढिलाई हुन पुगेको तथ्य हामी माझ उजागर भएको छ । त्यसैले सनातनी प्रोजेक्ट मोडेलको साटो समाजशास्त्रीय र मानवशास्त्रीय दृष्टिकोणलाई आधार मानी समाजको पूर्ण अपनत्व सहितको मर्यादित महिनावारी स्वच्छता सम्वन्धी नयाँ मूल्य र मान्यता स्थापना मार्फत संविधान र कानुनद्धारा प्रदत्त मानवाधिकारको सुनिश्चितता गर्ने गरी स्थानीय सरकारको अगुवाईमा सचेतना, क्षमता विकास र सामाजिक रूपान्तरणका त्रियाकलापहरू प्रवर्धन गर्नु जरुरी देखिन्छ ।

## नेपाल सरकारद्वारा जारी सात बुँदे घोषणा

२०७५ जेष्ठ १४ गतेका दिन खानेपानी मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय र महिला ,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको संयुक्त आयोजनामा मनाइएको महिनावारी स्वच्छता दिवसका अवसरमा सात बुँदे घोषणापत्र जारी गरिएको थियो । जसमा महिनावारीका समयमा हुने सबै प्रकारका हिंसा अन्त्य गर्न र सरसफाइको वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त मौलिक अधिकारको सुनिश्चितता गर्नका लागि मर्यादित महिनावारी स्वच्छता नीति लागू गरी कार्यान्वयन गर्ने र महिनावारीका समयमा महिलाहरूको जीवन नै जोखिममा पर्ने छाउपडी लगायतका कुप्रथाहरूलाई पूर्ण रूपमा निषेध र निर्मूल गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यसैगरी देशैभरिका सामुदायिक विद्यालयमा नियमित पानीको उपलब्धता सहितको किशोरीमैत्री शौचालय निर्माण गर्ने र महिनावारीका समयमा विद्यालय आएर निर्धक्कसँग पढ्ने र स्वच्छता सामग्रीको उपलब्धताको सुनिश्चितता

गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। यो घोषणा नेपालको संविधानको भावना एवं महिलाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य र सरसफाइका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरू लागू गर्न प्रतिबद्ध छ। यसले विकास साझेदारहरूलाई महिलाको अधिकार स्थापित गर्न र दिगो विकास लक्ष्य हासिल गर्न सरकार, गैर सरकारी संस्थाहरू एवं निजी क्षेत्रलाई वित्तीय र प्राविधिक सहायता प्रदान गर्न समेत सक्षम बनाउँछ। यो घोषणाले 'महिनावारीलाई सम्मानजनक बनाउन म र मेरो घरबाटै शुरु गर्नेछु' भन्ने पहल शुरु गर्न दृढतापूर्वक आग्रह गर्दछ।

### अबको बाटो

देश खुला दिसामुक्त भएसँगै हामीले औपचारिक रूपमै पूर्ण सरसफाइतर्फको यात्रा प्रारम्भ गरिसकेका छौं। व्यक्तिगत स्वच्छता र सरसफाइ पूर्ण सरसफाइको एक महत्वपूर्ण सूचक भएको हुनाले खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गरी सरसफाइमा दिगो विकास लक्ष्य हासिल गर्न टेवा दिने हेतुले पनि खुला दिसामुक्त अभियान र पूर्ण सरसफाइको कडी बनेको महिनावारी स्वच्छता व्यवस्थापनलाई अन्तर क्षेत्रगत विषयकै रूपमा स्थापित गर्दै घनीभूत र व्यापक रूपले प्रवर्धन गर्नु आजको टड्कारो आवश्यकता बनेको छ।

# क्षेत्रगत प्रज्ज्वलन : सरसफाइको क्षेत्रमा गरिएको नेपालको मौलिक प्रयोग

✍ कमल अधिकारी

### वैचारिक धरातल

विश्व स्तरमा युगौंदेखि नै व्यापक रूपमा 'दिमाग प्रधान' सोचबाट सरसफाइ क्षेत्रको विकास निर्देशित हुँदै आएको देखिन्छ। जुन सोच अन्तर्गत सरसफाइको ज्ञानात्मक पक्षमा बढी जोड दिइन्छ। साथै मौजुदा सिद्धान्तहरूको सहारा लिई सघन रूपमा कारण र परिणामको खोजी गरिन्छ। यसका अतिरिक्त चुनौती सम्बोधनका लागि प्रायःजसो बाह्य विज्ञ तथा परामर्शदाताहरूले सिर्जना गरेको सैद्धान्तिक ढाँचा र दृष्टिकोणलाई जस्ताको तस्तै अपनाइन्छ। फलस्वरूप सरसफाइ प्रवर्धनमा जुटेका निकायहरुद्वारा श्रम र स्रोतको ठूलो हिस्सालाई 'परीक्षण (पाइलटिङ)' मै खर्चिएका हुन्छन तर सोचे जति सेवा र सुविधाको 'विस्तार (स्केलिङ)' भने हुन सकिरहेको हुँदैन। यी विश्व स्तरमा व्याप्त परीक्षणहरू बीच सरसफाइ प्रवर्धनका स्थानीय स्तरका मौलिक प्रयासहरू भने सुषुप्त अवस्थामा रहेका हुन्छन्।

सरसफाइको विकासको रङ्गमञ्चमा दिमाग प्रधान सोचले गहिरोसँग जरा गाडिरहेकै बेला सोको 'विनिर्माण (डिकन्स्ट्रक्सन)' स्वरूप 'दिल प्रधान' सोचको आगमन हुन पुग्दछ। दिल प्रधान सोचले 'तयारी ढाँचा (रेडिमेड मोडेल)' को साटो स्थान विशेषको मौलिकतामा अडिएको 'नापानुकूलित ढाँचा (टेलरमेड मोडेल)' मा जोड दिन्छ। यस प्रकारको सोचको शक्ति हृदयको केन्द्रमा घनीभूत भएको हुन्छ। दिल प्रधान सोच कुनै मौजुदा सिद्धान्तमा अडेको हुँदैन। बरु दिल प्रधान सोचमा पोषित खास स्थानहरूले सरसफाइको विकासका लागि नयाँ नयाँ सिद्धान्तहरू भने जन्माइरहेका हुन्छन्। यस आलेखको सन्दर्भमा विनिर्माण भन्नाले युगौंदेखि स्थापित मान्यता र विधिलाई विस्थापित गर्दै अनुभव र प्रमाणमा आधारित भई पृथक शैलीमा कार्य गरी तोकिएको नतिजा हासिल गर्ने भनेर बुझ्नु पर्ने हुन्छ। जस मार्फत नयाँ युगको थालनी हुन्छ। अर्थात यो यथास्थितिको निरन्तरताको अन्त्य हो र अग्रगमन तर्फको छलाङ्ग हो।

समुदायको अगुवाईमा पूर्ण सरफाइ पद्धतिलाई सरसफाइ प्रवर्धनका लागि युगौंदेखि स्थापित सोच र शैलीको विनिर्माण स्वरूप देखा परेको एक आविष्कारकै दर्जा दिन सकिन्छ। समुदायको अगुवाईमा पूर्ण सरसफाइ विधिमा 'प्रज्ज्वलन' ('इग्निसन' वा 'ट्रिगरिङ)' का औजारहरूलाई सरसफाइको इञ्जिनलाई चलायमान बनाउने इन्धन वा कारक तत्वको रूपमा मान्यता दिइन्छ। यस विधि अन्तर्गत प्रायः जसो खुला दिसा ब्याप्त हुने स-साना समुदायलाई लक्षित गरी समुदाय तहको प्रज्ज्वलन वा सामुदायिक प्रज्ज्वलन (कम्युनिटि ट्रिगरिङ) का औजारहरूको प्रयोग गरी समग्र समुदालाई इग्नाइट वा ट्रिगर गर्ने गरिन्छ। जस मार्फत लक्षित समुदायमा बाह्य अनुदान बिना नै घृणा, लाज र शरमको सोच जागृत गरी चर्पी प्रवर्धन गरी खुला दिसा अन्त्य गर्नेतर्फ समुदायलाई सशक्तिकरण गरिन्छ। समुदायको अगुवाईमा पूर्ण सरसफाइ मूलतः दिल प्रधान विधि नै हो। त्यसैले सरसफाइ प्रवर्धनको 'अनुदान रहितको' यो विधिलाई विश्वव्यापी रूपमा स्थापित 'अनुदान सहितको' विधिको विनिर्माणको रूपमा बुझ्न सकिन्छ।

## नेपालको मौलिक सिर्जना

नेपालको सरसफाइ क्षेत्रमा ट्रिगरिङको समानार्थी रूपमा नेपाली शब्द 'प्रज्ज्वलन' को प्रयोग हुने गरेको छ। 'क्षेत्रगत तहको प्रज्ज्वलन वा क्षेत्रगत प्रज्ज्वलन (सेक्टोरल ट्रिगरिङ)' नेपालको सरसफाइ क्षेत्रमा प्रयोग भएको मौलिक र लोकप्रिय अवधारणा हो। यसलाई देशमा आम रूपमा अंग्रेजी शब्द 'सेक्टर ट्रिगरिङ' भनेर बुझ्ने गरिन्छ। क्षेत्रगत प्रज्ज्वलनको प्रयोगले समुदाय सहित सरसफाइसँग सम्बन्धित सबै क्षेत्रगत सरोकारवालाहरूलाई सामूहिक रूपमा प्रज्ज्वलन गरिन्छ। पङ्क्तिकारद्वारा सन् २०११ मा विकसित क्षेत्रगत प्रज्ज्वलनको अवधारणालाई देशको सरसफाइ प्रवर्धनमा व्यापक रूपमा प्रयोग गरिएको छ। क्षेत्रगत प्रज्ज्वलनले समुदायको अगुवाईमा पूर्ण सरसफाइ पद्धतिको प्रज्ज्वलनको सैद्धान्तिक आधारका अतिरिक्त देशका विभिन्न स्थानहरूमा प्रयोगमा ल्याइएका अन्य मौलिक क्षेत्रगत सिकाईहरूलाई समेत आत्मसात गरेको छ।

नेपालको सरसफाइ क्षेत्रको विकासमा समाजशास्त्रीय र मानवशास्त्रीय दृष्टिकोण अवलम्बन पश्चात क्रमशः दिल प्रधान सोच विस्तार हुन पुगेको छ। क्षेत्रगत प्रज्ज्वलनमा दिल प्रधान सोच एवं मानवीय संवेदनाको धेरै प्रभाव रहेको हुन्छ। क्षेत्रगत प्रज्ज्वलन नेपालको मौलिक सिर्जना हो। क्षेत्रगत प्रज्ज्वलन भन्नाले विभिन्न क्षेत्रगत सरोकारवालाहरूको प्रज्ज्वलन भन्ने बुझिन्छ। देशब्यापी रूपमा सञ्चालित खुला दिसामुक्त अभियानलाई उर्जा प्रदान गर्न देशमा क्षेत्रगत प्रज्ज्वलनका विधि र औजारको व्यापक प्रयोग गरिएको छ। जसको सफल प्रयोग मार्फत सरसफाइ प्रवर्धन एक 'सामाजिक अभियान' बन्न पुगेको छ र छोटै समयमा सरसफाइको सुविधा (कभरेज) ह्वात्तै बढ्न पुगेको छ।

सरसफाइ प्रवर्धनका लागि गुरूयोजनाले सिर्जना गरेको अनुकूल वातावरणमा क्षेत्रगत प्रज्ज्वलनको अवधारणाको अभ्युदय र विस्तार हुन पुगेको छ। गुरूयोजनाले विभिन्न तहहरूमा बहु-क्षेत्रगत सरोकारवालाहरूको समन्वय संरचना संस्थागत गरी छरिएर रहेका सरोकारवालाहरूको 'शक्ति (इनर्जी)' लाई 'थप शक्ति (सिनर्जी)' मा रूपान्तरण गरेको छ भने सरसफाइ प्रवर्धनका लागि 'आयोजना ढाँचा' बाट अघि बढेर 'अभियान ढाँचा' स्थापित गरेको छ। यस अर्थमा गुरूयोजना नेपालको मौलिक सिर्जना हो भने अभियान ढाँचा र क्षेत्रगत प्रज्ज्वलन क्रमशः 'परम्परागत शिक्षण विधि' र 'सामुदायिक प्रज्ज्वलन' को विनिर्माणको रूपमा नेपालमा सिर्जित मौलिक अवधारणाहरू हुन्। उदाहरणका रूपमा सरसफाइ सम्मेलनमा क्षेत्रगत प्रज्ज्वलन मार्फत सरोकारवालाहरूलाई व्यापक रूपमा आन्दोलित गरी द्रूततर रूपमा खुला दिसामुक्त अवस्था हासिल गर्नका लागि उनीहरूको छरिएर रहेको प्रचुर उर्जा सँचित र प्रवाह गर्दै सामुहिक प्रतिबद्धता हासिल गरिन्छ।

स्मरणीय छ, देशको सरसफाइको समग्र कभरेज केवल दुई प्रतिशत मात्र भएको बेला अर्थात सन् १९८० देखि नेपालमा व्यवस्थित रूपमा सरसफाइ प्रवर्धन भए पनि गुरूयोजना कार्यान्वयनको थालनी वर्ष सन् २०११ सम्मको तीन दशक भन्दा बढीको लामो अवधिमा पनि देशको सरसफाइको कभरेज करीव ४३ प्रतिशतको हाराहारीमा मात्र रहेको पाइन्छ। तर गुरूयोजना कार्यान्वयन पछिको सात वर्षको छोटो अवधि मै पनि राष्ट्रिय स्तरमा करीव ५७ प्रतिशत सरसफाइको सुविधा थपिएको पाइन्छ। हाल देश खुला दिसामुक्त क्षेत्र घोषित भइसकेको छ। गुरूयोजनाको सफल कार्यान्वयन, शून्य अनुदानको नीतिको अवलम्बन, विभिन्न क्षेत्रगत सरोकारवालाहरूको सहकार्य एवम क्षेत्रगत प्रज्ज्वलन विधिको प्रयोगले सरसफाइमा यो अभूतपूर्व सफलता हासिल हुन सकेको हो।

## नेपालमा क्षेत्रगत प्रज्ज्वलनको प्रयोग

क्षेत्रगत प्रज्ज्वलन मार्फत व्यापक गठबन्धन निर्माण, पत्राकिलो क्षेत्रगत सम्बन्ध विस्तार, बृहत्तर रूपमा योजना तर्जुमा, प्रभावकारी सामुदायिक परिचालन, स्रोत साधनको व्यापक संकलन र व्यापक राजनीतिक परिचालन गरिन्छ । क्षेत्रगत प्रज्ज्वलनमा खानेपानी र सरसफाइका अतिरिक्त शिक्षा, स्वास्थ्य, स्थानीय विकास, महिला तथा बालबाालिका, वातावरण, सार्वजनिक प्रशासन, सुरक्षा, आमसञ्चार, धार्मिक, सांस्कृतिक लगायत अन्य सम्बन्धित क्षेत्रगत निकायहरूसँग सम्वद्ध सरोकारवालाहरू समेटिएका हुन्छन् । जस मार्फत उनीहरूको संस्थागत पहिचान, सामर्थ्य र योगदान उजागर गरी उनीहरूलाई सामूहिक रूपमा समुदायको सरसफाइमा लागि पर्न उर्जाशील, बेगवान र तम्तयार पारिन्छ ।

जसरी युद्धभूमिमा सैनिकहरू दुश्मन विरुद्ध सशक्त रूपले प्रस्तुत भई विजय हासिल गर्दछन्, त्यसैगरी क्षेत्रगत प्रज्ज्वलनको प्रभावले क्षेत्रगत सरोकारवालाहरू पनि व्यापक रूपमा सङ्गठित र परिचालित भई आ-आफ्नो संस्थागत सामर्थ्यको भरपूर प्रयोग गरी खुला दिसा उन्मूलन गर्ने उत्प्रेरणामूलक र आक्रामक अभियानका साथ व्यक्ति, घर र सामुदायमा पुगेर प्रत्येक व्यक्तिलाई जागृत गर्न पुग्दछन् । यस्तै, जसरी विभिन्न स्रोतहरूमा छरिएको पानीलाई पोखरीमा जम्मा गरी पाइपबाट खसालिएको पानीको शक्तिबाट टर्बाइन घुमाएर बिजुली निकालिन्छ, ठीक त्यसैगरी यत्रतत्र छरिएका विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई गुरूयोजनामा व्यवस्था भएअनुरूपका विभिन्न तहका समन्वय संयन्त्रहरू मार्फत एकै थलोमा ल्याई क्षेत्रगत प्रज्ज्वलन मार्फत उनीहरूलाई उर्जाशील र गतिशील बनाई समुदायलाई व्यापक रूपमा अभिप्रेरित गरी तीव्रतर र देशव्यापी रूपमा खुला दिसामुक्त अवस्था हासिल गर्न सकिएको छ । गुरूयोजनाको भावना अनुरूप खुला दिसामुक्त अवस्था हासिलन गर्नका लागि क्षेत्रगत प्रज्ज्वलनको प्रयोग एक शर्त बनेको छ । त्यसैले सामुदायिक प्रज्ज्वलनमा जस्तो स-साना समुदायमा खुला दिसामुक्त अवस्था हासिल गर्ने जस्तो साँघुरो दायरामा मात्र सीमित नभई नेपालको माटोमा मौलिक रूपमा सिर्जना र प्रयोग भएको क्षेत्रगत प्रज्ज्वलन मार्फत पालिकालाई द्रूततर गतिमा खुला दिसामुक्त बनाउँदै तीव्रतर रूपले समग्र जिल्ला अनि अन्त्यमा देशलाई नै खुला दिसामुक्त बनाउन उल्लेख्य सफलता मिलेको छ ।

उदाहरणका लागि सन् २०१२ मा अछाम जिल्लामा नेपालको पहिलो बृहत सरसफाइ सम्मेलन आयोजना गरिएको थियो । त्यस सम्मेलनमा सशक्त रूपमा प्रयोग भएको क्षेत्रगत प्रज्ज्वलन मार्फत व्यापक रूपमा समुदाय र राजनीतिकर्मीहरूको क्रियाशीलता विस्तार हुन गई आठ महिनाको अवधिमै जिल्लाका तत्कालीन ११ वटा गाविस खुला दिसामुक्त घोषित भए । त्यसैले अछाम जिल्ला सरसफाइमा सिकाईको केन्द्र बन्न पुगी देशको पश्चिम भागमा सरसफाइ अभियानलाई सशक्त रूपमा उत्प्रेरित गर्न सफल भयो । त्यसरी नै पछिल्ला दिनहरूमा पहाड र तराईका जिल्लाहरूमा आयोजित यस्ता सरसफाइ सम्मेलनहरूमा सरोकारवालाहरूलाई अभिप्रेरित गर्न क्षेत्रगत प्रज्ज्वलनको सशक्त र व्यापक रूपमा प्रयोग भई उल्लेखनीय उपलब्धि हासिल भयो ।

उदाहरणका लागि प्रथम तराई सरसफाइ सम्मेलन, जिल्ला सरसफाइ सम्मेलनहरू र समुदाय तहका मौलिक औजार हरूको प्रभावले गर्दा उच्च जनसंख्या भएका तर सन् २०१० सम्म औसत २० प्रतिशत भन्दा कम घरधुरीमा मात्र चर्पीको पहुँच रहेका तराईका आठ जिल्लाहरू (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) मा सन् २०१४ पछि मात्र सघन रूपमा सरसफाइ अभियान शुरु भए तापनि ठूलो संख्यामा घरधुरीमा चर्पी निर्माण र प्रयोग गरी सन् २०१९ सम्म ती सबै जिल्लाहरू खुला दिसामुक्त घोषित भए ।

देशमा क्षेत्रगत प्रज्ज्वलनको अतिरिक्त प्रज्ज्वलनका अन्य कैयन नवीन विधिहरूको अवलम्वन भएको छ। व्यापक रूपमा सञ्चालित आम सञ्चारको सृजनशील (क्रिएटिभ) र आक्रामक (एग्रेसिभ) दुवै शैलीको अहम भूमिका रहेको छ। फलस्वरूप सरसफाइ सम्बन्धी सफलताको निरन्तर र सृजनशील प्रचार प्रसार र असफलताको निरन्तर र आक्रामक निगरानी भएको छ। त्यसैले चर्पी निर्माण र प्रयोगका लागि समुदायमा व्यापक मनोवैज्ञानिक उत्प्रेरणाका साथै भारी सामाजिक दबाब सिर्जना हुन पुगेको छ। सञ्चार क्षेत्रबाट सञ्चालित 'नराम्रो काम औंल्याउने र राम्रो काम फैलाउने' अभियानमा जिल्ला समन्वय समितिका प्रमुख र पदाधिकारी, खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समितिका सदस्य, गाउँपालिका र नगरपालिका प्रमुख एवं पदाधिकारी, राजनीतिकर्मी, प्रशासक एवं सुरक्षाकर्मी, उपभोक्ता समितिका पदाधिकारी, शिक्षक र विद्यार्थी, निजी उद्यमी, स्वास्थ्यकर्मी, युवा समूह, नागरिक समाजका प्रतिनिधि, महिला समूहका पदाधिकारी, धार्मिक र संस्कृतिक समूहमा आबद्ध व्यक्ति र विकास साभेदार संघ संस्थाका सहजकर्ता एवं समाजका अगुवाहरूको अटुट साथ र सहकार्य रहेको छ।

उदाहरणका लागि आम सञ्चारका माध्यमद्वारा 'प्रधानमन्त्रीको जिल्ला पनि खुला दिसामुक्त हुन नसकेको', 'खुला दिसाका कारण पवित्र खोला नाला ढलमा परिणत हुन पुगेको' र 'सरसफाइ अभियन्ताद्वारा कच्ची चर्पी भत्काउने अभियानको थालनी गरिएको' जस्ता सनसनीपूर्ण समाचारको सम्प्रेषण गर्दा सरोकारवालाहरू मन भित्रैबाट जागृत हुन पुगी झापा जिल्लामा सरसफाइ अभियानको थालनी भएको करीव एक वर्षको छोटो अवधिमै हजारौं घरधुरीमा चर्पी निर्माण र प्रयोग हुन पुगी जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा हुन पुगेको हो। यस जिल्लाले सरसफाइका स्थानीय अभियन्ताहरू परिचालन मार्फत धमाधम कच्ची चर्पीहरू भत्काई स्थानीय सरकारको सहयोग र समर्थनमा 'अशक्त व्यक्तिलाई लाई सहयोग गर्ने' र 'सक्षम व्यक्तिलाई मनोवैज्ञानिक उत्प्रेरणा र दवाव दिने' रणनीति अवलम्बन गरी घरधुरीमा पक्की चर्पी सहितको खुला दिसामुक्त झापाको चिनारी स्थापित गर्न सक्यो। विगतको मान्यता अनुरूप समुदायलाई कच्ची चर्पीको प्रयोगमा बानी बसाल्न सकेको खण्डमा क्रमशः चर्पी प्रयोग गर्ने अभ्यास विकास हुन पुगी समय अन्तरालमा समुदायका हरेक व्यक्ति स्वतःस्फूर्त रूपमा पक्की चर्पीको निर्माण र प्रयोग गर्न पुग्दछन भन्ने हो, जसलाई नेपालको अनुभवले मिथ्या साबित गरेका छन्। यी आफैंमा देशको सरसफाइ प्रवर्धनका मौजुदा पद्धतिको विनिर्माण सम्बन्धी केही प्रतिनिधिमूलक उदाहारणहरू हुन्।

मोरङ जिल्लामा पनि यस्तै विनिर्माणको प्रयोग भएको छ। जहाँ स्थानीय पालिकाद्वारा खुला दिसा गर्ने व्यक्तिलाई आदरपूर्वक चिया नास्ता गराउने र उनीहरूलाई फूलमाला लगाई सार्वजनिक रूपले सम्मान गरी चर्पीको निर्माण र प्रयोगका लागि मनोवैज्ञानिक तवरले उत्प्रेरित गर्ने कार्यको थालनी भएको छ। साथै कपिलवस्तु जिल्लामा पनि जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिद्वारा चर्पी नबनाउने घरधुरीलाई चर्पी निर्माणका लागि आग्रह सहितको अनुरोध पत्र प्रेषित गरी सरसफाइ प्रवर्धनमा नवीन प्रयोग भएको छ। त्यसैगरी बर्दिया जिल्लामा विद्यार्थीहरूले आफ्ना अविभावकहरूसँग सार्वजनिक कार्यक्रममा चर्पीको भिख मागेको कार्यले पनि समुदायमा सरसफाइ प्रवर्धनमा सकारात्मक प्रभाव पारेको छ।

त्यस्तै, तराई मधेशका जिल्लाहरूमा मनाइने छठ जस्तो महान् सांस्कृतिक पर्वलाई पनि सरसफाइ प्रवर्धनको प्रभावकारी अवसरको रूपमा प्रयोग गरिएको छ। तसर्थ 'दण्ड' को साटो 'प्रशंसा' को प्रयोग भई नेपालको परम्परागत तवरले चर्पी प्रवर्धन गर्ने विधिमा क्रमिक रूपमा विनिर्माण हुँदै गएको छ, जो दिल प्रधान सोचमा पोषित छ भने नेपालको सरसफाइ क्षेत्रमा देखा परेको विनिर्माणको यो प्रक्रिया क्षेत्रगत प्रज्ज्वलनले सिर्जना गरेको अनुकुल वातावरण बीच फस्टाउन सकेको देखिन्छ।

## सिकाई र सन्देश

क्षेत्रगत प्रज्ज्वलन र दिल प्रधान विधिले सिर्जना गरेको सरसपत्राइको उत्साहप्रद रङ्गमञ्चमा समुदाय लगायत सम्बन्धित क्षेत्रगत सरोकारवालाहरू 'म' को साटो 'हामी' भन्ने अनुभूतिका साथ प्रज्ज्वलित भएका छन् । फलस्वरूप सरसपत्राइका लागि उनीहरूमा निहित ख्याति, स्रोत, सीप, सामर्थ्य र नेतृत्वको उच्चतम र सामुहिक रूपमा परिचालन भएको छ भने परिवर्तनका लागि थप शक्ति हासिल भएको छ । सरसपत्राइको क्षेत्रमा पत्रक रूपले प्रस्तुत सचेतीकरण र सशक्तिकरणका यी तमाम मौलिक प्रयोगहरू मार्फत विभिन्न सरोकारवालाहरू बीच आपसी सदभाव, सहयोग र सहकार्य विकसित हुँदै नेपालको सामाजिक-सांस्कृतिक एकीकरण, विकास र रूपान्तरणमा नयाँ युगको थालनी हुन पुगी नेपाल दिगो विकास लक्ष्यको मर्म अनुरूप पूर्ण सरसपत्राइमा अघि बढेको छ ।




# खण्ड २

## घोषणा तयारी, घोषणा समारोह एवं सिकाई र सन्देश

नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गर्नका लागि विभिन्न क्रियाकलापहरू सम्पादन गरिएका थिए । घोषणा तयारी कार्यका लागि खुला दिसामुक्त घोषणा तयारी सचिवालय २०१९ को स्थापना गर्ने, तयारी कार्य समूह र विभिन्न कार्य सञ्चालन समूहहरू गठन गर्ने, खुला दिसामुक्त घोषणा हुन नसकेका जिल्लाहरूलाई तीव्रतर रूपमा घोषणाको अवस्थामा पुऱ्याउने र घोषणा सम्बन्धी प्रवर्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने रहेका थिए । घोषणा तयारी, कार्य सञ्चालन प्रक्रिया एवं सिकाई र सन्देशलाई तपसिलमा उल्लेख गरिएको छ :

### २.१ घोषणा तयारी

खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक श्री सुनिल कुमार दासको संयोजकत्वका सरकारी निकाय र विकास साझेदार संघ संस्थाका प्रतिनिधि तथा सरोकारवाला सम्मिलित १७ सदस्यीय तयारी कार्य समूह गठन गरिएको थियो । उक्त कार्य समूहले खुला दिसामुक्त नेपाल घोषणासँग सम्बन्धित समग्र कार्यहरूमा समन्वय, नेतृत्व र निर्णय गर्ने कार्यका साथै विभिन्न कार्य सञ्चालन समूहलाई आवश्यक सुझाव र निर्देशन दिने जिम्मेवारी वहन गरेको थियो । त्यसैगरी खुला दिसामुक्त घोषणा तयारी, खुला दिसामुक्त घोषणा समारोह तयारी, अभिलेखीकरण, सम्मान र कदर, सञ्चार माध्यमसँगको साझेदारी र स्रोत साधन परिचालन सम्बन्धी ६ वटा कार्य सञ्चालन समूहहरू गठन गरी खुला दिसामुक्त नेपाल घोषणा सम्बन्धी समग्र कार्य सञ्चालन गरिएको थियो । यही क्रममा पाँच सदस्यीय सचिवालय स्थापना मार्फत दैनिक कार्य सञ्चालन र सञ्चारका लागि सहजीकरण भएको थियो । तयारी कार्य समूह, कार्य सञ्चालन समूह एवं खुला दिसामुक्त घोषणा तयारी सचिवालय २०१९ को बनोट र जिम्मेवारी यसै पुस्तिकाको क्रमशः अनुसूची १ र २ मा उल्लेख गरिएको छ ।

## २.२ घोषणा समारोह

खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा समारोहको कार्यक्रम विवरण तपसिलमा संक्षिप्त रूपमा उल्लेख गरिएको छ :

### २.२.१ प्रथम सत्र (खुला दिसामुक्त नेपाल यात्रा सत्र)

यस सत्रमा विभिन्न ६ वटा क्रियाकलाप समावेश भएका थिए, जस अन्तर्गत कार्यक्रमको शुभारम्भ, नेपालको सरसफाइ अभियान सम्बन्धी प्रस्तुतीकरण, सरसफाइ सम्बन्धी सांस्कृतिक कार्यक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एव नागरिक समाजका प्रतिनिधिको मन्तव्य, खुला दिसामुक्त अभियानमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरूलाई सम्मान तथा वृत्तचित्र प्रदर्शन रहेका थिए । यी क्रियाकलापहरूको संक्षिप्त विवरण निम्नानुसार दिइएको छ :

#### क. शुभारम्भ

खानेपानी तथा ढल व्यवस्थापन विभागका समाजशास्त्री श्री कमल अधिकारीले शुभारम्भ कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । खानेपानी मन्त्रालयका सहसचिव एवं राष्ट्रिय सरसफाइ समन्वय समितिका अध्यक्ष श्री चन्द्रबहादुर के.सी.को अध्यक्षता रहेको उक्त कार्यक्रमको प्रमुख अतिथि माननीय खानेपानी मन्त्री बीना मगर हुनुहुन्थ्यो । कार्यक्रमको प्रारम्भमा श्री कमल अधिकारीले राष्ट्रिय सरसफाइ समन्वय समितिका तर्फबाट सम्पूर्ण सहभागी महानुभावहरूलाई स्वागत गर्नुभएको थियो । उहाँले यो कार्यक्रम राष्ट्र खुला दिसामुक्त भएको औपचारिक घोषणा गर्नका लागि आयोजना गरिएको बताउँदै यसै मञ्चमा खुला दिसामुक्त अभियानमा योगदान दिने व्यक्तित्वहरूको सम्मान गरिने र देशलाई दिगो विकास लक्ष्य अनुरूप पूर्ण सरसफाइको दिशातर्फ अघि बढाउने लक्ष्य हासिल गर्न सरोकारवालाहरूको स्वामित्व र सहकार्य खोजिने बताउनु भएको थियो ।

#### ख. खुला दिसामुक्त अभियान सम्बन्धी प्रस्तुति

कार्यक्रममा खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक श्री सुनील कुमार दासले नेपालमा सञ्चालित खुला दिसामुक्त अभियान सम्बन्धी प्रस्तुतीकरण गर्दै गुरूयोजनाको तर्जुमा तथा कार्यान्वयन एवं विभिन्न नीतिगत पहलहरू तथा अभियान सञ्चालनका क्रममा देखा परेका चुनौती र अवसरहरूका बारेमा प्रकाश पार्नु भएको थियो । सो अवसरमा उहाँले प्राकृतिक विपत्ति तथा सामाजिक-आर्थिक व्यवधानहरूका वावजुद विभिन्न क्षेत्रगत सरोकारवालाहरूको संयुक्त प्रयास एवं सहभागितामूलक योजनाका कारण समुदायले अनुदान रहित सरसफाइ पद्धति अँगालेर नेपालको सरसफाइ अभियान उल्लेखनीय रूपले सफल भएको बताउनु भयो ।

#### ग. सांस्कृतिक कार्यक्रम

कार्यक्रममा सरसफाइका विषयलाई केन्द्रमा राखेर सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । उक्त सांस्कृतिक कार्यक्रममा समावेश गर्नुपर्ने सरसफाइ सम्बन्धी विषयवस्तुका बारेमा खानेपानी तथा ढल व्यवस्थापन विभागका उप-महानिर्देशक श्री मीना श्रेष्ठ र सी.डी.ई श्री रमेश सुवेदीले सहजीकरण गर्नुभएको थियो । नृत्य र नाटक प्रस्तुत गरिएको उक्त कार्यक्रमको संक्षिप्त विवरण तल दिइएको छ :

### अ. लोकनृत्य

नेपाल सांस्कृतिक संस्थान, राष्ट्रिय नाँचघरको संयोजनमा खुला दिसामुक्त नेपाल घोषणा समारोहमा एक सांस्कृतिक नृत्य प्रस्तुत गरिएको थियो । यस गीतमा नेपालका साबिकका ७५ जिल्लाको नाम खुला दिसामुक्त घोषणाको समयक्रम अनुसार प्रस्तुत गरिएको छ । यसले एक त गीतको माध्यमबाट कुन जिल्ला घोषणाको कुन क्रममा पऱ्यो भन्ने सम्झन सजिलो भएको छ भने अर्कोतिर सबै जिल्लाको नाम समावेश भएको ले सबैमा अपनत्व जगाएको देखियो । गीतको सङ्गीत पक्ष पनि निकै सिर्जनशील देखिएको छ । खुला दिसामुक्तको अभियान मुलुकका सबै जातजाति, भाषाभाषी तथा विविध धरातलीय परिवेशमा हुर्किएका नेपालीहरूको साझा कार्यक्रम भएको सन्देश यस गीतको सङ्गीत पक्षले दिएको छ ।

यस गीतमा नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको प्रतिनिधि लोकलय समेट्ने प्रयास गरिएको छ । घोषणा कार्यक्रममा आफ्नो भेगको लोकधुन बज्दा स्वभावैले सम्बन्धित क्षेत्रका व्यक्तिहरूमा अझ उत्साहको सञ्चार भएको देखिन्थ्यो । यस गीतमा नृत्य पनि अनुकरणीय थियो । विभिन्न जात जातिका मौलिक भेषभुषाहरूले पूरै नेपालको प्रतिनिधित्व गर्दै समावेशिता तथा अपनत्वको उदाहरण प्रस्तुत गरेको थियो । समग्रमा छोटो समयमा गीत, सङ्गीत तथा नृत्य पक्षले  धेरै सन्देश दिन सफल हुनु यसको सफलताको रूपमा लिइएको छ । यसले विगतका दिनहरूमा विभिन्न क्षेत्रमा सरसफाइमा समुदायलाई ब्युँझाउन प्रयोग गरिएका सांस्कृतिक औजारहरूको पनि एकपटक स्मरण र सम्मान गरेको छ ।

यस नृत्यमा शारदादेवी सिलवाल, सवनम सिलवाल, मदन थापा, माया थापा, सुशीला थापा, गीता थापा, संगीता शाही खडगी, विपिन घिमिरे, तिलक सुनुवार, सवनम खडगी, रञ्जु श्रेष्ठ, पुजा सुनुवार, बाबुराम रैन्चुरी, विशाल थापा, मनिषा हमाल, सामना सिलवाल, यमुना मगर, रमिला बस्नेत, सुनिता नगरकोटी, सुमित्रा वि.क., सोनु राई, सिद्धार्थ सिलवाल, पवन तामाङ, सुनिल पन्त, उज्ज्वल कार्की र सुरभी मगरले आफ्नो कला देखाएका थिए । यस नृत्यमा नारायणी पाण्डेले भेषभुषा तथा सीता तामाङ के.सी.ले शृङ्गार व्यवस्थापन गरेका थिए । विपीन घिमिरेद्वारा सङ्गीतबद्ध तथा झलक सङ्गीतमद्वारा एरेन्ज गरिएको तथा विपिन घिमिरे, तीर्थराज पोखरेल, दीपेन्द्र बज्राचार्य, शीला बिष्ट, भीमकला गुरूङ र टीका गुरूद्वारा गाइएको 'चल्यो अभियान यहाँ खुला दिसामुक्तको, स्वस्थ समाजको, आफ्नो स्वाभिमानको' बोलको गीतमा सांस्कृतिक संस्थानकै कलाकारहरूद्वारा नृत्य प्रस्तुत गरिएको र  शारदादेवी सिलवालको कोरियोग्राफी तथा निर्देशन रहेको थियो । यस गीतले खुला दिसामुक्त अभियान, स्वस्थ समाजको अभियान र आत्मगौरवको अभियानले देश प्रगतिको बाटोमा अघि बढ्दैछ भन्ने सन्देश प्रवाह गरेको थियो ।

### आ. नाटक

मुलुक फोहोरको अँध्यारोबाट खुल्ला दिसामुक्त घोषणा पश्चात सरसफाइको उज्यालोतिर प्रवेश गरेको छ भन्ने सन्देश दिनका लागि खुल्ला सञ्चार प्रा.लि.को प्रस्तुतिमा तयार पारिएको नाटक 'उज्यालोतिर' मञ्चन गरेर कार्यक्रमलाई थप सफल बनाउन महत्वपूर्ण भूमिका खेलिएको थियो । यस नाटकमा पहाडको साथी (मीत) मधेशको साथीको घरमा पुगेको र उनीहरूबीचको आत्मीयता तथा सौहार्दता साटासाट गरिरहेको बेला एक्कासी हैजाबाट तराइको साथीकी छोरीको अकालमा ज्यान गएको विषय उठान हुँदा त्यसबाट उत्पन्न असहज वातावरण र फोहोर, शौचालय निर्माण हुँदै खुला दिसामुक्तको सन्देशको परिवेशमा यो नाटक केन्द्रित रहेको थियो ।

यस नाटकको पहिलो खण्डमा शौचालयको अभावमा आफ्ना प्राण भन्दा प्यारा सन्तति गुमाएका नेपालीका

कथाव्यथा, हिमाल, तराई तथा पहाड बीचको सौहार्दपन तथा एकताको सन्देश, सरसफाइमा सबैको हातेमालो आदि सन्देश दिइएको थियो । देशमा आधारभूत सरसफाइका सुविधाहरू सुनिश्चित गरी तुरुन्त खुला दिसामुक्त घोषणा गर्न आवश्यकता महशुस गरी हाम्रो देश कहिले घोषणा हुन्छ? भन्ने प्रश्नमा  यो नाटकको अध्याय समाप्त भएको थियो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल खुला दिसामुक्त घोषणा गरेपछि  मञ्च भन्दा तल थप विद्यार्थी भाइ बहिनीहरूले खुलादिसामुक्त भएको उपलक्ष्यमा नेपालको भण्डा हल्लाउदै र नारा लगाउँदै खुशीयाली मनाएका थिए । अन्त्यमा सानासाना नानीहरूले पूर्ण सरसफाइ आफ्नो पनि माग भएको बताउँदै त्यसको दिगोपनाका लागि पूर्ण सरसफाइ तिर लाग्न आग्रह गरेका थिए ।

दीपिका थापाको कोरियोग्राफी रहेको यस नाटकको निर्देशन मोहन अभिलाषीले गरेका थिए । यस नाटकमा चन्द्रप्रसाद पाण्डेय, चक्र प्रसाद पोखरेल, दिपिका थापा, अमृत काउचा, हिरा हमाल (मुकेश), शोभा लिम्बु, काजोल लामा , मुना पाण्डेय, सन्दीप भुजेल, अर्जुन तामाङ, अमृता गौतम, अविसा मगर, मनरसा कार्की, दीपा प्रधान, सुमन स्मारिका, रेनु गहतराज, मोहनबहादुर श्रेष्ठ, तोताद्री नारायण हेजु तथा प्रतिक्षा पोखरेलले अभिनय गरेका थिए । समग्रमा गीत लेखन, गायन, सँगीत, नृत्य, भेषभुषा डिजाईन, नाटक लेखन तथा मञ्चन आदिले अत्यन्त प्रभावकारी रूपमा सरसफाइको सन्देश दिएको थियो । राष्ट्रिय भावना तथा अनेकतामा एकताको पक्षमा पैरवी गरेको थियो । सबै दर्शकले यस प्रस्तुतिलाई अत्यन्त मन पराएका थिए । उक्त अवसरमा रेस्पोन्सिबल मिडियाले धनुषाले औरही गाउँपालिकामा रहेको चमारबस्तीमा शौचालयको निर्माण र प्रयोग पश्चात सरसफाइको व्यवहारमा आएको परिवर्तनको विषयमा केन्द्रित रही तयार पारेको विशेष सामग्री पनि प्रदर्शन गरेको थियो ।

### घ. मन्तव्य

वाटरएड नेपालकी आवासीय प्रतिनिधि श्री तृप्ती राईले देश खुला दिसामुक्त भएकोमा सम्पूर्ण सरोकारवालाहरूलाई बधाई ज्ञापन गर्दै नेपाल सरकारले यस अभियान सञ्चालनमा निर्वाह गरेको नेतृत्वदायी भूमिका एवं विकास साभेदारहरूसँगको समन्वयकारी भूमिकाको प्रशंसा  गर्नुभयो । उहाँले सरसफाइको समावेशी र दिगोपनको कामना समेत गर्नुभयो । यसैगरी खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालका राष्ट्रिय अध्यक्ष श्री राजेन्द्र अर्यालले सरोकारवालाहरूको व्यापक साभेदारीका कारण नेपालमा खुला दिसामुक्त अभियान सफल भएको बताउँदै पूर्ण सरसफाइका लागि यो साभेदारीलाई निरन्तरता दिन विशेष ध्यान दिनु पर्ने विचार व्यक्त गर्नु भयो । उहाँले सबैलाई यस अभियानको सफलताका लागि बधाई ज्ञापन गर्नुभयो ।

### ङ. सम्मान र कदर

नेपालको खुला दिसामुक्त अभियानमा 'सम्मान' महत्वपूर्ण पक्षका रूपमा परिचित छ । यसै क्रममा  सरसफाइ प्रवर्धनमा उल्लेखनीय योगदान दिने व्यक्तिहरूलाई सम्मान गरिएको थियो । सम्मान र कदर कार्य सञ्चालन समूहले निश्चित आधार  तयार पारी सम्मान पाउने व्यक्तिहरूको छनोट गरेको थियो । जस अन्तर्गत सरसफाइमा योगदान पुऱ्याउने व्यक्तिहरू स्यानिटेसन च्याम्पियन, सरसफाइ अभियन्ता, मरणोपरान्त सम्मानित व्यक्तिहरू, उल्लेखनीय योगदानकर्ता र सरसफाइ प्रवर्धक गरी विभिन्न पाँच श्रेणीमा सम्मानित हुनु भएको थियो । यस अवसरमा सम्मानित व्यक्तिहरूको योगदानका बारेमा प्रकाश पारिएको थियो ।

श्री नमस्तेलाल भूमि श्रेष्ठ 'नेशनल स्यानिटेसन च्याम्पियन' र श्री जगतराज रेग्मी 'लोकल स्यानिटेसन च्याम्पियन' का रूपमा सम्मानित हुनुभएको थियो । यसैगरी श्री गुरू सुवेदी र श्री अनिल प्रसाद केसरी 'सरसफाइ अभियन्ता' का

रूपमा सम्मानित हुनुभएको थियो । श्री ध्रुव कार्की, श्री पूर्ण पुरी, श्री रघुचन उपाध्याय र श्री धनबहादुर दूधपाललाई मरणोपरान्त सम्मानित गरिएको थियो । सरसफाइमा उल्लेखनीय योगदान पुऱ्याउने श्री अवधकिशोर मिश्र, श्री महेश्वर घिमिरे, श्री हरिदत्त पौडेल, श्री मदन कुमार मल्ल, श्री रामचन्द्र साह, श्री नवल किशोर मिश्र, श्री मुक्ति पोखेल, श्री उद्धव तिमिल्सिना, श्री चन्द्रभक्त विष्ट, श्री विश्वराज भट्ट, श्री जक्की अहमद अन्सारी, श्री भरत शर्मा, श्री विष्णु कोइराला, श्री खेम भुसाल, श्री हरिकृष्ण पौडेल, श्री शिवशंकर रौनियार, श्री गोविन्द पोखेल, श्री कुन्ज जोशी, श्री सुरेशप्रकाश सिंह, श्री सोमनाथ पोर्तेल, श्री रमेश कुमार अधिकारी, श्री कलावती पोखेल, श्री गणेश थापा, श्री नादिरा खवाजा, श्री राजेश कुशवाहा, श्री नारायण काफ्ले, श्री लोकेन्द्र यादव, श्री भरत भट्ट, श्री शेरबहादुर शाही, श्री भुपाल थापा, श्री कृष्णप्रसाद शर्मा, श्री लोक बहादुर चौलागाईं, श्री रुद्र बहादुर न्यौपाने, श्री गोविन्द खडका र श्री लजना मानन्धरको नाम उच्चारण गर्दै सम्मान प्रदान गरिएको थियो । यसैगरी अन्य सरसफाइ प्रवर्धकहरूको नाम मञ्चको पर्दामा देखाइएको थियो । यसैबीच, सम्पूर्ण सम्मानित महानुभावहरूको नाम सरकारको वेबसाइटमा राखिने र उपयुक्त माध्यमद्वारा सम्मानपत्र उपलब्ध गराइने उद्घोष समेत गरिएको थियो ।

### च. सरसफाइ सम्बन्धी भिडियो प्रदर्शन

पहिलो सत्रको अन्त्यमा, नेपालको सरसफाइको यात्रा सम्बन्धी वृत्तचित्र प्रदर्शन गरिएको थियो । राष्ट्रिय सरसफाइ समन्वय समितिका लागि मिडिया हेल्पलाइनद्वारा तयार पारिएको उक्त वृत्तचित्रले नेपालको सरसफाइ अभियानको विकासक्रम, विस्तार र अभियानलाई दर्शाएको थियो । मुलुकको खुला दिसामुक्त अभियानमा नेपाल सरकार र समुदायको भूमिकालाई स्पष्ट रूपमा चित्रित गरेको यस वृत्तचित्रले राष्ट्रिय सरसफाइ अभियानलाई गति दिनका लागि गुरुयोजनाले निर्वाह गरेको भूमिकाबारे पनि प्रकाश पारेको थियो ।

## २.२.२. दोस्रो सत्र (खुला दिसामुक्त घोषणा सत्र)

### क. शुभारम्भ

श्री जगदीश खरेलले सञ्चालन गर्नुभएको दोस्रो सत्रको अध्यक्षता माननीय खानेपानी मन्त्री बीना मगरले गर्नुभएको थियो । सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा सम्पन्न समारोहमा संघीय, प्रदेश र स्थानीय सरकार, जिल्ला समन्वय समिति, विकास साझेदारहरू, सञ्चार माध्यम र विद्यालय तथा प्राज्ञिक क्षेत्रका प्रतिनिधिहरूको सहभागिता थियो । यस सत्रमा स्वागत मन्तव्य, अतिथिहरूद्वारा सम्बोधन, सम्माननीय प्रधानमन्त्रीज्यूद्वारा विशेष सम्बोधन र नेपाल खुला दिसामुक्त राष्ट्र भएको घोषणा र अध्यक्षको मन्तव्य समेटिएका थिए ।

### ख. स्वागत मन्तव्य

यस सत्रमा खानेपानी मन्त्रालयका सचिव श्री माधव बेल्बासेले स्वागत मन्तव्य व्यक्त गर्दै देशलाई खुला दिसामुक्त घोषणा गर्न लागिएको यस ऐतिहासिक समारोहमा गरिमामय उपस्थितिका लागि सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय खानेपानी मन्त्रीज्यू तथा मञ्चमा आसीन अन्य महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । उहाँले प्रदेश, जिल्ला र पालिका स्तरीय समन्वय समितिहरुद्वारा स्थापित खुला दिसामुक्त घोषणा कार्यविधि अनुसार आज सिङ्गो देश नै खुला दिसामुक्त घोषणा गर्न लागिएको बताउँदै खुला दिसामुक्त अभियान सञ्चालन भएपछि दिसाजन्य कारणले लाग्ने रोगव्याधिहरू उल्लेखनीय रूपले कम हुनुका साथै मानिसहरूको स्वास्थ्य तथा प्रतिष्ठा प्रवर्धनमा वृहत योगदान पुगेको उल्लेख गर्नुभयो ।

उहाँले 'सबैका लागि सरसफाइ, सरसफाइ सबैका लागि' भन्ने रणनैतिक सोचले देशलाई खुला दिसामुक्त अवस्थासम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको विचार व्यक्त गर्नुभयो । मन्तव्यको अन्त्यमा उहाँले राष्ट्र खुला दिसामुक्त घोषणाबाट संविधानद्वारा प्रदत्त 'सबैलाई पानी र सरसफाइका सुविधा प्राप्तिको अधिकार' को प्रावधान एवं सरकारद्वारा परिकल्पित 'समृद्ध नेपाल, सुखी नेपाली' लाई स्थापित गर्ने ठोस आधार तयार गर्ने धारणा व्यक्त गर्नुभयो ।

### ग. सम्बोधन

अतिथिहरूको सम्बोधनका क्रममा संयुक्त राष्ट्र संघका आवासीय समन्वयकर्ता श्री भेलरी जुलियाण्डले नेपालको खुला दिसामुक्त अभियानको सफलता प्रति प्रसन्नता व्यक्त गर्नुभयो । उहाँले समुदाको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धति तथा गुरूयोजनाका साथसाथै सरकार, विकास साभेदार निकाय, सञ्चार माध्यम, नागरिक समाज, स्थानीय सञ्जालहरू, बाल क्लबहरू, आमा समूहहरू तथा उपभोक्ता समूहहरू सम्मिलित विस्तृत दायराका सरोकारवालाहरूको भूमिकाले गर्दा यो महान सफलता प्राप्त भएको कुरामा प्रकाश पार्नुभयो । सम्बोधनका क्रममा उहाँले सरसफाइ सम्बन्धी आनीबानीलाई दिगो राख्ने कार्यका साथै सुरक्षित पानी एवं व्यवस्थित सरसफाइ प्रणाली दिगो विकास लक्ष्य प्राप्तिका महत्वपूर्ण अवयवहरू भएको बताउनु भयो । उहाँले ठूलो मेहनतका साथ हासिल भएको यो उपलब्धिलाई कायम राख्न पूर्ण सरसफाइतर्फ अघि बढ्नु पर्ने र यसका लागि सरोकारवालाहरूको सहकार्य महत्वपूर्ण हुने कुरामा जोड दिनुभयो ।

सम्बोधनका क्रममा प्रदेश नं. २ का माननीय भौतिक पूर्वाधार विकास मन्त्री जीतेन्द्र सोनलले मुलुक खुला दिसामुक्त घोषणाको यस ऐतिहासिक र गरिमामय अवसरको साक्षी हुन पाएकोमा प्रसन्नता व्यक्त गर्नुभयो । उहाँले खुला दिसामुक्त अवस्था गरिमा र सभ्यताको प्रतीक भएको बताउँदै यो महान उपलब्धिको रक्षा गर्न हामी सबैले पूर्ण सरसफाइका पहलहरू शुरु गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले खुला दिसामुक्त अभियानमा महत्वपूर्ण योगदान पुऱ्याउने सरकारका तीन वटै तह, विकास साभेदार निकाय, सुरक्षाकर्मी हरू, सरोकारवालाहरू तथा समुदायलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. पुष्पराज कँडेलले देशलाई खुला दिसामुक्त अवस्थामा पुऱ्याउन अथक प्रयास गर्ने सम्पूर्ण सरोकारवालाहरूलाई बधाई ज्ञापन गर्नुभयो । उहाँले नेपाल सरकार २५ वर्षीय दिर्घकालीन लक्ष्य र पञ्च वर्षीय योजनाका माध्यमबाट राष्ट्रिय विकासका लागि प्रतिबद्ध रहेको बताउँदै यसले 'सम्वृद्ध नेपाल, सुखी नेपाली' को लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने उल्लेख गर्नुभयो । उपाध्यक्ष डा. कँडेलले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्नका लागि सबैलाई सुरक्षित पानी र पूर्ण सरसफाइका सुविधाहरू प्रवर्धन गर्नु पर्ने कुरामा जोड दिँदै जनस्वास्थ्य र सामाजिक-आर्थिक विकास प्रवर्धनका लागि खुला दिसामुक्त अभियानको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो ।

यसैगरी कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले कर्णाली प्रदेश खुला दिसामुक्त भएको कुरा सगर्व व्यक्त गर्दै खुला दिसामुक्त अवस्था स्वास्थ्य र सभ्यताको प्रतीक भएको कुरामा प्रकाश पार्नुभयो । खुला दिसामुक्त अवस्थाको दिगोपनका लागि मुख्य रुपमा कर्णाली प्रदेशका साथै अन्य स्थानहरुमा अस्थायी चर्पीको स्तरोन्नति र खानेपानीको व्यवस्था गर्नु पर्नेतर्फ जोड दिदै उहाँले कर्णाली प्रदेशमा बसोबास गर्ने राउटेहरुका लागि उपयुक्त

चर्पीको निर्माण तर्फ विशेष ध्यान दिइएको जानकारी गराउनु भयो । मन्तव्यकै क्रममा माननीय शहरी विकास मन्त्री मोहम्मद इस्तियाक राईले मुलुकलाई खुला दिसामुक्त बनाउने कार्यमा महत्वपूर्ण कार्य गर्ने राज्यका तीनै तहको प्रशंसा गर्नुभयो । उहाँले खुला दिसामुक्त अवस्थाले 'समृद्ध नेपाल, सुखी नेपाली' को परिकल्पना साकार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो । सम्बोधनका क्रममा बोल्दै माननीय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री सुरेन्द्र यादवले देशलाई खुला दिसामुक्त अवस्थामा पुऱ्याउन योगदान गर्ने सबैलाई बधाई ज्ञापन गर्नुभयो । उहाँले खुला दिसामुक्त अवस्थाले सङ्क्रमक रोगमा कमी ल्याएर जनस्वास्थ्य प्रवर्धन गर्ने जस्तो सकारात्मक प्रभाव ल्याउने भएकाले यसको महत्व उच्च रहेको बताउनु भयो । अन्य मन्त्रालयहरूसँग खानेपानी मन्त्रालयको अन्योन्याश्रित सम्बन्ध रहेको उल्लेख गर्दै राज्यमन्त्री यादवले खानेपानी र सरसफाइको सुविधा प्रवर्धनका लागि अन्तर मन्त्रालयको ऐक्यबद्ध प्रयास आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले खुला दिसामुक्त पछिका क्रियाकलापहरू सञ्चालन गर्ने कार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोग रहने विषयमा प्रष्ट पार्नुभयो ।

### घ. विशेष सम्बोधन र घोषणा



नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गर्दै सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली

समारोहलाई विशेष सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले आजको दिनले राष्ट्रिय विकासमा नयाँ उचाई थपेको उल्लेख गर्नुभयो । उहाँले सरसफाइ क्षेत्रमा आएको परिवर्तनका कारणबाट सन् २००० मा बाल मृत्युदर करिब ७ हजार रहेकोमा यो संख्या हाल करिब १२ सय मा भन्नेको प्रसङ्ग उल्लेख गर्दै देशलाई अघि बढाउने कार्यमा सिङ्गो देश खुला दिसामुक्त घोषणाले महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो । प्रधानमन्त्रीले खुला दिसामुक्त अभियानले खुला ठाउँमा दिसापिसाब गर्ने असभ्य क्रियाकलापबाट समुदायहरूले मुक्ति पाएको तथा सरुवा रोगहरूको उपचारमा लाग्ने खर्च बचेको बताउँदै घर, गाउँ, समुदाय र समग्र राष्ट्रलाई सन् २०३० भित्रमा पूर्ण सरसफाइयुक्त बनाउने आफ्नो सपना रहेको उल्लेख गर्नु भयो ।

सम्बोधनका क्रममा उहाँले खुला दिसामुक्त अभियानमा होमिएका सम्पूर्ण सरोकारवालाहरू तथा नेपाली नागरिकलाई कार्य सफलताका लागि धन्यवाद दिँदै आफ्नै प्रयासले स्वच्छ राष्ट्र निर्माण गर्न जागरुक बन्नुपर्ने पर्ने आवश्यकता औंल्याउनु भयो । उहाँले आज देशलाई खुला दिसामुक्त बनाए झैं समृद्ध नेपाल, सुखी नेपालीको नारालाई साकार पार्न 'मानवमुक्त सडक ' र 'गरीबमुक्त देश' बनाउने जस्ता कार्यमा समेत संलग्न हुन सबैलाई अनुरोध गर्नुभयो । सम्बोधनको अन्त्यमा प्रधानमन्त्रीले नेपाल खुला दिसामुक्त राष्ट्र भएको घोषणा पत्र वाचन गर्दै सन् २०३० सम्ममा पूर्ण सरसफाइको लक्ष्य हासिल गर्ने महा अभियानमा सरीक हुन सबैलाई अनुरोध गर्नुभयो ।



### ङ. समापन मन्तव्य

कार्यक्रमको अन्त्यमा माननीय खानेपानी मन्त्री बीना मगरले देशलाई खुला दिसामुक्त राष्ट्र घोषणा गर्नका लागि आयोजना गरिएको यस ऐतिहासिक कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूको गरिमामय उपस्थिति र सारगर्भित सम्बोधनका लागि आभार व्यक्त गर्नुभयो । उहाँले खुला दिसामुक्त अभियान सञ्चालन गरी मुलुकलाई पूर्ण सरसफाइको बाटोतिर डोहोऱ्याउन निरन्तर सहयोग गर्ने सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

माननीय मन्त्रीले विनाशकारी भूकम्प, बाढी, पानीको चरम अभाव, गरीबी, भूमिहीनता, परम्परागत कुप्रथा जस्ता कैयौं व्यवधानका वावजुद राष्ट्रिय सरसफाइ सप्ताह, विद्यालय तथा समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धतिहरू, अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ मा लिइएका पहलहरू, गुरूयोजना, अन्तर क्षेत्रगत सरोकारवालाहरूको सहकार्य र सरसफाइ अभियानमा समुदायको व्यापक सहभागिता जस्ता क्रियाकलापहरूले नेपालको सरसफाइ अभियानले अभूतपूर्व सफलता प्राप्त गरेको बताउनु भयो । मन्त्रीले पूर्ण सरसफाइ गुरूयोजना निर्माणको आवश्यकता औंल्याउँदै खुला दिसामुक्त अवस्थाको दिगोपनका लागि शैक्षिक र चेतनामूलक अभियानहरू सञ्चालन गरेर सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नु पर्ने कुरामा जोड दिनुभयो । उहाँले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय लक्ष्य हासिल गर्न खुला दिसामुक्त राष्ट्र एक मजबुत आधार बनेको बताउनु भयो ।

## २.३ सिकाई र सन्देश

'खुला दिसामुक्त राष्ट्र एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपालको घोषणा समारोह' देशलाई खुला दिसामुक्त बनाउन विगत दुई दशकदेखि गरिएको अथक प्रयास सार्थक भएको क्षण थियो । सिङ्गो राष्ट्र खुला दिसामुक्त घोषणा हुनु भनेको चर्पी र स्वच्छता प्रतिको प्रतिबद्धता मात्र दर्शाउने नभई यसले हाम्रो आत्मसम्मान र आत्मविश्वासलाई पनि पुनर्जीवित गर्दछ ।

देशका प्रत्येक नागरिक स्वस्थ र समाज सभ्य हुनु सम्वृद्धि तर्फको यात्राका आधारभूत शर्तहरू हुन् । मुलुकको सम्वृद्धि कुनै निरपेक्ष कुरा होइन, व्यक्ति र समाजको सोचमा सकारात्मक परिवर्तन आउनु, आफ्नो उन्नति आफैं गर्न सकिने रहेछ भन्ने स्वावलम्बी भावना जागृत हुनु र व्यवधानहरूलाई छिचोल्न सक्ने साहस जुट्नु नै यसका लक्षणहरू हुन् । यस अर्थमा खुला दिसामुक्त राष्ट्रको घोषणाबाट हामी स्पष्ट रूपमा समृद्धितिर अघि बढेका छौं । त्यसैले यो अवसर राष्ट्रले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" परिकल्पना साकार हुने दिशामा अघि बढेको स्पष्ट संकेत हो ।

यही भावले ओतप्रोत अभियन्ता, राष्ट्रसेवक, राजनीतिज्ञ, नागरिक समाजका अगुवा तथा सर्वसाधारणको उपस्थिति रहेको 'खुला दिसामुक्त राष्ट्र एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपालको घोषणा समारोह' को रौनक भौतिक रूपमा जति भव्य थियो, भावनात्मक रूपमा त्यो भन्दा बढी उत्कृष्ट थियो । सरकार, नागरिक समाज, विकास साझेदार र नागरिकको मेहेनत परेको, अपनत्व रहेको, कुनै पनि वाद र विचारको आग्रह-पूर्वाग्रहबाट सदैव टाढा रही सञ्चालन भई लक्ष्य हासिल गरेको खुला दिसामुक्त अभियानबाट मुलुकले नयाँ कलेवर फेर्न लागेको यो समारोहलाई सहभागीहरूले औपचारिक कार्यक्रमका रूपमा मात्र नभई उत्सवका रूपमा लिइएको देखिन्थ्यो । समारोह स्थलमा सहभागीले एक अर्कामा शुभकामना र बधाई साटासाट गरिरहेका दृष्यहरूले यो स्पष्ट हुन्थ्यो ।

समारोहको पहिलो सत्रमा जिल्ला र भौगोलिक क्षेत्रको सामाजिक-सांस्कृतिक विशेषतालाई झल्काउने देश प्रेमको भावना भरिपूर्ण भएको प्रस्तुतिबाट सहभागीहरू भाव विभोर बनेका थिए । खुला दिसामुक्त अभियानको विकासक्रमलाई झल्काउने वृत्तचित्र एवं सहभागीहरूको हात हातमा पुगेको खुला दिसामुक्त यात्राको वृत्तान्त समेटिएको पुस्तिकाले अभियानको उषा कालदेखि लक्ष्य हासिल गर्दा सम्मका महत्वपूर्ण घटनाक्रमलाई सजीव तुल्याएको थियो ।

खुला दिसामुक्त अभियानका क्रममा अभियन्ताहरूले राम्रो काम गर्ने व्यक्ति तथा समुदायलाई जसरी पुरस्कृत गर्ने गर्दथे, घोषणा कार्यक्रममा राज्यले उनीहरूलाई त्यसैगरी सम्मान गरेर उनीहरूको हौसला बढाएको थियो । यस क्रममा दिवंगत अभियन्ताहरूलाई समेत मरणोपरान्त सम्मान गरेर राज्यले उनीहरू प्रति कृतज्ञता व्यक्त गऱ्यो । जुन, अभियन्ताहरूप्रति राज्यको कृतज्ञता र अभियान प्रतिको साथको द्योतक थियो । सम्माननीय प्रधानमन्त्रीज्यूले खुला दिसामुक्त अवस्थाबाट बालमृत्युदर उल्लेखनीय रूपमा घटेको चर्चा गर्दै अभियन्ताहरूलाई यस्तै जोश र जाँगरका साथ काम गरेर सन् २०३० सम्ममा पूर्ण सरसफाइको लक्ष्य हासिल गर्ने शुभकामना दिनुभएको थियो, जसबाट अभियानमा होमिएका सबै पक्षलाई अघि बढ्ने हौसला मिलेको थियो ।

यसैगरी माननीय खानेपानी मन्त्री तथा राज्यका तीनै तहका जिम्मेवार प्रतिनिधिहरूका उद्गार र प्रतिबद्धताले यस अभियानको दिगोपन हुने कुरामा विश्वास जगाएको छ । खुला दिसामुक्त राष्ट्र घोषणाबाट हामी पूर्ण सरसफाइको यात्राको आधार शिविरसम्म मात्र आइपुगेका छौं शिखर चढ्ने काम अझ बाँकी नै छ । यसैलाई हामीले लक्ष्य ठान्यौं भने अघिल्लो यात्रा थाल्न हामीलाई कठिन पर्छ । अतः यो सफलतालाई अन्तिम उपलब्धिका रूपमा नलिई अहिले जसरी नै उत्साहपूर्ण रूपले अघि बढ्ने हो भने विगतका उपलब्धिको रक्षा हुनुका साथै भविष्यको यात्रा सहज बन्नेछ ।

सम्पूर्ण विश्वमा नै अहिले कोरोना भाइरसबाट लाग्ने कोभिड-१९ रोगको महामारी व्याप्त छ । नेपालमा पनि हजारौं मानिसहरू यस महामारीको चपेटामा परेका छन् र दिनदिनै मानिसहरूको मृत्युदर पनि दिनहुँ बढ्दो छ । आशा गरौं, खुला दिसामुक्त अवस्थाको निरन्तरता र पूर्ण सरसफाइतर्फको यात्राले कोभिड-१९ र यस्तै प्रकारका अन्य सङ्क्रामक रोगहरूको जोखिम कम गर्नका लागि व्यक्तिगत, घरायसी र सामुदायिक तह एवं कार्यस्थलमा स्वस्थकर बानी व्यवहार अवलम्बन गर्न ठोस आधार तयार गर्नेछ ।

# अनुसूचिहरू

## अनुसूची-१ : खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा तयारी कार्य समूहका सदस्यहरू

| क्र.सं | नाम | पद र संस्था |
|---|---|---|
| १. | श्री सुनिल कुमार दास | महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग |
| २. | श्री मीना श्रेष्ठ | उप-महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग |
| ३ | श्री रमाकान्त दुवाडी | उप-महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग |
| ४. | श्री महेश्वर घिमिरे | सी.डी.ई, स्थानीय पूर्वाधार विकास विभाग |
| ५. | श्री गेहनाथ गौतम | उपसचिव, शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ६. | श्री टीकाप्रसाद अधिकारी | मानव संसाधन विभाग प्रमुख, ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति |
| ७. | श्री कुन्ज जोशी | वरिष्ठ जनस्वास्थ्य प्रशासक, राष्ट्रिय स्वास्थ्य, सूचना तथा सञ्चार केन्द्र |
| ८. | श्री देवेन्द्र कुमार भत्र | प्रमुख, ढल व्यवस्थापन तथा वातावरणीय सरसफाइ शाखा, खानेपानी तथा ढल व्यवस्थापन विभाग |
| ९. | डा.सुदन राज पन्थी | विश्व स्वास्थ्य संगठन |
| १०. | श्री सिद्धि श्रेष्ठ | युनिसेफ नेपाल |
| ११. | श्री मदन कुमार मल्ल | यू.एन. ह्याबिट्याट नेपाल |
| १२. | श्री नमस्तेलाल भूमि श्रेष्ठ | अनुगमन तथा कार्य समूह (म्याट टिम) सदस्य |
| १३. | श्री रतन बुढाथोकी | एस.एन.भि नेपाल |
| १४. | श्री कबिर राजभण्डारी | वाटरएड नेपाल |
| १५. | श्री राजेन्द्र अर्याल | खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल |
| १६. | श्री नवीन प्रधान | प्लान नेपाल |
| १७. | श्री सुमन गिरी | सम्पादक, इको समाचार |

## अनुसूची २ : कार्य सञ्चालन समूहका सदस्यहरू र मुख्य जिम्मेवारी

| क्र.सं. | कार्य सञ्चालन समूहहरू | बनोट | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| १ | खुला दिसामुक्त घोषणा समारोह तयारी समूह | **नेतृत्व** : श्री चन्द्र बहादुर के.सी, सहसचिव, खानेपानी मन्त्रालय<br>**फोकल पर्सन** : श्री रमाकान्त दुवाडी, उप महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>**सदस्य** : तयारी समूहका सबै सदस्यहरू | घोषणा समारोह सम्बन्धी ढाँचा चयन र सम्पूर्ण कार्यको तयारी गर्ने |
| २ | खुला दिसामुक्त घोषणा तयारी समूह | **नेतृत्व** : श्री महेश्वर घिमिरे, सी.डी.ई, स्थानीय पूर्वाधार विकास विभाग<br>**फोकल पर्सन** : श्री नमस्ते लाल भूमि श्रेष्ठ<br>**सदस्यहरू** :<br>☆ श्री देवेन्द्र कुमार भत्र<br>☆ श्री राजेन्द्र अर्याल<br>☆ श्री मुक्ति पोखरेल<br>☆ गाउँपालिका र नगरपालिका महासंघ नेपालका प्रतिनिधिहरू | खुला दिसामुक्त सम्बन्धी अवरोधको पहिचान र जिल्ला घोषणाका लागि पृष्ठपोषण र सहजीकरण गर्ने |
| ३ | अभिलेखीकरण समूह | **नेतृत्व** : श्री चन्द्र कुमार पाँ श्रेष्ठ, सी.डी.ई, खानेपानी मन्त्रालय<br>**फोकल पर्सन** : श्री कमल अधिकारी, समाजशास्त्री, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>**सदस्यहरू** :<br>☆ श्री कुन्ज जोशी<br>☆ श्री गेहनाथ गौतम<br>☆ श्री रतन बुढाथोकी<br>☆ श्री सुरेन्द्र बाबु ढकाल, युनिसेफ नेपाल<br>☆ श्री राजेश मानन्धर, यु.एन.ह्याबिट्याट नेपाल<br>☆ श्री गोविन्द बहादुर श्रेष्ठ, वाटरएड नेपाल<br>☆ श्री नमूना भूमि श्रेष्ठ, सि.आर.टि. | नेपालको सरसफाइ र खुला दिसामुक्त अभियान सम्बन्धी प्रयास र उपलब्धिहरू तथा खुला दिसामुक्त एवं पूर्ण सरसफाइतर्फ अग्रसर नेपाल घोषणा समारोह, २०७६ असोज १३ को अवसरका सामग्रीहरू समेटिएको पुस्तिका एवं नेपालको सरसफाइ सम्बन्धी वृत्त चित्र तयारी गर्ने |

| | | | |
|---|---|---|---|
| ४ | सम्मान र कदर समूह | **नेतृत्व** : श्री चोक प्रसाद धिताल, सी.डी.ई, खानेपानी मन्त्रालय | सम्मान र कदरको ढाँचा तयार गरी सम्मान गर्ने व्यक्तिहरूको पहिचान गर्ने |
| | | **फोकल पर्सन** : श्री भोजेन्द्र अर्याल, समाजशास्त्री, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>**सदस्यहरू** : स्थानीय पूर्वाधार विकास विभाग, ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, युनिसेफ नेपाल, यु.एन. ह्याबिट्याट नेपाल र एस.एन.भि नेपालका प्रतिनिधिहरू | |
| ५ | सञ्चार माध्यमसँगको साझेदारी | **नेतृत्व** : श्री देवेन्द्र कुमार भत्र, सी.डी.ई, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>**फोकल पर्सन** : श्री सुमन गिरी सम्पादक, ईकोसमाचार डट कम<br>सदस्यहरू:<br>☆ श्री मनिषा अवस्थी<br>☆ श्री पी.टि. लोप्चन<br>☆ श्री शर्मिला महर्जन<br>☆ वाटरएड नेपाल<br>☆ नेपाल पत्रकार महासंघ<br>☆ खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपालका प्रतिनिधिहरू | सञ्चारकर्मीहरूसँगको अन्तरक्रिया सञ्चालन, अन्तर्वार्ता प्रसारण, सफल कथा संकलन, काउन्ट डाउन र फोटो प्रदर्शनी गर्ने |
| ६ | स्रोत साधन परिचालन समूह | **नेतृत्व** : श्री देवेन्द्र कुमार भत्र, सी.डी.ई, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>**फोकल पर्सन** : श्री याम प्रसाद भुसाल, प्रमुख लेखा नियन्त्रक, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>**सदस्यहरू** :<br>☆ श्री मदन कुमार मल्ल<br>☆ श्री सिद्धि श्रेष्ठ | स्रोत साधन व्यवस्थापन र परिचालन गर्ने |
| ७ | सचिवालय | **नेतृत्व** : श्री देवेन्द्र कुमार भत्र, सी.डी.ई, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>**सदस्यहरू** :<br>☆ श्री कमल अधिकारी, सचिवालय समन्वय अधिकारी<br>☆ श्री भोजेन्द्र अर्याल, सचिवालय समन्वय अधिकारी<br>☆ श्री नमराज खत्री, संयोजक<br>☆ श्री विपिन पौडेल, परामर्शदाता | दैनिक कार्य सञ्चालन, सरोकारवालाहरू सँगको समन्वय र सञ्चार, कार्यक्रमको ढाँचा तयारी, कार्य समूह र कार्य सञ्चालन समूहको बैठक आयोजना र प्रतिवेदन तयारी गर्ने |

## अनुसूची–३ : जिल्लाहरूको खुला दिसामुक्त घोषणा मिति (वि.सं.)

| क्र.सं. | जिल्ला | घोषणा मिति | क्र.सं. | जिल्ला | घोषणा मिति |
|---|---|---|---|---|---|
| १ | कास्की | ०३/१०/२०६८ | २३ | लमजुङ | १०/२४/२०७१ |
| २ | चितवन | ०६/०६/२०६८ | २४ | इलाम | ११/१४/२०७१ |
| ३ | तनहुँ | ०४/०३/२०६९ | २५ | बर्दिया | ०२/२९/२०७२ |
| ४ | म्याग्दी | ०६/२३/२०६९ | २६ | दैलेख | ०३/०७/२०७२ |
| ५ | प्युठान | १२/१६/२०६९ | २७ | नवलपरासी (पूर्व) | ०३/१५/२०७२ |
| ६ | पर्वत | १२/३१/२०६९ | २८ | नवलपरासी (पश्चिम) | ०३/१५/२०७२ |
| ७ | अछाम | ०१/१२/२०७० | २९ | गुल्मी | ०३/२६/२०७२ |
| ८ | कालीकोट | ०२/२६/२०७० | ३० | रोल्पा | ०९/०९/२०७२ |
| ९ | मकवानपुर | ०४/०४/२०७० | ३१ | सुर्खेत | ०९/१४/२०७२ |
| १० | भक्तपुर | ०७/१८/२०७० | ३२ | तेह्रथुम | ०९/१६/२०७२ |
| ११ | मुस्ताङ | ०८/१४/२०७० | ३३ | बभनाङ | ०९/१६/२०७२ |
| १२ | पाँचथर | १०/१२/२०७० | ३४ | स्याङ्जा | ०९/२५/२०७२ |
| १३ | बागलुङ | १०/१६/२०७० | ३५ | उदयपुर | १०/१३/२०७२ |
| १४ | दाङ | ०२/२३/२०७१ | ३६ | जुम्ला | ११/२०/२०७२ |
| १५ | डडेलधुरा | ०२/२४/२०७१ | ३७ | खोटाङ | ०२/०७/२०७३ |
| १६ | बाजुरा | ०८/१२/२०७१ | ३८ | ताप्लेजुङ | ०२/३१/२०७३ |
| १७ | अर्घाखाँची | ०८/१३/२०७१ | ३९ | सल्यान | ०३/१७/२०७३ |
| १८ | रुकुम (पूर्व) | ०९/०७/२०७१ | ४० | बैतडी | ०३/२८/२०७३ |
| १९ | रुकुम (पश्चिम) | ०९/०७/२०७१ | ४१ | मनाङ | ०३/२७/२०७४ |
| २० | गोरखा | ०९/१६/२०७१ | ४२ | ओखलढुङ्गा | ०३/२८/२०७४ |
| २१ | जाजरकोट | ०९/१८/२०७१ | ४३ | डोटी | ०३/२८/२०७४ |
| २२ | धनकुटा | ०९/३०/२०७१ | ४४ | डोल्पा | ०७/०९/२०७४ |

| क्र.सं. | जिल्ला | घोषणा मिति |
|---|---|---|
| ४५ | हुम्ला | ०८/१८/२०७४ |
| ४६ | कञ्चनपुर | ०९/०७/२०७४ |
| ४७ | रसुवा | ०९/१६/२०७४ |
| ४८ | सिरहा | १२/०९/२०७४ |
| ४९ | सप्तरी | १२/२१/२०७४ |
| ५० | पाल्पा | १२/२४/२०७४ |
| ५१ | सिन्धुली | ०१/१३/२०७५ |
| ५२ | दार्चुला | ०१/२५/२०७५ |
| ५३ | कैलाली | ०१/३०/२०७५ |
| ५४ | ललितपुर | ०२/२७/२०७५ |
| ५५ | रामेछाप | ०२/२७/२०७५ |
| ५६ | संखुवासभा | ०२/२८/२०७५ |
| ५७ | मुगु | ०२/२८/२०७५ |
| ५८ | सुनसरी | ०३/१९/२०७५ |
| ५९ | नुवाकोट | ०३/२८/२०७५ |
| ६० | बाँके | ०३/२८/२०७५ |
| ६१ | रूपन्देही | ०९/०६/२०७५ |

| क्र.सं. | जिल्ला | घोषणा मिति |
|---|---|---|
| ६२ | झापा | ०९/१३/२०७५ |
| ६३ | रौतहट | ०९/१४/२०७५ |
| ६४ | धादिङ | १२/२४/२०७५ |
| ६५ | काभ्रेपलाञ्चोक | ०३/१३/२०७६ |
| ६६ | मोरङ | ०३/२१/२०७६ |
| ६७ | दोलखा | ०५/१२/२०७६ |
| ६८ | सिन्धुपाल्चोक | ०५/२०/२०७६ |
| ६९ | बारा | ०५/२७/२०७६ |
| ७० | पर्सा | ०५/२८/२०७६ |
| ७१ | सर्लाही | ०५/२९/२०७६ |
| ७२ | धनुषा | ०५/३०/२०७६ |
| ७३ | महोत्तरी | ०५/३०/२०७६ |
| ७४ | कपिलवस्तु | ०५/३१/२०७६ |
| ७५ | काठमाडौं | ०५/३१/२०७६ |
| ७६ | सोलुखुम्बु | ०६/०३/२०७६ |
| ७७ | भोजपुर | ०६/०४ /२०७६ |

**द्रष्टव्य** : एउटै मितिमा खुला दिसामुक्त घोषणा भएका जिल्लाहरूको नाम जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको निर्णय र पत्र अनुसार राखिएको छ।

**स्रोत** : राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, नेपाल

## अनुसूची-४ : सन्दर्भ सामग्रीहरू

### क. नेपाली भाषामा लेखिएका सन्दर्भ सामग्रीहरू :


- ☞ अन्तर्राष्ट्रिय सरसफाइ वर्ष डेस्क नेपाल, अन्तर्राष्ट्रिय सरसफाइ वर्ष सम्बन्धी नेपालको योजना, २००८
- ☞ अधिकारी कमल, नेपालमा खुला दिसामुक्त आन्दोलन-अवरोध, अवसर र अग्रगमनका आधारहरू, नेपालमा सरसफाइका आयामहरू, ईन्टीग्रेटेड डेभलपमेन्ट सोसाईटी, वि.सं. २०७१
- ☞ अधिकारी टीका प्रसाद, 'खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा जागरण कार्यक्रम' नेपाल पानी, अंक ३ (पौष-चैत्र २०७४), वर्ष १, सामुदायिक परिचालन शाखा, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७४
- ☞ अधिकारी भरत, 'सरसफाइ र खानेपानी अधिकारको अभियान : हिलोमा फूलेको कमल', नेपाल समाचारपत्र, वि.सं. २०६५ मंसिर २१
- ☞ अर्याल भोजेन्द्र, यादव लोकेन्द्र, कुशवाह राजेश र अधिकारी कमल, 'सरसफाइमा उज्यालिंदो तराई मधेश', नेपाल पानी, अंक २ (भाद्र-मार्ग २०७४), वर्ष १, सामुदायिक परिचालन शाखा, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७४
- ☞ अर्याल भोजेन्द्र र भत्र देवेन्द्र कुमार, 'नेपालमा सरसफाइको अवस्था र राष्ट्रिय सरसफाइ सप्ताह', सरसफाइ सन्देश, वर्ष ७ (संयुक्त अंक १५-१६, वैशाख २०७४-जेष्ठ २०७५), राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७५
- ☞ कार्की कवीन्द्र विक्रम, 'संघीय संरचनामा खानेपानी, सरसफाइ र स्वास्थ्य क्षेत्र विकास योजनाको औचित्य' नेपाल पानी, अंक ३ (पौष-चैत्र २०७४), वर्ष १, सामुदायिक परिचालन शाखा, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७४
- ☞ कार्की ध्रुव, 'जनताले आँटे के हुँदैन : सरसफाइ अभियानमा अछामबाट सिकिएको एउटा दूरगामी महत्व बोकेको पाठ', सरसफाइ सन्देश, (संयुक्त अंक ३-४, कार्तिक-चैत्र २०६९), वर्ष १, राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०६९
- ☞ कानुन किताव व्यवस्था समिति, नेपालको संविधान (२०७२)
- ☞ खानेपानी तथा ढल निकास विभाग, खानेपानी सुरक्षा योजना हाते पुस्तिका, २०७०
- ☞ खानेपानी तथा सरसफाइ मन्त्रालय, पूर्ण सरसफाइ मार्गदर्शन, २०७३
- ☞ घिमिरे मनोज, तराईमा सरसफाइ सम्मेलनको औचित्य र उपलब्धीहरू, खानेपानी तथा ढल निकास विभाग एक भलक, वि.सं. २०७२
- ☞ चौधरी नन्द किशोर, 'चर्पी बनाउनका लागि भोक हडताल', सरसफाइ सन्देश, वर्ष ४ (संयुक्त अंक १०-११, चैत्र २०७१-कार्तिक २०७२), राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७२
- ☞ थापा वि.वि, जेठल जिल्लाकै पहिला खुला दिसामुक्त गाविस, सरसफाइ सन्देश, (संयुक्त अंक ३-४,

कार्तिक-चैत्र २०६९), वर्ष १, राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०६९


- नेपाल सरकार, सरसफाइ गुरूयोजना, २०६८
- बुढाथोकी रतन, 'सबैका लागि दिगो सरसफाइ तथा स्वच्छ कार्यक्रम, नेपाल पानी, अंक २ (भाद्र-मार्ग २०७४), वर्ष १, सामुदायिक परिचालन शाखा, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७४
- विष्ट चन्द्रभक्त, खुला दिसामुक्त अभियानको दिगोपनाः एक भल्लक, सरसफाइ सन्देश, वर्ष ७ (संयुक्त अंक १५-१६, वैशाख २०७४-जेष्ठ २०७५), राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७५
- मानन्धर राजेश, 'घर परिवारहरू शौचालय बनाउन ढिलाई गर्नुका कारणहरू : एक सर्भेक्षणको सार, सरसफाइ सन्देश, वर्ष ४ (संयुक्त अंक १०-११, चैत्र २०७१-कार्तिक २०७२), राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७२
- मिश्र अवध किशोर, स्थानीय निकायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ, सरसफाइ सन्देश, वर्ष १ (अंक २), क्षेत्रीय खानेपानी, सरसफाइ तथा स्वच्छता स्रोत केन्द्र, मध्य पश्चिमाञ्चल क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, वि.सं. २०६८.
- राष्ट्रिय सरसफाइ समन्वय समिति, नेपाल, खुला दिसामुक्त नेपाल यात्रा वृत्तान्त, वि.सं. २०७६
- श्रेष्ठ गोविन्द बहादुर, 'खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा लगानीको अवस्था, नेपाल पानी, अंक २ (भाद्र-मार्ग २०७४), वर्ष १, सामुदायिक परिचालन शाखा, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७४
- सुवेदी रमेश, देशको खानेपानी तथा सरसफाइको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था र भावी कार्यदिशा, डिप्लोमा इन्जिनियर्स एसोसियसन, नेपाल द्वारा प्रकाशित स्मारिका प्राविधिक, वि.सं. २०७६
- सुवेदी दामोदरप्रसाद, रोल्पामा पूर्ण सरसफाइ रणनीतिक योजना तयारी : कार्यान्वयनको जरुरी, नेपाल पानी, अंक २ (भाद्र-मार्ग २०७४), वर्ष १, सामुदायिक परिचालन शाखा, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७४
- शर्मा कमलराज, खुला दिसामुक्त अभियान अवसर कि चुनौति, सरसफाइ सन्देश, वर्ष ३ (संयुक्त अंक ८-९, असोज-फागुन २०७१), राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७१
- शर्मा विनोद, 'चर्पीले जोडिदियो, छरिएका मनलाई', सरसफाइ सन्देश, वर्ष ४ (संयुक्त अंक १०-११, चैत्र २०७१-कार्तिक २०७२), राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, खानेपानी तथा ढल निकास विभाग, वि.सं. २०७२
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी मार्गदर्शन, वि.सं २०७४

### ख. अंग्रेजी भाषामा लेखिएका सन्दर्भ सामग्रीहरू :


- ☞ Adhikari Kamal, Sanitation in Nepal: Past, Present and Future, Kunti Bhoomi Memorial Trust, 2015
- ☞ Adhikari Kamal, Sector Triggering: An Approach for Enhancing Broad Based Alliance in Sanitation, A Journal of Water, Sanitation, Health and Environment, Society of Public Health Engineers Nepal (SOPHEN), 2011
- ☞ Kar Kamal and Chambers Robert, Handbook on Community-Led Total Sanitation, Plan UK and Institute of Development Studies, UK, 2008
- ☞ Khatri Namraj, Challenges in Water Supply and Sanitation in Terai Nepal and Emerging Solutions, Technical Journal of Water, Sanitation, Health and Environment, SOPHEN, 2013
- ☞ Ministry of Physical Planning and Works, Rural Water Supply and Sanitation National Policy, Strategy and Sectoral Strategic Action Plan, 2004
- ☞ Ministry of Urban Development, Urban Water Supply and Sanitation Policy, 2009.
- ☞ Ministry of Housing and Physical Planning, Nepal National Sanitation Policy and Guidelines for Planning and Implementation of Sanitation Programs, 1994.
- ☞ Mishra Nawal Kishor, Water Supply and Sanitation in Nepal, SOPHEN, 2007.
- ☞ National Management Information Project/Department of Water Supply and Sewerage (NMIP/DWSS), Report on Nationwide Coverage and Functionality Status of Water Supply and Sanitation in Nepal, 2011 and 2014.
- ☞ National Planning Commission and UNDP, Nepal Millennium Development Goal Acceleration Framework, 2012.
- ☞ Nepal Form of Environmental Journalists, Costly Neglect (A Citizens' Report on Sanitation and Child Survival), 2001.
- ☞ Panthi Sudan Raj, Adhikari Kamal, Nepal Ganga Datta, Subedi Ramesh, Rajbhandari Ritu and Shrestha Prabina, 'Sanitation Safety Planning in Nepal: A Preventive Approach in the Reuse of Waste Water and Fecal Sludge', Proceeding on International Conference on 'Water, Environment and Climate Change: Knowledge Sharing and Partnership, Kathmandu Nepal, SOPHEN, 2018.
- ☞ Poudel Bipin, Targets Achieved, Challenges Remain: Post-ODF Sustainability, A Journal of Water, Sanitation, Health and Environment, SOPHEN, 2012.

- ☞ Shrestha Roshan Raj, Implementation of ECOSAN: Challenges and Opportunities in Nepal, Ecological Sanitation (A Sustainable, Integrated Solution), Conference Document, 3rd International Ecological Sanitation Conference, 23-26 May 2005, Durban, South Africa.
- ☞ School of Planning, Monitoring, Environment and Research, Final Report on ODF Sustainability Study in Nepal, Submitted to NSHCC and UNICEF Nepal 2017.
- ☞ Steering Committee for National Sanitation Action and DWSS, Nepal State of Sanitation Report, 2000.
- ☞ UN-Habitat, Report on Sustainability of Open Defecation Free Campaign in GSF Supported Programme Districts, Nepal, 2017

# स्वास्थ्य, प्रतिष्ठा र विकासका लागि सरसफाइ





**प्रकाशक**

**राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, नेपाल**

ढल व्यवस्थापन तथा वातावरणीय सरसफाइ शाखा

खानेपानी तथा ढल व्यवस्थापन विभाग

खानेपानी मन्त्रालय

वि.सं.२०७७